# मध्यमकालीन खर्च संरचना

## आ.व. २०८१/८२ - आ.व. २०८३/८४

# Medium Term Expenditure Framework (MTEF)

## 2024/25-2026/27







**जगदुल्ला गाउँपालिका**

**गाउँ कार्यपालिको कार्यालय**

**माँझगाउँ**, डोल्पा

कर्णाली प्रदेश , नेपाल

# विषयसूची


परिच्छेद १ : परिचय ...... १
१.२ मध्यमकालीन खर्च संरचनाको अवधारणा ...... २
१.३ मध्यमकालीन खर्च संरचना तयारीको उद्देश्य ...... ३
१.४ मध्यमकालीन खर्च संरचना तर्जुमाका आधारहरु ...... ४
१.६ मध्यमकालीन खर्च संरचना तर्जुमा विधि तथा प्रक्रिया ...... ५
२.१ पृष्ठभूमि ...... ११
२.२. चुनौति तथा अवसर ...... १२
२.३ सोच, उद्देश्य तथा रणनीति ...... १३
२.४ मध्यमकालीन आर्थिक खाका ...... १५
२.५ मध्यमकालीन नतिजा खाका ...... १६
२.६ मध्यमकालीन बजेट खाका ...... १७
२.७ बजेट विनियोजन र प्रक्षेपणको बांडफाड ...... १३
२.८ विषय क्षेत्रगत बांडफाड ...... १६
परिच्छेद ३ : आर्थिक क्षेत्र ...... २१
३.१ कृषि ...... २१
३.१.१. पृष्ठभूमि ...... २१
१.१.२. समस्या तथा चुनौति ...... २१
३.१.३ लक्ष्य ...... २२
३.१.४. उद्देश्य ...... २२
३.१.५. रणनीति ...... २३
३.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ...... २३
३.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ...... २४
३.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ...... २४
३.१.९ जोखिम पक्ष तथा अनुमान ...... २५
३.२ सिंचाई ...... २५
३.२.१ पृष्ठभूमि ...... २५
३.२.२ समस्या तथा चुनौति ...... २६
३.२.३ लक्ष्य ...... २६
३.२.४ उद्देश्य ...... २६
३.२.५ रणनीति ...... २७
३.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ...... २७
३.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ...... २७
३.२.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण ...... २८
३.२.९ जोखिम पक्ष तथा अनुमान ...... २९
३.३ पशुपंक्षी ...... २९
३.३.१ पृष्ठभूमि ...... २९
३.३.२ समस्या तथा चुनौति ...... २९
३.३.३ लक्ष्य ...... ३०
३.३.३ उद्देश्य ...... ३१
३.३.५ रणनीति ...... ३१
३.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ...... ३१
३.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ...... ३२
३.३.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण ...... ३२
३.३.९ जोखिम पक्ष तथा अनुमान ...... ३३
३.४ उद्योग, व्यापार तथा व्यवसाय ...... ३३
३.४.१ पृष्ठभूमि ...... ३३
३.४.२ समस्या तथा चुनौति ...... ३४

३.४.३ लक्ष्य ........ ३५
३.४.४ उद्देश्य ........ ३५
३.४.५ रणनीति ........ ३५
३.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ३५
३.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ३६
३.४.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण ........ ३६
३.४.९ जोखिम पक्ष तथा अनुमान ........ ३७
३.५ पर्यटन तथा संस्कृति ........ ३७
३.५.१ पृष्ठभूमि ........ ३७
३.५.२ समस्या तथा चुनौति ........ ३८
३.५.३ लक्ष्य ........ ३९
३.५.४ उद्देश्य ........ ३९
३.५.५. रणनीति ........ ३९
३.५.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ३९
३.५.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ३९
३.५.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण ........ ४०
३.५.९ जोखिम पक्ष तथा अनुमान ........ ४०
३.६ भूमी व्यवस्था, सहकारी तथा वित्तीय व्यवस्थापन ........ ४१
३.६.१ पृष्ठभूमि ........ ४१
३.६.२ समस्या तथा चुनौति ........ ४१
३.६.३ लक्ष्य ........ ४२
३.६.४ उद्देश्य ........ ४२
३.६.५ रणनीति ........ ४२
३.६.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ४२
३.६.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ४३
३.६.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण ........ ४३
३.६.९ जोखिम पक्ष तथा अनुमान ........ ४४
३.७ श्रम, रोजगारी तथा गरिवी निवारण ........ ४४
३.७.१ पृष्ठभूमि ........ ४४
३.७.२ समस्या तथा चुनौति ........ ४५
३.७.३ लक्ष्य ........ ४५
३.७.४ उद्देश्य ........ ४५
३.७.५ रणनीति ........ ४५
३.७.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ४६
३.७.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ४६
३.७.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण ........ ४६
३.७.९ जोखिम पक्ष तथा अनुमान ........ ४७
परिच्छेद ४ : सामाजिक क्षेत्र ........ ४८
४.१ जनस्वास्थ्य तथा पोषण ........ ४८
४.१.१ पृष्ठभूमि ........ ४८
४.१.२ समस्या तथा चुनौति ........ ४९
४.१.३ लक्ष्य ........ ५०
४.१.४ उद्देश्य ........ ५०
४.१.५ रणनीति ........ ५०
४.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ५०
४.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ५१
४.१.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण ........ ५२
४.१.९ जोखिम पक्ष तथा अनुमान ........ ५२
४.२ शिक्षा, विज्ञान तथा प्रविधि ........ ५३
४.२.१ पृष्ठभूमि ........ ५३

४.२.२ समस्या तथा चुनौति ......53
४.२.३ लक्ष्य ......५४
४.२.४ उद्देश्य ......५४
४.२.५ रणनीति ......५४
४.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ......५५
४.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ......५५
४.२.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण ......५६
४.२.९ जोखिम पक्ष तथा अनुमान ......५७
४.३ खानेपानी तथा सरसरफाई ......५७
४.३.१ पृष्ठभूमि ......५७
४.३.२ समस्या तथा चूनौति ......५८
४.३.३ लक्ष्य ......५८
४.३.४ उद्देश्य ......५८
४.३.५ रणनीति ......५८
४.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ......५८
४.३.७. विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ......५९
४.३.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण ......५९
४.३.९ जोखिम पक्ष तथा अनुमान ......६०
४.४ महिला, बालबालिका तथा सामाजिक समावेशीकरण ......६०
४.४.१. पृष्ठभूमि ......६०
४.४.२ समस्या तथा चूनौति ......६१
४.४.३ लक्ष्य ......६२
४.४.४ उद्देश्य ......६२
४.४.५ रणनीति ......६२
४.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ......६२
४.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ......६३
४.४.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण ......६४
४.४.९ जोखिम पक्ष तथा अनुमान ......६५
४.५ युवा, खेलकुद तथा नवप्रवर्तन ......६५
४.५.१ पृष्ठभूमि ......६५
४.५.२ समस्या तथा चुनौति ......६६
४.५.३ लक्ष्य ......६६
४.५.४ उद्देश्य ......६६
४.५.५ रणनीति ......६६
४.५.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ......६६
४.५.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ......६७
४.५.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण ......६७
४.५.९ जोखिम पक्ष तथा अनुमान ......६८
४.६ सामाजिक सुरक्षा तथा पंजीकरण ......६८
४.६.१ पृष्ठभूमि ......६८
४.६.२ समस्या तथा चुनौति ......६८
४.६.३ लक्ष्य ......६८
४.६.४ उद्देश्य ......६९
४.६.५ रणनीति ......६९
४.६.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ......६९
४.६.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ......६९
४.६.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण ......७०
४.६.९ जोखिम पक्ष तथा अनुमान ......७०
परिच्छेद ५: पूर्वाधार क्षेत्र ......७१
५.१ भवन, आवास तथा वस्ती विकास ......७१

५.१.१ पृष्ठभूमि ....................................................................................................................................................................................................७१
५.१.२. समस्या तथा चुनौति........................................................................................................................................................................................७२
५.१.३ लक्ष्य ....................................................................................................................................................................................................७२
५.१.४ उद्देश्य ....................................................................................................................................................................................................७२
५.१.५ रणनीति ....................................................................................................................................................................................................७२
५.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य....................................................................................................................................................................७३
५.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान.........................................................................................................................................................७३
५.१.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण...................................................................................................................................................................७३
५.१.९ जोखिम पक्ष तथा अनुमान..........................................................................................................................................................................७४
५.२ सडक, पुल तथा यातायात...........................................................................................................................................................................७४
५.२.१ पृष्ठभूमि ....................................................................................................................................................................................................७४
५.२.२ समस्या तथा चूनौति........................................................................................................................................................................................७५
५.२.३ लक्ष्य ....................................................................................................................................................................................................७५
५.२.४ उद्देश्य ....................................................................................................................................................................................................७५
५.२.५ रणनीति ....................................................................................................................................................................................................७६
५.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य....................................................................................................................................................................७६
५.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान.........................................................................................................................................................७६
५.२.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण...................................................................................................................................................................७७
५.२.९ जोखिम पक्ष तथा अनुमान..........................................................................................................................................................................७७
५.३ जलस्रोत, विद्युत तथा स्वच्छ उर्जा...................................................................................................................................................................७८
५.३.१. पृष्ठभूमि ....................................................................................................................................................................................................७८
५.३.२ समस्या तथा चुनौति........................................................................................................................................................................................७८
५.३.३. लक्ष्य ....................................................................................................................................................................................................७९
५.३.४ उद्देश्य ....................................................................................................................................................................................................७९
५.३.५ रणनीति ....................................................................................................................................................................................................७९
५.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य....................................................................................................................................................................७९
५.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान.........................................................................................................................................................७९
५.३.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण...................................................................................................................................................................८०
५.३.९ जोखिम पक्ष तथा अनुमान..........................................................................................................................................................................८०
५.४ सूचना तथा संचार प्रविधि...........................................................................................................................................................................८१
५.४.१ पृष्ठभूमि ....................................................................................................................................................................................................८१
५.४.२ समस्या तथा चुनौती........................................................................................................................................................................................८१
५.४.३ लक्ष्य ....................................................................................................................................................................................................८२
५.४.४ उद्देश्य ....................................................................................................................................................................................................८२
५.४.५ रणनीति ....................................................................................................................................................................................................८२
५.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य....................................................................................................................................................................८२
५.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान.........................................................................................................................................................८३
५.४.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण...................................................................................................................................................................८३
५.४.९ जोखिम पक्ष तथा पूर्वानुमान..........................................................................................................................................................................८४
परिच्छेद ६ : वातावरण तथा विपद व्यवस्थापन...........................................................................................................................................................८५
६.१ वन, भूसंरक्षण तथा जैविक विविधता...........................................................................................................................................................८५
६.१.१ पृष्ठभूमि ....................................................................................................................................................................................................८५
६.१.२ समस्या तथा चुनौति........................................................................................................................................................................................८६
६.१.३ लक्ष्य ....................................................................................................................................................................................................८६
६.१.४ उद्देश्य ....................................................................................................................................................................................................८६
६.१.५ रणनीति ....................................................................................................................................................................................................८७
६.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य....................................................................................................................................................................८७
६.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान.........................................................................................................................................................८७
६.१.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण...................................................................................................................................................................८८
६.१.९ जोखिम पक्ष तथा पूर्वानुमान..........................................................................................................................................................................८८

६.२  वातावरण तथा फोहोरमैला व्यवस्थापन ........ ८९
६.२.१  पृष्ठभूमि ........ ८९
६.२.२  समस्या तथा चुनौति ........ ८९
६.२.३  सोच ........ ९०
६.२.४  उद्देश्य ........ ९०
६.२.५  रणनीति ........ ९०
६.२.६  नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ९०
६.२.७  विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ९१
६.२.८  कार्यक्रम आयोजनाको संक्षिप्त विवरण ........ ९१
६.२.९  जोखिम पक्ष तथा पूर्वानुमान ........ ९२
६.३  विपद जोखिम व्यवस्थापन र जलवायु परिवर्तन अनुकुलन ........ ९२
६.३.१  पृष्ठभूमि ........ ९२
६.३.२  समस्या तथा चुनौति ........ ९२
६.३.३  लक्ष्य ........ ९३
६.३.४  उद्देश्य ........ ९३
६.३.५  रणनीति ........ ९४
६.३.६  नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ९४
६.३.७  विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ९५
६.३.८  कार्यक्रम आयोजनाको संक्षिप्त विवरण ........ ९५
६.३.९  जोखिम पक्ष तथा अनुमान ........ ९६
परिच्छेद ७ : संस्थागत विकास तथा सुशासन क्षेत्र ........ ९७
७.१  नीति, कानून, न्याय तथा सुशासन ........ ९७
७.१.१  पृष्ठभूमि ........ ९७
७.१.२  समस्या तथा चुनौति ........ ९७
७.१.३  लक्ष्य ........ ९८
७.१.४  उद्देश्य ........ ९८
७.१.५  रणनीति ........ ९८
७.१.६  नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ९८
७.१.७  विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ९९
७.१.८  कार्यक्रम आयोजनाको संक्षिप्त विवरण ........ ९९
७.१.९  जोखिम पक्ष तथा पूर्वानुमान ........ १००
७.२  संगठन तथा क्षमता विकास, जनशक्ति व्यवस्थापन र सेवा प्रवाह ........ १००
७.२.१  पृष्ठभूमि ........ १००
७.२.२  समस्या तथा चुनौति ........ १०१
७.२.३  लक्ष्य ........ १०२
७.२.४  उद्देश्य ........ १०२
७.२.५  रणनीति ........ १०२
७.२.६  नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ १०२
७.२.७  विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ १०३
७.२.८  कार्यक्रम आयोजनाको संक्षिप्त विवरण ........ १०४
७.२.९ जोखिम पक्ष तथा पूर्वानुमान ........ १०४
७.३ राजस्व तथा स्रोत परिचालन ........ १०४
७.३.१  पृष्ठभूमि ........ १०४
७.३.२  समस्या तथा चुनौति ........ १०५
७.३.३  लक्ष्य ........ १०५
७.३.४  उद्देश्य ........ १०५
७.३.५  रणनीति ........ १०५
७.३.६  नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ १०५
७.३.७  विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ १०६
७.३.८  कार्यक्रम आयोजनाको संक्षिप्त विवरण ........ १०७

७.३.९ जोखिम पक्ष तथा पूर्वानूमान ..... १०७
७.४ तथ्यांक प्रणाली र योजना तथा विकास व्यवस्थापन ..... १०७
७.४.१ पृष्ठभूमि ..... १०७
७.४.२ समस्या तथा चुनौति ..... १०८
७.४.३ लक्ष्य ..... १०८
७.४.४ उद्देश्य ..... १०८
७.४.५ रणनीति ..... १०९
७.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ..... १०९
७.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ..... १०९
७.४.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण ..... ११०
७.४.९ जोखिम पक्ष तथा पूर्वानूमान ..... ११०
अनुसूची १: मध्यमकालीन खर्च संरचना तर्जुमा सम्बन्धी कार्यदल ..... भ्चचयचज्ञ द्ययमफबचप लयत मभाष्लभम.

# तालिका सूची

तालिका १ *मध्यमकालीन खर्च संरचना तयारी कार्यतालिका तथा जिम्मेवारी* ..... ४
तालिका २ *मध्यमकालीन खर्च संरचना तयारी कार्यतालिका तथा जिम्मेवारी* ..... ९
तालिका ३ *मध्यमकालीन समष्टिगत आर्थिक मध्यमकालीन लक्ष्य* (प्रचलित मूल्यमा) ..... १५
तालिका ४ *प्रमुख विषय क्षेत्रगत सूचक तथा मध्यमकालीन लक्ष्य* ..... १६
तालिका ५ *त्रिवर्षीय बजेट विनियोजन र प्रक्षेपण* ..... ११
तालिका ६ *रणनीतिक स्तम्भको आधारमा आगामी तीन वर्षको अनुमान र प्रक्षेपण* ..... १३
तालिका ७ *प्राथमिकता क्रमको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण* ..... १४
तालिका ८ *दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण* ..... १४
तालिका ९ *लैंगिक उत्तरदायी बजेटको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण* ..... १५
तालिका १० *जलवायु संकेतको बजेटको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण* ..... १६
तालिका ११ *आगामी तीन आ.व.को विषय क्षेत्रगत खर्चको बाडफाडको प्रक्षेपण* ..... १७

# परिच्छेद १ : परिचय

## १.१ पृष्ठभूमि

नेपाल संघीयतामा प्रवेश गरे पश्चात नेपालको शासकीय स्वरूप पनि परिवर्तन भएको छ । नेपालको राज्य व्यवस्था तीन तहबाट सञ्चालन हुने गरी संविधानमा नै व्यवस्था गरिएको छ। जसमा केन्द्र, प्रदेश र स्थानीय तह रहेका छन । नेपालको संविधान २०७२ ले स्थानीय तहलाई स्वायत्त रुपमा कार्य गर्ने अधिकार प्रदान गरेको छ । सोही अधिकार अनुसार स्थानीय तहले आफै आफ्नो आम्दानी बढाउन र खर्च गर्न सक्दछ । स्थानीय सरकारको संचालनलाई उपलब्धीमूलक र परिणाममुखी बनाउनका लागि सार्वजनिक खर्च व्यवस्थापनको भुमिका महत्वपूर्ण हुन्छ । स्थानीय तहको संचालन र आफ्नो क्षेत्रको विकास सम्वन्धी निर्धारित नतिजा हासिल गर्न सार्वजनिक खर्च परिचालनलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नु आवश्यक हुन्छ । स्थानीय तहमा सार्वजनिक बजेट तर्जुमा र खर्चबीचको तादम्यता मिलाई निर्धारित लक्ष्य अनुसारको नतिजा प्राप्तिको लागि सार्वजनिक वित्त व्यवस्थापन गर्नु अपरिहार्य हुन जान्छ । नेपाल सरकारले लिएको दिगो विकास लक्ष्य र गाउँपालिकाले तर्जुमा गरेको आवधिक योजनामा लिइएका समष्टिगत तथा विषयगत लक्ष्य र उद्देश्य हासिल गर्न सार्वजनिक वित्त व्यवस्थापनको महत्वपूर्ण भूमिका हुन्छ । सार्वजनिक खर्चलाई प्रभावकारी बनाउनको लागि बजेट विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र वित्तीय सुशासन जस्ता विषयहरूमा विशेष ध्यान पुऱ्याउन जरुरी हुन जान्छ । मध्ममकालीन खर्च संरचनाले आवधिक योजना र वार्षिक बजेट तथा कार्यक्रमबीच अन्तरसम्बन्ध कायम गरी सार्वजनिक वित्त व्यवस्थापनलाई प्रभावकारी बनाउन सहयोग पुऱ्याएको हुन्छ भने स्रोत व्यवस्थापन र अपेक्षित नतिजाको खाका समेत प्रस्तुत गर्दछ । जसबाट सार्वजनिक खर्चमा प्रभावकारीता आउनुको साथै गाउँपालिकाको विकासमा पनि उल्लेख्य सुधार हुन जान्छ । अर्कोतिर खर्चमा प्रभावकारिताका कारण आम्दानी बढाउन समेत सहयोगी हुन जान्छ ।

गाउँपालिका क्षेत्रको विकासका लागि गाउँपालिकासँग सिमित साधन र स्रोत उपलब्ध हुन्छ भने विकास गर्नु पर्ने क्षेत्र धेरै नै हुन्छन । तसर्थ न्यायोचित विकासका लागि गाउँपालिकाले प्राथमिकताका क्षेत्रहरू पहिचान गरी सोही अनुसार कार्य गर्दै जानु वान्छनीय हुन्छ । गाउँपालिकाको प्राथमिकताका आधारमा सार्वजनिक स्रोतको बाँडफाँट गरी खर्चको प्रभावकारिता बढाइ निर्धारित लक्ष्य हासिल गर्नु नै मध्यमकालीन खर्च संरचनाको मुख्य उद्देश्य हो । मध्यमकालीन खर्च संरचनाले विकास योजनाको लक्षित नतिजा हासिल गर्नको निमित्त उपलब्ध स्रोत साधनको प्रभावकारी विनियोजन र परिचालन, पारदर्शी र मितव्ययी खर्च प्रणाली, वित्तीय सुशासन जस्ता पक्षमा सुधार ल्याउन महत्वपूर्ण भूमिका निर्वाह गर्दछ ।

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ ले संघ, प्रदेश र स्थानीय तहले मध्यमकालीन खर्च संरचना तयार गरी कार्यान्वयन गर्न अनिवार्य गरेको छ। साथै स्थानीय तह संस्थागत स्वमूल्यांकन कार्यविधि २०७७ को बार्षिक बजेट तथा योजना व्यवस्थापन विषयक्षेत्रमा मध्यमकालीन खर्च संरचनामा अंकभार राखिएको छ। यसै सन्दर्भमा यस गाउँपालिकाको कार्यपालिका, विषयगत समिति, कार्यदल र विषयगत शाखासँग राय परामर्श गरी गाउँपालिकामा उपलब्ध अन्य सूचना र चालु आर्थिक वर्षको नीति तथा बार्षिक कार्यक्रमलाई आधार मानी पहिलो पटक यस गाउँपालिकाको मध्यमकालीन खर्च संरचना (२०८१/८२-२०८३/८४) तयार गरिएको छ।

## १.२ मध्यमकालीन खर्च संरचनाको अवधारणा

नेपालको संविधान अनुसार देश संघीय गणतन्त्रमा गए पश्चात लागु भएको संघीय व्यवस्था अनुसार जनताका लागि सबैभन्दा नजिकको सरकारको रुपमा गाउँपालिका वा नगरपालिका रहेकोले स्थानीय विकासको सन्दर्भमा गाउँपालिका वा नगरपालिकाको दायरा फराकिलो भएको छ। स्थानीय तहले आफै नीति बनाई राजश्व संकलन गर्न सक्ने भै स्थानीय तहहरूको आयको स्रोत बढेसँगै सार्वजनिक खर्चको क्षेत्र पनि बढेको छ। तसर्थ स्थानीय तह वा गाउँपालिकाको सार्वजनिक वित्त व्यवस्थापनका लागि एक औजारको रूपमा मध्यमकालीन खर्च संरचना बनाई लागू गर्न जरुरी छ। स्थानीय सरकारसँग उपलब्ध सीमित स्रोत-साधनको वस्तुनिष्ठ आकलन गर्ने र योजनाको प्राथमिकताको क्षेत्रमा मध्यम अवधिको लागि बाँडफाँट प्रक्रियालाई मध्यमकालीन खर्च संरचनाले सहयोग गर्दछ। यस संरचनामा मुख्यतः समष्टिगत आर्थिक खाका, नतिजा खाका र बजेट खाका गरी तीन वटा अवयवहरू समावेश गरिएको हुन्छ।

गाँउपालिकाको चालु आवधिक योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट तथा कार्यक्रमको उपलब्धिको आधारमा उत्पादन, रोजगारी, आय र लगानी लगायतका परिसूचक समावेश गरी मध्यमकालीन आर्थिक खाका (Medium Term Fiscal Framework - MTFF) निर्धारण गरिन्छ। स्थानीय तहलाई संघ तथा प्रदेशबाट प्राप्त हुने अनुदान, आन्तरिक आय, आन्तरिक ऋण तथा अन्य स्रोत समेत आकलन गरी क्षेत्रगत प्राथमिकता अनुरूप विषयगत शाखा र अन्तर्गतका निकायहरूसँग सम्बन्धित नीति तथा कार्यक्रम कार्यान्वयन गर्न कार्यक्रम तथा आयोजनागत रूपमा खर्चको अनुमान सहितको मध्यमकालीन बजेट खाका (Medium Term Budgetary Framework - MTBF) तयार गरिन्छ। यो खाका तयार गर्दा बजेटको कार्यान्वयनबाट तीन वर्षमा प्राप्त हुने प्रतिफलको पनि अनुमान गरी मध्यमकालीन नतिजा खाका (Medium Term Result Framework – MTRF) तयार गरिन्छ।

स्थानीय तह वा गाँउपालिकाको मध्यमकालीन खर्च संरचनामा पहिलो आर्थिक वर्षमा बजेटको वास्तविक स्रोत र खर्चको अनुमान हुन्छ भने त्यसपछिका दुई आर्थिक वर्षका लागि स्रोत र खर्चको प्रक्षेपण गरिन्छ। पहिलो वर्षको बजेट कार्यान्वयन भएपछि उपलब्धि समीक्षा गरी बाँकी दुई वर्षको प्रक्षेपित अनुमान परिमार्जन एवम् थप एक वर्षको बजेट प्रक्षेपण गरिन्छ। यसरी मध्यमकालीन खर्च संरचनामा चक्रीय हिसाबले प्रत्येक वर्ष तीन वर्षको बजेटको आकलन गर्नुपर्ने हुन्छ। यस प्रकार मध्यमकालीन खर्च संरचनाले बजेट तर्जुमा प्रक्रियालाई बढी यथार्थपरक र वस्तुनिष्ठ बनाउन महत्वपूर्ण भूमिका खेल्दछ। जसको कारण स्थानीय जनसमुदायहरूको विकासको चाहना पूरा गरी विकसित गाँउपालिका निर्माण तर्फ अग्रसर हुन सहयोगी हुन्छ।

## १.३ मध्यमकालीन खर्च संरचना तयारीको उद्देश्य

समुदायको विकास प्रतिको चासोलाई पुरा गर्ने पहिलो प्रयासको रुपमा यस गाउँपालिकाले मध्यमकालीन खर्च संरचना तयार गरेको छ। यस मध्यमकालीन खर्च संरचनाबाट गाउँपालिकाको समग्र विकास गर्नका लागि प्राथमिकता प्राप्त कार्यक्रमहरूको निरन्तरता र लगानी तथा कार्यान्वयनको सुनिश्चितताको माध्यमद्वारा दिगो विकास हासिल हुने अपेक्षा गरिएको छ। यस खर्च संरचनाले गाउँपालिकाले निश्चित गरेको सोच **'कृषि, रोजगार, शिक्षा, स्वास्थ्य, पर्यटन र पूर्वाधार : जगदुल्ला गाँउपालिकाको दिगो विकासको आधार'** र प्रदेश सरकारले लिएको दीर्घकालिन सोच **'समृद्ध कर्णाली, सुखारी कर्णालीबासी'** तथा राष्ट्रिय लक्ष्य र दिगो विकासका लक्ष्य प्राप्तिमा योगदान पुऱ्याउने विश्वास लिइएको छ। यस मध्यमकालीन खर्च संरचनालाई सरल र यथार्थपरक बनाउन विषय क्षेत्रगत उपलब्धिका आधारमा मध्यमकालीन लक्ष्य निर्धारण गरी सोही बमोजिम स्रोत तथा खर्चको अनुमान तथा प्रक्षेपण गरिएको छ। यसबाट गाउँपालिकालाई आगामी आर्थिक वर्षहरूको बजेट तर्जुमा प्रक्रियालाई बढी यथार्थपरक र वस्तुनिष्ठ बनाउन सहयोगी हुने अपेक्षा गरिएको छ। गाउँपालिकाले आफ्नो आवधिक योजना तर्जुमा गरेको अवस्थामा गाउँपालिकाले आवधिक योजनाको यस अवधिमा तयार गरेका नीति तथा कार्यक्रम र बजेट तथा खर्चहरूलाई आधार मानी यस मध्यमकालीन खर्च संरचना तयार गरिएको छ।

उपलब्ध स्रोत साधनलाई नीति र वार्षिक बजेट तथा कार्यक्रमबीच तालमेल गराई सार्वजनिक खर्च प्रणालीमा सुधार ल्याई वित्तीय अनुशासन कायम गर्नु मध्यमकालीन खर्च संरचनाको मुख्य उद्देश्य हो। यसका अतिरिक्त मध्यमकालीन खर्च संरचनाको तयारीबाट देहाय अनुसारको उद्देश्य हासिल हुने अपेक्षा गरिएको छ :

(क) नीति र वार्षिक बजेट तथा कार्यक्रमबीच तादाम्यता कायम गरी स्रोत-साधनको विनियोजनलाई उपलब्धिमुलक बनाउनु,

(ख) आयोजना तथा कार्यक्रमको प्राथमिकीकरण गरी प्राथमिकता प्राप्त आयोजना तथा कार्यक्रमको लागि स्रोतको सुनिश्चितता गर्नु,

(ग) गाउँपालिकामा उपलब्ध हुने मध्यम अवधिको आन्तरिक र बाह्य स्रोतको वास्तविक अनुमान गरी बजेट तर्जुमालाई ययार्थपरक बनाउनु, र

(घ) सार्वजनिक खर्चलाई बढी प्रभावकारी र कुशल बनाई लक्षित प्रतिफल सुनिश्चित गर्नु ।

## १.४ मध्यमकालीन खर्च संरचना तर्जुमाका आधारहरु

गाउँपालिकाको सार्वजनिक खर्च संरचना तर्जुमा गर्दा संविधानले व्यवस्था गरेका प्रावधानहरू एवं स्थानीय तहको अधिकार क्षेत्रभित्रका आर्थिक, सामाजिक, वातावरणीय तथा राजनीतिक पक्षसँग सम्बन्धित विभिन्न नीति, ऐन, नियमको कार्यान्वयन तथा विभिन्न तहगत योजना र दिगो विकासको लक्ष्य हासिल गर्ने पक्षलाई ध्यान दिनु आवश्यक छ । सो बमोजिम यस मध्ममकालीन खर्च संरचना तयार गर्दा देहायमा उल्लेखित पक्षहरूलाई आधार लिइएको छ :

- नेपालको संविधान
- दिगो विकासका लक्ष्यको अवस्था र मार्गचित्र (२०१५-२०३०)
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- राष्ट्रिय दीर्घकालिन सोच, २१०० तथा पन्ध्रौं राष्ट्रिय योजना (२०७६/७७-२०८१/८२)
- कर्णाली प्रदेशको प्रथम पञ्चवर्षिय योजना (२०७६/७७-२०८०/८१)
- कर्णाली प्रदेशको मध्यमकालीन खर्च संरचना (२०८०/८१-२०८२/८३)
- गाउँपालिकाका अन्य विषय क्षेत्रगत नीति र योजनाहरू

मध्यमकालीन खर्च संरचनालाई वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा प्रक्रियासँगै आवद्ध गरी चरणबद्ध रूपमा तर्जुमा गर्ने व्यवस्था गरिएको छ । मध्यमकालीन खर्च संरचना तर्जुमा गर्दा देहाय बमोजिमको कार्यतालिका र कार्य जिम्मेवारी अनुसार कार्य गरिएको थियो ।

**तालिका १ *मध्यमकालीन खर्च संरचना तयारी कार्यतालिका तथा जिम्मेवारी***

| क्र सं. | क्रियाकलापहरू | जिम्मेवारी |
|---|---|---|
| १ | कार्यपालिकाका सदस्य र विषयगत महाशाखा/शाखा प्रमुखलाई अभिमुखीकरण | कार्यदल |

| क सं. | क्रियाकलापहरू | जिम्मेवारी |
|---|---|---|
| २ | चालु आवधिक योजना र वार्षिक विकास कार्यक्रमको समीक्षा | कार्यपालिका |
| ३ | त्रिवर्षीय खर्चको प्रक्षेपणसहित बजेटको आकार र स्रोत आकलन | स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति |
| ४ | बजेट सीमा निर्धारण तथा स्रोत बाँडफाँट | स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति |
| ५ | बजेट सीमा र मार्गदर्शन स्वीकृति तथा सम्प्रेषण | प्रमुख प्रशासकीय अधिकृत |
| ६ | विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको प्रारम्भिक मस्यौदा तयारी | विषयगत महाशाखा/शाखा र वडा कार्यालय |
| ७ | विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचना विषयगत समितिमा छलफल | कार्यदल/विषयगत समिति |
| ८ | मध्यमकालीन खर्च संरचनाको अन्तिम मस्यौदा तयारी | बजेट तथा कार्यक्रम तर्जुमा समिति |
| ९ | मध्यमकालीन खर्च संरचनालाई कार्यपालिकाबाट स्वीकृत गरी सभामा पेश | कार्यपालिका |
| १० | मध्यमकालीन खर्च संरचना र बजेट SuTRA मा प्रविष्टि | आर्थिक विकास/योजना महाशाखा/शाखा |

## १.६ मध्यमकालीन खर्च संरचना तर्जुमा विधि तथा प्रक्रिया

नेपाल सरकारको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट जारी स्थानीय तहको मध्यमकालीन खर्च संरचना दिग्दर्शन, २०७८ (परिमार्जित) मा समाविष्ट मध्यमकालीन खर्च संरचना तयारी सम्बन्धी अवधारणा, मार्गदर्शन तथा औजारहरू यस मध्यमकालीन खर्च संरचना देहाय बमोजिमको चरण तथा प्रक्रिया अवलम्बन तर्जुमा गरिएको छ :

**चरण - १: तयारी चरण**

*प्रक्रिया १: प्राविधिक सहयोगका लागि छलफल*

यस गाउँपालिकाको आगामी तीन आर्थिक वर्षको लागि मध्यमकालीन खर्च संरचना तर्जुमा गर्ने कार्यको लागि परामर्शदाता संस्थालाई परिचालन गरियो। यसै क्रममा गाँउपालिका तथा परामर्शदाता संस्था विच

भएको सहमती अनुसार मध्यमकालीन खर्च संरचना तयारीको समय सीमा, सम्पन्न गर्नुपर्ने कार्य र परामर्श सेवा प्रदान गर्ने संस्थाको जिम्मेवारी स्पष्ट गरियो । यस कार्यका लागि परामर्शदाता संस्थाका विज्ञहरूद्वारा विभिन्न चरणमा गाउँपालिकाका पदाधिकारीहरूसँग बसी तथ्यांक संकलन र छलफल गरियो ।

*प्रक्रिया २: नीति, कानूनी दस्तावेज, दिग्दर्शन एवं अन्य उपयोगी सन्दर्भ सामग्री संकलन तथा समीक्षा*

यस गाउँपालिकाको मार्गनिर्देशन अनुसार परामर्शदाताद्वारा स्थानीय तहको योजना, स्रोत प्रक्षेपण र सार्वजनिक वित्त व्यवस्थापनसँग सम्बन्धित नीति, कानून, दिग्दर्शन र कार्यविधि लगायतका सान्दर्भिक दस्तावेज संकलन एवं अध्ययन गरियो । दस्तावेजहरूको अध्ययनबाट मध्यमकालीन खर्च संरचना तयारीका सन्दर्भमा व्यवस्था गरिएका महत्वपूर्ण तथा सान्दर्भिक व्यवस्था पहिचान तथा विश्लेषण गरियो । मध्यमकालीन खर्च संरचना तयारीका सन्दर्भमा अध्ययन एवं समीक्षा गरिएका प्रमुख सन्दर्भ सामग्री देहायबमोजिम रहेका छन्:

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा नियमावली, २०७७
- अन्तर-सरकारी वित्तीय हस्तान्तरण कार्यविधि
- नेपाल सरकारको क्षेत्रगत नीति, कानून, मार्गदर्शन र मापदण्ड
- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ (परिमार्जित)
- नेपाल सरकारको दीर्घकालीन सोच, पन्ध्रौं राष्ट्रिय योजना,
- कर्णाली प्रदेशको पञ्चवर्षिय योजना
- संघ तथा प्रदेशको सान्दर्भिक नीति, कानून तथा प्रतिवेदन
- गाउँपालिकाका सान्दर्भिक नीति, कानून तथा प्रतिवेदन ।

*प्रक्रिया ३: मध्यमकालीन खर्च संरचनाको ढाँचा, औजार र कार्ययोजना तर्जुमा*

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट जारी स्थानीय तहको मध्यमकालीन खर्च संरचना दिग्दर्शन, २०७८ (परिमार्जित) मा स्थानीय तहको मध्यमकालीन खर्च संरचना तयारी सम्बन्धी उल्लेखित विधि, औजार एवं कार्ययोजना सम्बन्धमा तयारी बैठकको आयोजना गरी छलफल गरियो । छलफलका आधारमा मध्यमकालीन खर्च संरचना तयारी विधि तथा प्रक्रिया औजार र दस्तावेजको ढाँचाको प्रस्ताव

तयार गरियो । साथै, बैठकमा आएका सुझाब तथा पृष्ठपोषणका आधारमा मध्यमकालीन खर्च संरचना तयारी कार्ययोजना तर्जुमा र परिमार्जन गरियो ।

**चरण - २: लेखाजोखा चरण**

*प्रक्रिया ४ : अभिमुखीकरण तथा प्रारम्भिक छलफल*

गाँउपालिकाले मध्यमकालीन खर्च संरचना तयार गर्नुको उद्देश्य, मध्यमकालीन खर्च संरचनाको अवधारणा, प्रक्रिया, ढाँचा, औजार र संस्थागत व्यवस्थाको सम्बन्धमा सरोकारवालासँग छलफल गरी साझा बुझाई कायम गर्ने अभिप्रायले अभिमुखीकरण तथा प्रारम्भिक छलफल गरियो । उक्त छलफल कार्यक्रममा स्थानीय सरकारका निर्वाचित जनप्रतिनिधि र कर्मचारीहरूको सहभागिता रहेको थियो । छलफलको क्रममा मध्यमकालीन खर्च संरचनाको अवधारणा, विधि तथा प्रक्रिया औजार, संस्थागत व्यवस्था र कार्ययोजना प्रस्तुति गरी यस सम्बन्धमा स्पष्टता तथा बुझाईमा एकरुपता कायम गरियो । यस गाउँपालिकाको सभाहलमा संचालित कार्यक्रमबाट मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यदल गठन तथा कार्य योजनाको स्वीकृति र यस सम्बन्धमा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, विषयगत समिति, कार्यदल र विषयगत शाखाको जिम्मेवारी तथा भूमिका समेत स्पष्ट गरियो । कार्यदलको विवरण **अनुसूची १** मा प्रस्तुत छ ।

*प्रक्रिया ५ : श्रोत तथा खर्चको अनुमान र त्रिवर्षिय प्रक्षेपण*

अन्तर-सरकारी वित्तीय हस्तान्तरण, राजश्व बाँडफाँड, लगायतका विभिन्न श्रोतबाट विगत आर्थिक वर्षहरूको श्रोतको उपलब्धताका आधारमा आगामी तीन आर्थिक वर्षको श्रोतको अनुमान तथा प्रक्षेपण गरियो । विगत आर्थिक वर्षहरूको खर्च सहित चालु तथा बहुवर्षीय आयोजना र आवधिक, विषयगत क्षेत्र रणनीति अनुसारका प्राथमिकता प्राप्त आयोजनाको कार्यान्वयनमा आवश्यक पर्ने श्रोतलाई मध्यनजर गरी खर्चको अनुमान तथा प्रक्षेपण गरियो । श्रोत तथा खर्च प्रक्षेपणका आधारमा तीन वर्षको बजेट सीमा निर्धारण गरियो । यसरी निर्धारण तयार बजेट सीमालाई सबै विषयगत शाखामा क्षेत्रगत मध्यमकालीन खर्च संरचना तयारीका लागि उपलब्ध गराईयो ।

**चरण - ३: तयारी चरण**

*प्रक्रिया ६ : क्षेत्रगत योजना तर्जुमा*

क्षेत्रगत योजना तर्जुमा अन्तर्गत विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचना तयारीका लागि विषयगत शाखासँग छलफल गरियो । विषयगत शाखाका कर्मचारी तथा विषयगत समितिका पदाधिकारीहरूको

सहभागिता रहेको छलफलबाट प्रत्येक उप-क्षेत्रका आगामी तीन वर्ष सञ्चालन गरिने आयोजना तथा कार्यक्रमको पहिचान गर्ने, प्राथमिकता निर्धारण गर्ने, लागत अनुमान यकिन गर्ने र आगामी तीन आर्थिक वर्षको लागि स्रोत आवश्यकता निर्धारण गर्ने र स्थानीय रणनीतिक स्तम्भ, प्राथमिकताक्रम, दिगो विकास लक्ष्य, लैंगिक तथा जलवायु संकेतका आधारमा कार्यक्रम तथा आयोजना तथा उप-क्षेत्रको साँकेतीकरण गरियो ।

*प्रक्रिया ७ : विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको दस्तावेज तयारी*

गाँउपालिकामा उपलब्ध बजेट सीमा तथा मार्गदर्शनका आधारमा उप-क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयारीका लागि विषयगत शाखालाई परामर्शदाताबाट सहयोग तथा सहजीकरण गरियो । उप-क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको मस्यौदालाई विषयगत क्षेत्र योजना तर्जुमा कार्यशालाको निष्कर्षको आधारमा तयार गरियो । विषयगत शाखा उप-क्षेत्रगत मध्यमकालीन खर्च संरचनालाई एकीकृत गरी विषयगत क्षेत्र मध्यमकालीन संरचना तयार गरियो ।

*प्रक्रिया ८ : मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयारी*

मध्यमकालीन खर्च संरचनाको निर्धारित ढाँचामा विषयगत क्षेत्रका मध्यमकालीन खर्च संरचनालाई एकीकृत गरी मध्यमकालीन खर्च संरचनाको एकीकृत मस्यौदा दस्तावेज तयार गरियो । मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यदल र बजेट तथा कार्यक्रम तर्जुमा समितिसँग परामर्श गरी मध्यमकालीन खर्च संरचनाको दस्तावेज तयार गरियो । विषयगत क्षेत्र मध्यमकालीन खर्च संरचना तयारीको लागि विषयगत क्षेत्र योजना र वार्षिक विकास कार्यक्रम समीक्षाबाट प्राप्त उपलब्धि विवरणको परिमाणात्मक लक्ष्यलाई आधार लिइएको थियो । मध्यमकालीन खर्च संरचनाको दस्तावेजमा स्थानीय तहको मध्यमकालीन खर्च संरचना दिग्दर्शन २०७८ (परिमार्जित) को व्यवस्था बमोजिम समष्टिगत मध्यमकालीन वित्तीय खाका, मध्यमकालीन नतिजा खाका र मध्यमकालीन बजेट खाकाको साथै विषयत क्षेत्रको स्थिति, नतिजा खाका, वित्तीय योजना र कार्यक्रम/आयोजनाको सारांश समावेश गरिएको छ ।

*प्रक्रिया ९ : मध्यमकालीन खर्च संरचनाको मस्यौदा प्रस्तुति तथा छलफल कार्यशाला*


परामर्शदाता संस्थाले आफूले तयार गरिएको मध्यमकालीन खर्च संरचनाको मस्यौदामा आवश्यक सुझाव संकलनका उद्देश्यले छलफल कार्यशालाको आयोजना गरिएको थियो । यस कार्यशालामा गाँउपालिका कार्यालय प्रमुख लगायत अन्य शाखाका प्रमुखहरूको सहभागिता थियो । उक्त कार्यशालामा मस्यौदा प्रतिवेदनका मुख्य पक्षहरू प्रस्तुति गरी आवश्यकता महशुस भएका थप सूचना तथा तथ्यांक संकलनका

साथै विषयगत क्षेत्र तथा उपक्षेत्रगत मुख्य कार्यक्रम तथा आयोजनाहरूको विस्तृत विवरण तयार गरियो । त्यसैगरी विषय उपक्षेत्रगत कार्यक्रम तथा आयोजनाहरूको प्राथमिकीकरण तथा सांकेतिककरण समेत गरियो ।

### *प्रक्रिया १० : मध्यमकालीन खर्च संरचनाको परिमार्जित अन्तिम रुप तयारी*

परामर्शदाता संस्थाद्वारा मध्यमकालीन खर्च संरचनाको मस्यौदा प्रस्तुति तथा छलफल कार्यशाला तथा गाउँपालिकाका विभिन्न शाखाहरूबाट प्राप्त सुझावहरू समेटी मस्यौदा दस्तावेजलाई आवश्यक परिमार्जन गरी अन्तिम रुप प्रदान गरियो । यस क्रममा मस्यौदा दस्तावेजमा नपुग भएका आवश्यक सूचना तथा तथ्यांकहरू विभिन्न शाखाहरूबाट संकलन गरी परिमार्जित रुपमा अन्तिम दस्तावेज मस्यौदा तयार गरियो ।

**तालिका २ *मध्यमकालीन खर्च संरचना तयारी कार्यतालिका तथा जिम्मेवारी***


१: प्राविधिक सहयोगका लागि छलफल
२: नीति, कानूनी दस्तावेज, दिग्दर्शन एवं अन्य उपयोगी सन्दर्भ सामग्री संकलन तथा समीक्षा
३: मध्यमकालीन खर्च संरचनाको ढाँचा, औजार र कार्ययोजना तर्जुमा
४ : अभिमुखीकरण तथा प्रारम्भिक छलफल
५ : श्रोत तथा खर्चको अनुमान र त्रिवर्षिय प्रक्षेपण
६ : क्षेत्रगत योजना तर्जुमा
७ : विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको दस्तावेज तयारी
८ : मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयारी
९ : मध्यमकालीन खर्च संरचनाको मस्यौदा प्रस्तुति तथा छलफल कार्यशाला
१० : मध्यमकालीन खर्च संरचनाको परिमार्जित अन्तिम रुप तयारी

# परिच्छेद २ः मध्यमकालीन खर्च संरचना

## २.१ पृष्ठभूमि

नेपालको संघीय सरकारले लिएको दीर्घकालीन सोच **समृद्ध नेपाल सुखी नेपाली** र कर्णाली प्रदेश सरकारले दीर्घकालीन सोच **समृद्ध कर्णाली, सुखारी कर्णालीबासी** तथा जगदुल्ला गाउपालिकाले लिएको दीर्घकालिन सोच '**कृषि, रोजगार, शिक्षा, स्वास्थ्य, पर्यटन, र पूर्वाधार : जगदुल्ला गाँउपालिकाको दिगो विकासको आधार**' लाई पूरा गर्नको लागि आवश्यक योजनाहरू तर्जुमा भैरहेका छन । कुनै देश तथा समुदायको सामाजिक तथा आर्थिक विकास र समृद्धिका लागि सार्वजनिक वित्त व्यवस्थापनको भूमिका महत्वपूर्ण रहन्छ। यसका लागि साधन स्रोतको विनियोजन कुशलता, कार्यान्वयन दक्षता तथा वित्तीय अनुशासनका तीनै पक्ष उत्तिकै प्रभावकारी हुनुपर्दछ । यी तीनवटै पक्षहरूमा सुधार गर्ने उपाय तथा औजार मध्ये मध्यमकालीन खर्च संरचनालाई मुख्य औजारको रुपमा लिईन्छ । नेपालमा दशौं योजना देखि नै मध्यमकालीन खर्च संरचनाको तर्जुमा र कार्यान्वयन गरी प्राथमिकता प्राप्त क्षेत्रमा साधन र स्रोतको विनियोजन गर्ने पद्धतिको शुरुवात गरिएको हो ।

अन्तरसरकारी वित्त व्यवस्थापन सम्बन्धी संघीय कानूनको परिच्छेद ६, सार्वजनिक खर्च व्यवस्था, अनुसार नेपाल सरकार, प्रदेश तथा स्थानीय सरकारले प्रत्येक आर्थिक वर्षमा आ-आफ्नो क्षेत्राधिकार भित्रका विषयहरूमा हुने सार्वजनिक खर्चको अनुमानित विवरण तयार गरी आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था गरेको छ। उक्त विवरणमा चालु खर्च, पूँजीगत खर्च र वित्तीय व्यवस्थाका लागि आवश्यक पर्ने रकम समेत खुलाउनुपर्ने व्यवस्था रहेको छ । उपरोक्त संवैधानिक तथा कानूनी व्यवस्था अनुसार यस गाउँपालिकाले तय गरेको सोच सहितको प्राथमिकताका क्षेत्रमा साधन स्रोतको विनियोजन सहित बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्न मध्यमकालीन खर्च संरचना आवश्यक रहेकोले यो सोही व्यवस्था अनुसार तयार गरिएको छ ।

मध्यमकालीन खर्च संरचना तयार गर्दा संविधानले आत्मसात गरेको समाजवाद उन्मुख राष्ट्र निर्माण एवम् नेपाल सरकारले घोषणा गरेको "**समृद्ध नेपालः सुखी नेपाली**" को दीर्घकालीन सोचअनुरुप तयार चालु पन्ध्रौं योजना, प्रदेश सरकारको सोच अनुसार तयार गरिएको प्रथम पञ्चवर्षिय योजना र गाउँपालिकाको नीति तथा कार्यक्रमलाई आत्मसात गर्ने प्रयास गरिएको छ । योजना तथा विकास उपलब्धिको सफलता वित्तीय संघीयताको कुशल व्यवस्थापन, तीब्र आर्थिक वृद्धि एवम् विकास कार्यक्रमको

प्रभावकारी कार्यान्वयनमा निर्भर रहन्छ। अतः यस मध्यमकालीन खर्च संरचनाले गाउँपालिकालाई आगामी दिनमा उल्लिखित कार्यहरू गर्नको लागि मार्गदर्शन गर्नेछ।

आर्थिक वर्ष (२०८१/८२-२०८३/८४) का लागि तर्जुमा गरिएको मध्यमकालीन खर्च संरचनाले उपरोक्त योजनाहरूको सोच, लक्ष्य, उद्देश्य, रणनीति र प्राथमिकता, नेपाल सरकार तथा प्रदेश सरकार र गाउँपालिकाको घोषणा, प्रतिवद्धता, विगत आर्थिक वर्षका वार्षिक नीति तथा कार्यक्रम र दिगो विकास लक्ष्यको मार्गचित्रलाई मुख्य आधारका रुपमा लिइएको छ। गाउँपालिकाको तुलनात्मक लाभका क्षेत्रहरू, प्राथमिकता तथा विकास कार्यक्रम र स्थानीय तहको अधिकार क्षेत्रभित्र संलग्न कार्यसूची अनुसारका कार्यक्रम तथा आयोजनालाई यस संरचनामा समेट्ने प्रयास गरिएको छ।

## २.२. चुनौति तथा अवसर

संविधानले प्रत्याभूत गरेका मौलिक हक र संविधान प्रदत्त अधिकारको कार्यान्वयन, दिगो विकास लक्ष्य, पन्ध्रौ योजना, प्रदेशको प्रथम पञ्चवर्षीय योजना र गाउँपालिकाले निर्धारण गरेको उद्देश्य हासिल गर्न, उत्पादन, रोजगारी र आयमा समन्यायिक वृद्धि, नागरिकको जीवनस्तरमा गुणात्मक सुधार, गरिबी न्यूनीकरण गरी मर्यादित जीवनयापनको वातावरण सिर्जना गर्दै समतामूलक तथा उन्नत समाजको निर्माण गर्नुलाई यस गाउँपालिकाले प्रमुख चूनौतिको रुपमा लिएको छ। कर्णाली प्रदेशमा रहेको उच्च निरपेक्ष तथा बहुआयामिक गरिबी, भौगोलिक विकटता, कमजोर पोषण र खाद्य असुरक्षा, गुणस्तरीय शिक्षा तथा स्वास्थ्यको अभाव, विपदको उच्च जोखिम, कमजोर भौतिक पूर्वाधार र भरपर्दो यातायात सुविधाको अभाव साथै बढ्दो जलवायु परिवर्तनको प्रभाव पनि उत्तिकै चुनौतिको रुपमा रहेको छ। यसका साथै विश्वव्यापी आर्थिक मन्दी, समय समयमा आइरहेका विश्वव्यापी महामारी, वातावरणीय ह्रास र जलवायु परिवर्तनको कारण सिर्जित विपदको बढ्दो जोखिमलाई न्यूनीकरण गरी नागरिकको स्वास्थ्य, शिक्षा, उत्पादन, रोजगारी र आयमा परेको नकारात्मक असरलाई न्यूनीकरण, पुनरुत्थान र उत्थानशीलता हासिल गर्दै नागरिक जीवनलाई थप सुरक्षित र परिष्कृत बनाउनु थप चुनौतिको रुपमा रहेको छ।

बेरोजगारी समस्याका कारण दक्ष जनशक्तिको पलायनका साथै सुविधायुक्त र सुरक्षित बसोबास, स्वच्छ खानेपानी तथा उर्जाको उपलब्धता, सरसफाई सुविधा र सूचना प्रविधि, कृषि तथा वनजन्य उद्यमको विविधिकरण गरी उत्पादन र उत्पादकत्व वृद्धिका साथै उत्पादनशील रोजगारीमा अभिवृद्धि र जनसाङ्ख्यिक लाभको उपयोग पनि गाउँपालिकाको विकासको चूनौतिको रुपमा रहेका छन्। वित्तीय संघीयताको मर्म अनुरुप स्थानीय तहको जिम्मेवारी पुरा गर्न साधन स्रोतको अनुमान, प्राथमिकताका

क्षेत्रमा लगानी, मानव संशाधन र संस्थागत क्षमता अभिवृद्धि गर्नु र स्थानीय सरकारमा उपलब्ध सार्वजनिक खर्चको कुशल, समन्यायिक र नतिजामूलक व्यवस्थापन गरी विनियोजन दक्षता, कार्यान्वयन कुशलता र प्रभावकारी वित्तीय अनुशासन कायम गर्नु समेत चूनौतिपूर्ण छ ।

संघीय शासन प्रणाली अनुसार तीनै तहमा निर्वाचित सरकारहरू क्रियाशिल हुनु, नीति, कानून, योजना र मापदण्ड निर्माण भई कार्यान्वयनमा जानु, स्थानीय जनताको आवश्यकतालाई जनप्रतिनिधिबाट नजिकबाट महसुस हुनु, स्थानीय सरकारहरूबीच दिगो विकास, उत्थानशीलता, समृद्धि र सुशासनका क्षेत्रमा प्रगति हासिल गर्ने दिशामा प्रतिस्पर्धी भावनाको विकास हुनु अहिलेका प्रमुख अवसरहरू हुन् । गाउँपालिकामा स्थानीय विशेषतामा आधारित तुलनात्मक लाभका क्षेत्रको पहिचान तथा योजना निर्माण, मानव पूँजी निर्माण, सार्वजनिक सेवा प्रवाह सुधार, पूर्वाधार विकास, स्थानीय उत्पादन, रोजगारी र आयआर्जन वृद्धिको माध्यमद्वारा हरित र समावेशी स्थानीय अर्थतन्त्र विकास, गरिबी निवारण, प्राकृतिक, भौगोलिक, पर्यावरणीय, सामाजिक तथा सांस्कृतिक विविधताको उपयोग आदि अवसरहरू सिर्जना भएका छन् ।

वैदेशिक रोजगारी तथा यसका कारणले वाह्य ज्ञान, सीप, अनुभव तथा प्रविधि हस्तान्तरण, वित्तीय सेवा र स्थानीय स्रोत परिचालन गरी गाउँपालिकामा उद्यमशीलता विकास, रोजगारी उत्पादन र उत्पादकत्व वृद्धि गर्दै आर्थिक सामाजिक रुपान्तरणको दिशामा अगाडी बढ्ने समेत अवसर सिर्जना भएको छ ।

### २.३ सोच, उद्देश्य तथा रणनीति

यस मध्यमकालीन खर्च संरचना तयार गर्दा गाउँपालिकाको सोच र नीति तथा कार्यक्रमले निर्धारण गरेको क्षेत्रहरूलाई प्रमुख आधारको रुपमा लिइएको छ । गाउँ विकासको सोच, लक्ष्य, उद्देश्य तथा नीतिलाई यस मध्यमकालीन खर्च संरचनामा समावेश गरिएको छ । यस मध्यमकालीन खर्च संरचनाको समष्टिगत सोच, लक्ष्य, उद्देश्य तथा रणनीति देहाय बमोजिम रहेका छन्:

**दीर्घकालीन सोच**

**‘कृषि, रोजगार, शिक्षा, स्वास्थ्य, पर्यटन, र पूर्वाधार :**
**जगदुल्ला गाँउपालिकाको दिगो विकासको आधार’**

**गाउँपालिका विकासको लक्ष्य**

समुन्नत, समावेशी र शुसासन सहितको सवल अर्थतन्त्र, स्वस्थ, शिक्षित, मर्यादित र उच्च जीवन स्तर भएको सुखी नागरिक बस्ने गाउँ ।

चालु नीति तथा कार्यक्रमले ५ वटा प्राथमिकताका क्षेत्रहरू निर्धारण गरेको छ जसमा:

१. कृषि उत्पादनमा आत्मनिर्भरता

२. उत्पादनशील पूर्वाधार विकास

३. उद्यमशीतला विकास तथा रोजगारी

४. पर्यटन विकास

५. प्रभावकारी सेवा प्रवाह

## गाउँपालिका विकासको उद्देश्य

१. उत्पादनजन्य बस्तुहरूको उत्पादन र उत्पादकत्वमा बृद्धि तथा उद्यमशिलताको विकास र बजारीकरण मार्फत आत्म निर्भर अर्थतन्त्रको विकास गर्ने ।

२. कृषि, पर्यटन, बैकल्पिक, उर्जा, उद्योग, उत्थानशिल पूर्वाधार र मानव संसाधन विकासको माध्यमबाट समतामुलक उच्च आर्थिक वृद्धि हासिल गरी समृद्ध गाउँपालिका र सुखी नागरिकको आधारशीला तथार गर्ने ।

३. गुणस्तरीय तथा व्यबहारिक शिक्षा, स्वास्थ्य, खानेपानी, तथा स्वच्छ वातावरणको पहुँचमा वृद्धि गरी सबै नागरिकलाई समता सामाजिक न्याय सहितको सुरक्षा र सुशासनको अनुभूति गराउनु ।

## गाउँपालिका विकासको रणनीति

गाउँपालिकाको विकासको सोच, लक्ष्य तथा उद्देश्य हासिल गर्न देहायअनुसारका प्रमुख रणनीतिहरू अवलम्बन गरिएका छन् :

१. कृषिमा आधुनिकीकरण। यान्त्रीकरण र ब्यबसायिक कृषिमा जोड दिने ।

२. कृषि बालीको उत्पादन र उत्पादकत्व बृद्धिका लागि कृषि भूमीको चक्लाबन्दी र ब्यबसायिक कृषिमा जोड दिने ।

३. सुलभ तथा गुणस्तरीय स्वास्थ सेवा र प्राविधिक तथा व्यबहारीक तथा शिपमुलक शिक्षा प्रदान गरी मानव पूँजी निर्माणमा जोड दिने ।
४. आर्थिक समता सहितको सामाजिक समनता र न्यायपूर्ण समाज निर्माणमा जोड दिने ।
५. आवास तथा पूर्वाधार विकासलाई वातावरणमैत्री बालमैत्री, दीगो, अपाङ्गमैत्री र विपद प्रतिरोधी हुने गरी निर्माण गर्ने ।
६. आय बृद्धिका लागि गाउँपालिकामा रहेका प्रकृतिक स्रोतको उचित परिचालन गर्ने तथा प्रदेश र संघीय सरकारसँग समन्वय गर्ने ।
७. सुशासन, समानता र सामाजिक न्यायलाई केन्द्र बनाएर सेवा प्रवाह गर्ने ।
८. स्वदेशी विदेशी श्रम बजारलाइ आवश्यक दक्ष जनशक्ति उत्पादनमा जोड दिने ।
९. योजना कार्यान्वयन सुनिश्चितताको लागि निजी क्षेत्र, गैर सरकारी संस्था र सहकारी क्षेत्रसँग साझेदारी विस्तार गर्ने ।
१०. दिगो विकास लक्ष्यलाई आन्तरिकीकरण गर्ने ।
११. जोखिमबाट पीडित वा जोखिममा रहेका समुदायहरूलाई जोखिम न्यूनीकरणका लागि उक्त समुदायको क्षमता विकासमा जोड दिने ।

## २.४ मध्यमकालीन आर्थिक खाका

संघीय सरकारको लिएको "**समृद्ध नेपाल र सुखी नेपाली**" को राष्ट्रिय सोच तथा संकल्प, प्रदेशको "**समृद्ध कर्णाली, सुखारी कर्णाली**" को सोच र यस गाउँपालिकाको विकासको सोच '**कृषि, रोजगार, शिक्षा, स्वास्थ्य, पर्यटन, र पूर्वाधार : जगदुल्ला गाँउपालिकाको दिगो विकासको आधार**' तथा लक्ष्य अनुरुप आगामी तीन आर्थिक वर्षको मध्यमकालीन खर्च संरचनाको प्रमुख लक्ष्य तथा नतिजा सूचक निर्धारण गरिएको छ । सो अनुसार तीन वर्षको समष्टिगत आर्थिक लक्ष्य तल तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ३ *मध्यमकालीन समष्टिगत आर्थिक मध्यमकालीन लक्ष्य* (प्रचलित मूल्यमा)**

| क्र.सं. | सूचक/लक्ष्य | एकाई | प्रदेशको २०७८/७९ को अवस्था | प्रदेशले लिएको लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| १. | प्रतिव्यक्ति आय (अमेरिकी डलर) | सूचांक | ८७४ | ११५० | १२३० | १४५० |
| २ | प्रादेशिक आर्थिक वृद्धिदर | प्रतिशत | ५.४७ | ५.८ | ६.२ | ६.८ |
| | निरपेक्ष गरिबीको रेखामुनी रहेको जनसंख्या | प्रतिशत | २३ | १९.९ | १७.२ | १५.३ |

| क्र.सं. | सूचक/लक्ष्य | एकाई | प्रदेशको २०७८/७९ को अवस्था | प्रदेशले लिएको लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| ३ | बहुआयामिक गरिबीमा रहेको जनसंख्या | प्रतिशत | ३९.८ | ३५.३ | ३३.७ | ३०.६ |
| ४ | वार्षिक औसत आर्थिक वृद्धिदरमा कृषिको वृद्धिदर | प्रतिशत | ३.२२ | ३.४३ | ३.९ | ४.५ |

*स्रोत: कर्णाली प्रदेशको मध्यमकालीन खर्च संरचना (२०८०/८१-२०८३/८४)*

## २.५ मध्यमकालीन नतिजा खाका

पन्धौ योजना, कर्णाली प्रदेशको पञ्चवर्षीय योजना तथा गाउँपालिकाको वर्तमान समष्टिगत तथा विषयगत अपेक्षित उपलब्धि हासिल गर्न सहयोग पुग्ने गरी आगामी तीन आर्थिक वर्षको समष्टिगत नतिजा खाका निर्धारण गरिएको छ । यस नतिजा खाका तयारीको लागि यस गाउँपालिकाले आवधिक योजना अनुसार गाउँपालिकाका जनप्रतिनिधि र कर्मचारीहरूसँगको छलफल र प्रदेशको पञ्चवर्षीय योजनाले लिएको लक्ष्यलाई समेत आधार मानी तयार गरिएको छ । साथै विगत आर्थिक वर्षहरूको उपलब्धि र चालु आर्थिक वर्ष २०८०/०८१ को अनुमानित उपलब्धिको आधारमा आगामी आ.व.को लक्ष्य निर्धारण गरिएको छ। मध्यमकालीन समष्टिगत नतिजा खाका तल तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४ *प्रमुख विषय क्षेत्रगत सूचक तथा मध्यमकालीन लक्ष्य***

| क्र.सं. | सूचक/लक्ष्य | एकाई | हालको अवस्था | *मध्यमकालीन लक्ष्य* | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| १ | अपेक्षित आयु (जन्म हुँदाको) | वर्ष | ६६ | ६७ | ६८ | ७९ |
| २ | साक्षरता दर | प्रतिशत | ७३ | ७५ | ७७ | ८० |
| ३ | विद्यार्थी भर्ना दर | प्रतिशत | | | | |
| ४ | विद्यालय छाड्ने दर | प्रतिशत | | | | |
| ५ | स्वास्थ्य संस्थामा पुग्न लाग्ने अधिकतम समय | मिनेट | | | | |
| ६ | कम तौल भएका ५ वर्ष मुनीका बालबालिका | प्रतिशत | ३६ | ३४ | ३२ | ३० |
| ७ | स्वास्थ्य संस्थामा प्रसुति गराउने गर्भवती महिला | प्रतिशत | | | | |
| ८ | झाडा पखालाको संक्रमण दर (प्रति हजारमा) | संख्या | | | | |
| ९ | स्वास्थ्य बीमामा पहुँच पुगेको जनसंख्या | प्रतिशत | | | | |

| क्र.सं. | सूचक/लक्ष्य | एकाई | हालको अवस्था | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| १० | सबै प्रकारको खोप लिने बालबालिका | प्रतिशत | | | | |
| ११ | वृद्धि अनुगमन गरिएका मध्ये कुपोषित बालबालिका | प्रतिशत | | | | |

## २.६ मध्यमकालीन बजेट खाका


यस गाउँपालिकाको त्रिवर्षीय बजेट खाका तर्जुमा गर्दा गाउँपालिकाको सोच, लक्ष्य, उद्देश्य, रणनीति र प्राथमिकता सहित वार्षिक नीति तथा कार्यक्रम, दिगो विकास लक्ष्यको मार्गचित्र, क्रमागत तथा विस्तृत अध्ययन भएका आयोजना तथा कार्यक्रम, स्थानीय प्राथमिकता, विनियोजन कुशलता, अनुमान योग्यता र वित्तीय सुशासनलाई मुख्य आधार लिइएको छ। गाउँपालिकाको पहिलो प्रयासबाट तयार गरिएको यस मध्यमकालीन खर्च संरचनामा वित्तीय संघीयताको कार्यान्वयन, स्थानीय आर्थिक स्थायित्व र रोजगारी, तीब्र सामाजिक तथा आर्थिक विकास र सन्तुलित विकासका लागि विकास आयोजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा जोड दिइएको छ । माथि उल्लेखित समष्टिगत नतिजा खाका तथा विषय क्षेत्रगत नतिजा प्राप्त हुने खर्च तथा स्रोतको अनुमान गरिएको छ ।

वडागत आयोजना, चालु तथा विस्तृत अध्ययन भएका, तुलनात्मक लाभका आयोजना तथा कार्यक्रमका लागि आवश्यक रकम सुनिश्चित हुने गरी बजेट सीमा र सोको आधारमा विषयगत बजेट खाका तर्जुमा गरिएको छ । आयोजना कार्यान्वयनको अवस्था र आगामी कार्यान्वयन योजनाको आधारमा खर्च गर्न सक्ने क्षमता तथा स्रोतको आवश्यकता एवम् उपलब्धतालाई मध्यनजर गरिएको छ। मध्यमकालीन स्रोत अनुमान गर्दा आन्तरिक आय तथा राजस्व परिचालनको विगत प्रवृत्ति, कोभिड १९ महामारी र अन्य विपदबाट स्रोत परिचालनमा परेको चाप र आगामी वर्षहरूमा पर्न सक्ने असर तथा प्रभाव, स्रोतको आवश्यकता लगायतका पक्षहरूलाई ध्यान दिइएको छ। त्रिवषीय खर्चको अनुमान र स्रोतको बाँडफाँट सहितको विषगत शाखा, उपशाखा, एकाईलाई प्रदान गरिएको बजेट सीमा प्रस्तुत गरिएको छ ।

आर्थिक वर्ष २०८०/८१ को बजेट राजस्व तथा विनियोजनका आधारमा खर्च संरचनाको पहिलो वर्षको राजस्व तथा खर्च आँकलन गरिएको छ। दोस्रो र तेस्रो वर्षको प्रक्षेपण गर्दा गाउँपालिकाको नीति तथा कार्यक्रममा उल्लेख गरेको कार्यक्रम र सो अनुसार संचालन हुने कार्यक्रम तथा हासिल गर्ने नतिजालाई प्रमुख आधार मानिएको छ । प्रक्षेपणका क्रममा गाउँपालिकाको प्राथमिकताका क्षेत्र तथा रणनीतिक महत्वका आयोजना तथा कार्यक्रमलाई स्रोत व्यवस्था गरिएको छ । आन्तरिक श्रोत, राजस्व बाँडबाँट,

उपलब्ध हुने स्रोत र आवश्यकता समेतका आधारमा अन्य कार्यक्रम तथा साधारण प्रशासनका लागि खर्च अनुमान गरिएको छ। नेपाल सरकार र प्रदेश सरकारबाट राजस्व बाँडफाँटबाट स्वरूप प्राप्त हुने रकम र आन्तरिक श्रोत समेतका आधारमा गाउँपालिकालाई प्राप्त हुने राजस्व प्रक्षेपण गरिएको छ। नेपाल सरकार र प्रदेश सरकारबाट हस्तान्तरण हुने वित्तीय समानीकरण, सशर्त अनुदान, समपुरक र विशेष अनुदान रकम नेपाल सरकार र प्रदेश सरकारको मध्यमकालीन खर्च संरचनामा उल्लेखित रकम तथा सोको प्रक्षेपणको आधारमा आँकलन तथा अनुमान गरिएको छ।

उल्लेखित आधारलाई विश्लेषण गर्दा आगामी तीन वर्षको अवधिमा कुल बजेट रु.१,१२,३६,३५,१६६ प्रक्षेपण गरिएको छ। त्यसैगरी स्रोत परिचालनतर्फ आन्तरिक आयबाट रु. १,७५,६४,१८४ (२ प्रतिशत), संघीय सरकारको स्रोतबाट रु.९७,१४,७३,०२७ (८६ प्रतिशत) र प्रदेश सरकारको स्रोतबाट रु. १३,४५,९७,९५६ (१२ प्रतिशत) व्यहोरिने प्रक्षेपण गरिएको छ। यस सम्बन्धी विवरण तलको तालिका मा उल्लेख गरिएको छ :



**तालिका ५ *त्रिवर्षीय बजेट विनियोजन र प्रक्षेपण***

| क.सं. | बजेटका स्रोतहरू | २०७८/७९ | २०७९/८० को यथार्थ | २०८०/८१ को प्रस्तावित | प्रक्षेपण | | | ३ बर्षको प्रक्षेपण जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | |
| क. | राजस्व तथा अनुदान | ३२६३२७४४५ | ३३०३६३०२९ | ३०७३४२९५७ | ३४९०४८२८५ | ३७५२११७०५ | ३९९३७५१७६ | ११२३६३५१६६ |
| १ | आन्तरिक आय | २९४३०६६.३५ | २१५०००० | ४४२२००० | ५३०६४०० | ५८३७०४० | ६४२०७४४ | १७५६४१८४ |
| २ | राजस्व बाँडफाँडबाट प्राप्त आय | ३४३४४९९४.३९ | ३७१६८७२८.६ | ४३८०४३५७ | ५७६०३३४६ | ६३३७९४६२ | ६९७३५५५७ | १९०७१८३६६ |
| | *नेपाल सरकार भ्याट* | २५८६३१५९.६५ | २७३११९०९ | ४३५२९९०० | ४६५७६९९३ | ५१२३४६९२ | ५६३५८१६२ | १५४१६९८४७ |
| | *नेपाल सरकार अन्तशुल्क* | ८४०९७६३.७२ | ९७३७०२५ | ० | १०७१०७२८ | ११७८१८०१ | १२९५९९८१ | ३५४५२५०९ |
| | *प्रदेश सरकार (सवारी कर, घरजग्गा रजिष्ट्रेशन,* मनोरञ्जन कर आदि) | ७२०७१.०२ | ११९७९४ | २७४४५७ | ३१५६२६ | ३६२९६९ | ४१७४१५ | १०९६०१० |
| ३ | रोयल्टी बाँडफाँटबाट प्राप्त राजस्व | ० | ० | ० | ० | ० | ० | ० |
| | *वन रोयल्टी* | | | | ० | ० | ० | ० |
| | *खानी तथा खनिज रोयल्टी* | | | | ० | ० | ० | ० |
| | *पर्वतारोहण रोयल्टी* | | | | | | | ० |
| | *विद्युत रोयल्टी* | | | | | | | ० |
| | *पानी तथा अन्य प्राकृतिक स्रोत* | | | | | | | ० |
| ४ | नेपाल सरकार वित्तीय हस्तान्तरण | २५२६५२७३४ | २५१६९५५०० | २३१४२३६०० | २४४०८९७८० | २५९७४१५६९ | २७८०१९३२१ | ७८१८५०६७० |
| | *वित्तीय समानीकरण अनुदान* | ७०५००००० | ६७७७७५०० | ७१२००००० | ७४७६०००० | ८०७४०८०० | ८७२०००६४ | २४२७००८६४ |
| | *सशर्त अनुदान चालू* | १०६६९७००० | १२१९१८००० | १०३३२३६०० | १०८४८९७८० | ११३९१४२६९ | ११९६०९९८२ | ३४२०१४०३१ |
| | *सशर्त अनुदान पूँजीगत* | ४२८५०००० | ३४०००००० | २१९००००० | २४०९०००० | २६४९९००० | २९१४८९०० | ७९७३७९०० |
| | *समपुरक अनुदान* | ७६०५७३४ | १८०००००० | २०००००००० | २१०००००० | २२०५०००० | २४६९६००० | ६७७४६००० |
| | *विशेष अनुदान पूँजीगत* | २५०००००० | १०००००००० | १५०००००० | १५७५०००० | १६५३७५०० | १७३६४३७५ | ४९६५१८७५ |
| | *विशेष अनुदान* | | | | ० | ० | ० | ० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | प्रदेश सरकार वित्तीय हस्तान्तरण | ३६३८६६५० | ३९३४८८०० | २७६९३००० | ४२०४८७५८ | ४६२५३६३४ | ४५१९९५५४ | १३३५०१९४६ |
| | *वित्तीय समानीकरण अनुदान* | *४१७८०००* | *३६५५७५०* | *४१७८०००* | *४३८६९००* | *४८२५५९०* | *५३०८१४९* | *१४५२०६३९* |
| | *सशर्त अनुदान चालू* | *६७७०००* | *२८८६१०५* | *४३१५०००* | *४७४६५००* | *५२२११५०* | *५८४७६८८* | *१५८१५३३८* |
| ५ | *सशर्त अनुदान पूँजीगत* | *२२५०००००* | *१९५७३५६५* | *१६००००००* | *२०५५२२४३* | *२२६०७४६८* | *१९२१६३४७* | *६२३७६०५८* |
| | *समपुरक अनुदान चालू* | | | | *०* | *०* | *०* | *०* |
| | *समपुरक अनुदान पूँजीगत* | *५७८४६५०* | *७२३३३८०* | *३२०००००* | *६३६३११५* | *६९९९४२७* | *७६९९३६९* | *२१०६१९११* |
| | *विशेष अनुदान पूँजीगत* | *३२४७०००* | *६००००००* | | *६००००००* | *६६०००००* | *७१२८०००* | *१९७२८०००* |
| | *विशेष अनुदान चालू* | | | | | *०* | | *०* |
| ६ | अन्य अनुदान | | ० | | | | | *०* |
| ७ | अन्तर स्थानीय तहबाट साझेदारी रकम | ० | ० | ० | | | | *०* |
| ८ | जनसहभागिता | ० | ० | ० | | | | *०* |
| ९ | नगद मौज्दात | | | | ० | ० | ० | ० |

## २.७ बजेट विनियोजन र प्रक्षेपणको बांडफाड

आगामी तीन वर्षको बजेट अनुमान र प्रक्षेपणको विभिन्न आधारमा गरिएको तुलनात्मक विवरण देहाय बमोजिम रहेको छ ।

### क. रणनीतिक स्तम्भको आधारमा बाँडफाँट

रणनीतिक स्तम्भको आधारमा आगामी तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. ६ मा प्रस्तुत गरिएको छ ।

**तालिका ६ *रणनीतिक स्तम्भको आधारमा आगामी तीन वर्षको अनुमान र प्रक्षेपण***

| क.सं. | रणनीतिक स्तम्भ | आ.व.२०८१ / ०८२ को अनुमान | | आ.व.२०८२ / ०८३ को प्रक्षेपण | | आ.व.२०८३ / ०८४ को प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | कृषि क्षेत्रको व्यवसायिकरण गर्दै कृषि तथा पर्यटन व्यवसायमा निजी क्षेत्रलाई आकर्षित गर्ने, | ७४१७२७६० | २१.२५ | ७९९२००९३ | २१.३ | ८४२६८१६२ | २१.१ |
| २ | गाउँपालिकाको दिगो आर्थिक स्रोत व्यवस्थापन गर्न करको दायरा विस्तार गरी राजस्व प्रशासन चुस्त तथा मितव्ययी बनाउने, | ५९३३८२१ | १.७ | ६१९०९९३ | १.६५ | ६३९०००३ | १.६ |
| ३ | योजना कार्यान्वयनको सुनिश्चिततताको लागि निजी क्षेत्र, गैर सरकारी संस्था र सहकारी क्षेत्रसँगको साझेदारी विस्तार गर्ने, | ४१८८५७९ | १.२ | ४६९०१४६ | १.२५ | ५१९१८७७ | १.३ |
| ४ | शिक्षा र स्वास्थ्य क्षेत्रको सेवालाई गुणस्तरीय र प्रभावकारी बनाई सबैको पहुँच बढाउने, | ३७८७१७३९ | १०.८५ | ३९३९७२२९ | १०.५ | ४३१३२५१९ | १०.८ |
| ५ | लैंगिक समानता र सामाजिक समावेशीकरणलाई गाउँपालिकाको विकास गतिविधिमा मूलप्रवाहिकरण गर्ने, | १६०२१३१६ | ४.५९ | १७८२२५५६ | ४.७५ | १९६०९३२१ | ४.९१ |
| ६ | जोखिमबाट पीडित वा जोखिममा रहेका समुदायहरूलाई जोखिम न्यूनीकरणका लागि उक्त समुदायको क्षमता विकासमा जोड दिने, | १५००९०७६ | ४.३ | १६५०९३१५ | ४.४ | १३५७८७५६ | ३.४ |
| ७ | पुनर्लाभ, जलवायु परिवर्तन अनुकूलन र विपद जोखिम न्यूनीकरणका लागि समाजका सबै वर्गको सहभागिता सुनिश्चित गर्ने, | २८९७१००८ | ८.३ | २९४५४११९ | ७.८५ | २८८७४८२५ | ७.२३ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ८ | निर्माण गरिने पूर्वाधारहरू वातावरण अनुकूल तथा विपद उत्थानशील हुने गरी निर्माण गर्ने, | १०५४४७४८७ | ३०.२१ | ११३१२६३२९ | ३०.१५ | १२४६०५०५५ | ३१.२ |
| ९ | मानव संसाधन र उद्यमशीलताको विकास गर्ने, | ३०५४१७२५ | ८.७५ | ३४१४४२६५ | ९.१ | ३८१४०३२९ | ९.५५ |
| १० | दिगो विकास लक्ष्यहरूलाई आन्तरिकीकरण गर्ने । | १६९२८८४२ | ४.८५ | १६५०९३१५ | ४.४ | १६९७३४४५ | ४.२५ |
| ११ | वडा स्तरीय योजना | १३९६१९३१ | ४ | १७४४७३४४ | ४.६५ | १८६१०८८३ | ४.६६ |
| | जम्मा | ३४९०४८२८५ | १०० | ३७५२११७०५ | १०० | ३९९३७५१७६ | १०० |

## ख. प्राथमिकताक्रमको आधारमा बाँडफाँट

कार्यक्रम तथा आयोजनाको आवधिक योजनाले निर्धारण गरेको प्राथमिकताक्रम बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तलको तालिका मा प्रस्तुत गरिएको छ ।

***तालिका ७ प्राथमिकता क्रमको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण***

| प्राथमिकताको क्षेत्र | कूल बजेट | प्राथमिकताको प्रतिशत |
|---|---|---|
| पूर्वाधार विकास | ३०६२९३०४७ | २७.२६ |
| कृषि, पर्यटन र उद्योग (लघु, घरेलु तथा साना) | ३४३५४६७२१.२ | ३०.५७ |
| उर्जा | ६६२८९९०१ | ५.९० |
| सामाजिक विकास (शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षा) | २३५०७१६८४.३ | २०.९२ |
| विपद व्यवस्थापन र जलवायु परिवर्तन अनुकुलन | ८१७९२१४४.७६ | ७.२८ |
| सुशासन प्रवर्द्धन | ९०६४१६६७.५८ | ८.०७ |

## ग. दिगो विकास लक्ष्यको आधारमा बाँडफाँट

दिगो विकास लक्ष्य बमोजिम आगामी तीन आर्थिक वर्षको व्यय अनुमान तथा प्रक्षेपण तालिका नं. २.६ मा प्रस्तुत गरिएको छ ।

***तालिका ८ दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण***

| संकेत नम्बर | दिगो विकासका लक्ष्यहरू | २०८१/०८२ को व्यय अनुमान | | २०८२/०८३ को खर्च प्रक्षेपण | | २०८३/०८४ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | गरिबीको अन्त्य | २०९४२८९७ | ६ | २६६४००३१ | ७.१ | ३१५५०६३९ | ७.९ |
| २ | शुन्य भोकमरी | १२५६५७३८ | ३.६ | १३५०७६२१ | ३.६ | १४३७७५०६ | ३.६ |
| ३ | स्वस्थ्य जीवन | ३४२०६७३२ | ९.८ | ३७१४५९५९ | ९.९ | ४११३५६४३ | १०.३ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | गुणस्तरीय शिक्षा | ७०१५८७०५ | २०.१ | ७२४१५८५९ | १९.३ | ७७८७८१५९ | १९.५ |
| ५ | लैंगिक समानता | १६४०५२६९ | ४.७ | १९८८६२२० | ५.३ | २२७६४३८५ | ५.७ |
| ६ | सफा पानी र स्वच्छता | २८६२१९५९ | ८.२ | २७३९०४५४ | ७.३ | ३१५५०६३९ | ७.९ |
| ७ | आधुनिक उर्जामा पहुँच | ८३७७१५९ | २.४ | ९००५०८१ | २.४ | ९५८५००४ | २.४ |
| ८ | समावेशी आर्थिक वृद्धि र मर्यादित काम | ८७२६२०७ | २.५ | १३१३२४१० | ३.५ | १४३७७५०६ | ३.६ |
| ९ | उद्योग, नविन खोज र पूर्वाधार | ६०७३४४०२ | १७.४ | ६३७८५९९० | १७ | ५१५१९३९८ | १२.९ |
| १० | असमानता न्यूनीकरण | ३४९०४८३ | १ | ७५०४२३४ | २ | ९९८४३७९ | २.५ |
| ११ | दिगो शहर र समुदाय | १९८९५७५२ | ५.७ | १९१३५७९७ | ५.१ | २१९६५६३५ | ५.५ |
| १२ | दिगो उपभोग र उत्पादन | १५७०७१७३ | ४.५ | १५३८३६८० | ४.१ | १८३७१२५८ | ४.६ |
| १३ | जलबायु परिवर्तन अनुकुलन | १५७०७१७३ | ४.५ | १६८८४५२७ | ४.५ | २१५६६२६० | ५.४ |
| १५ | जमीन माथिको जीवन | १५७०७१७३ | ४.५ | १३५०७६२१ | ३.६ | १२३८०६३० | ३.१ |
| १६ | शान्ति, न्यायपूर्ण र सशक्त समाज | १७८०१४६३ | ५.१ | १९८८६२२० | ५.३ | २०३६८१३४ | ५.१ |
| | **जम्मा** | ३४९०४८२८५ | १०० | ३७५२११७०५ | १०० | ३९९३७५१७६ | १०० |

## घ. लैंगिक संकेतको आधारमा बाँडफाँट

लैंगिक संकेत बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका मा प्रस्तुत छ।

**तालिका ९** ***लैंगिक उत्तरदायी बजेटको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण***

| लैंगिक संकेत | २०८१/०८२ को व्यय अनुमान | | २०८२/०८३ को खर्च प्रक्षेपण | | २०८३/०८४ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|
| | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| निर्दिष्ट | १२५६५७३८.२५ | ३.६ | २१३८७०६७.२१ | ५.७ | २९५५३७६३ | ७.४ |
| सहयोगी | १६९२८८४१८.१ | ४८.५ | १९२८५८८१६.६ | ५१.४ | २१००७१३४३ | ५२.६ |
| तटस्थ | १६७१९४१२८.४ | ४७.९ | १६०९६५८२१.६ | ४२.९ | १५९७५००७० | ४० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| जम्मा | ३४९०४८२८५ | १०० | ३७५२११७०५ | १०० | ३९९३७५१७६ | १०० |

### ङ. जलवायु संकेतको आधारमा बाँडफाँट

जलवायु संकेत बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.८ मा प्रस्तुत छ ।

***तालिका १० जलवायु संकेतको बजेटको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण***

| जलवायु संकेत | २०८१/०८२ को व्यय अनुमान | | २०८२/०८३ को खर्च प्रक्षेपण | | २०८३/०८४ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|
| | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| प्रत्यक्ष लाभ | ४८५१७७११.५७ | १३.९ | ७२४१५८५९.१५ | १९.३ | ९१८५६२९०.५ | २३ |
| अप्रत्यक्ष लाभ | ११९३७४५१३.४ | ३४.२ | १२६८२१५५६.४ | ३३.८ | १३४५८९४३४ | ३३.७ |
| तटस्थ | १८११५६०५९.८ | ५१.९ | १७५९७४२८९.८ | ४६.९ | १७२९२९४५१ | ४३.३ |
| जम्मा | ३४९०४८२८५ | १०० | ३७५२११७०५ | १०० | ३९९३७५१७६ | १०० |

## २.८ विषय क्षेत्रगत बांडफाड

विषय क्षेत्रगत रुपमा आगामी तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.९ मा प्रस्तुत गरिएको छ । विषय क्षेत्रगत आधारमा तीन आर्थिक वर्षको बजेट, खर्च तथा स्रोतको अनुमान, कार्यक्रम तथा आयोजनागत बजेट, प्राथमिकीकरण र सांकेतीकरण सम्बन्धी विवरण समावेश गरिएको छ ।

**तालिका ११ *आगामी तीन आ.व.को विषय क्षेत्रगत खर्चको बाडफाडको प्रक्षेपण***

| विषय क्षेत्र | विषय उपक्षेत्र | आर्थिक वर्ष | बजेट सीमा (रु.) | | | बजेटको श्रोत (रु.) | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | कुल | चालु | पुँजीगत | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार |
| आर्थिक क्षेत्र | १. कृषि | २०८१/८२ | २९४९४५८० | १९४७३४३४ | १००२११४६ | ४४८३९१ | २५४६६३९९ | ३५७९७९० |
| | | २०८२/८३ | ३४३३१८७१ | २२६६७१९६ | ११६६४६७५ | ५३४०८९ | २९५३२३६३ | ४२६५४१९ |
| | | २०८३/८४ | ३७३४१५७९ | २४६५४३१८ | १२६८७२६१ | ६००३४० | ३२४७६०५३ | ४२६५१८७ |
| | २. सिंचाई | २०८१/८२ | २२३३९०९० | ८९३५६३६ | १३४०३४५४ | ३३९६१० | १९२८८१६० | २७११३२१ |
| | | २०८२/८३ | २१३८७०६७ | ८५५४८२७ | १२८३२२४० | ३३२७११ | १८३९७२१० | २६५७१४६ |
| | | २०८३/८४ | २३१६३७६० | ९२६५५०४ | १३८९८२५६ | ३७२४०३ | २०१४५५७३ | २६४५७८४ |
| | ३. पशुपंक्षी | २०८१/८२ | १२२१६६९० | ३६६५००७ | ८५५१६८३ | १८५७२४ | १०५४८२१३ | १४८२७५३ |
| | | २०८२/८३ | १३५०७६२१ | ४०५२२८६ | ९४५५३३५ | २१०१३३ | ११६१९२९० | १६७८१९८ |
| | | २०८३/८४ | १४७७६८८२ | ४४३३०६४ | १०३४३८१७ | २३७५६८ | १२८५१४८६ | १६८७८२८ |
| | ४. उद्योग, व्यापार तथा व्यवसाय | २०८१/८२ | १२२१६६९० | ४८८६६७६ | ७३३००१४ | १८५७२४ | १०५४८२१३ | १४८२७५३ |
| | | २०८२/८३ | १३५०७६२१ | ५४०३०४९ | ८१०४५७३ | २१०१३३ | ११६१९२९० | १६७८१९८ |
| | | २०८३/८४ | १४७७६८८२ | ५९१०७५३ | ८८६६१२९ | २३७५६८ | १२८५१४८६ | १६८७८२८ |
| | ५. पर्यटन तथा संस्कृति | २०८१/८२ | १०१२२४०० | ५५६७३२० | ४५५५०८० | १५३८८६ | ८७३९९४८ | १२२८५६७ |
| | | २०८२/८३ | १०६९३५३४ | ५८८१४४३ | ४८१२०९० | १६६३५६ | ९१९८६०५ | १३२८५७३ |
| | | २०८३/८४ | ८९८५९४१ | ४९४२२६८ | ४०४३६७४ | १४४४६७ | ७८१५०९३ | १०२६३८२ |
| | ६. भूमी व्यवस्था तथा सहकारी | २०८१/८२ | ४१८८५७९ | २५१३१४८ | १६७५४३२ | ६३६७७ | ३६१६५३० | ५०८३७३ |
| | | २०८२/८३ | ४६९०१४६ | २८१४०८८ | १८७६०५९ | ७२९६३ | ४०३४४७६ | ५८२७०८ |
| | | २०८३/८४ | ५१९१८७७ | ३११५१२६ | २०७६७५१ | ८३४७० | ४५१५३८७ | ५९३०२१ |
| | ७. श्रम, रोजगारी तथा गरिवी निवारण | २०८१/८२ | १५३५८१२५ | ६९१११५६ | ८४४६९६८ | २३३४८२ | १३२६०६१० | १८६४०३३ |
| | | २०८२/८३ | १६८८४५२७ | ७५९८०३७ | ९२८६४९० | २६२६६७ | १४५२४११३ | २०९७७४७ |
| | | २०८३/८४ | १८३७१२५८ | ८२६७०६६ | १०१०४१९२ | २९५३५४ | १५९७७५२३ | २०९८३८१ |
| | ८. जनस्वास्थ्य तथा पोषण | २०८१/८२ | ११८६७६४२ | ७१२०५८५ | ४७४७०५७ | १८०४१८ | १०२४६८३५ | १४४०३८९ |

| विषय क्षेत्र | विषय उपक्षेत्र | आर्थिक वर्ष | बजेट सीमा (रु.) | | | बजेटको श्रोत (रु.) | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | कुल | चालु | पुँजीगत | आन्तरिक श्रोत | नेपाल सरकार | प्रदेश सरकार |
| सामाजिक क्षेत्र | | २०८२/८३ | १३१३२४१० | ७८७९४४६ | ५२५२९६४ | २०४२९६ | ११२९६५३२ | १६३१५८१ |
| | | २०८३/८४ | १४१७७८१९ | ८५०६६९१ | ५६७११२८ | २२७९३६ | १२३३०४८० | १६१९४०२ |
| | ९. शिक्षा, कला, भाषा तथा साहित्य | २०८१/८२ | २६००४०९७ | १५६०२४५८ | १०४०१६३९ | ३९५३२७ | २२४५२६२४ | ३१५६१४७ |
| | | २०८२/८३ | २६२६४८१९ | १५७५८८९२ | १०५०५९२८ | ४०८५९३ | २२५९३०६४ | ३२६३१६२ |
| | | २०८३/८४ | २८९५४७०० | १७३७२८२० | ११५८१८८० | ४६५५०४ | २५१८१९६६ | ३३०७२३० |
| | १०. खानेपानी तथा सरसफाइ | २०८१/८२ | १५३५८१२५ | ९२१४८७५ | ६१४३२५० | २३३४८२ | १३२६०६१० | १८६४०३३ |
| | | २०८२/८३ | १६८८४५२७ | १०१३०७१६ | ६७५३८११ | २६२६६७ | १४५२४११३ | २०९७७४७ |
| | | २०८३/८४ | १८९७०३२१ | ११३८२१९३ | ७५८८१२८ | ३०४९८५ | १६४९८५३० | २१६६८०६ |
| | ११. महिला, बालबालिका तथा सामाजिक समावेशीकरण | २०८१/८२ | १०४७१४४९ | ६२८२८६९ | ४१८८५७९ | १५९१९२ | ९०४१३२५ | १२७०९३२ |
| | | २०८२/८३ | ११६३१५६३ | ६९७८९३८ | ४६५२६२५ | १८०९४८ | १०००५५०० | १४४५११५ |
| | | २०८३/८४ | १२७८०००६ | ७६६८००३ | ५११२००२ | २०५४६४ | ११११४७९९ | १४५९७४३ |
| | १२. युवा, खेलकुद तथा नवप्रवर्तन | २०८१/८२ | ५२३५७२४ | २०९४२९० | ३१४१४३५ | ७९५९६ | ४५२०६६३ | ६३५४६६ |
| | | २०८२/८३ | ५८१५७८१ | २३२६३१३ | ३४८९४६९ | ९०४७४ | ५००२७५० | ७२२५५७ |
| | | २०८३/८४ | ६३९०००३ | २५५६००१ | ३८३४००२ | १०२७३२ | ५५५७३९९ | ७२९८७१ |
| | १३. सामाजिक सुरक्षा तथा पंजीकरण | २०८१/८२ | ३१४१४३ | १५७०७२ | १५७०७२ | ४७७६ | २७१२४० | ३८१२८ |
| | | २०८२/८३ | ३७५२१२ | १८७६०६ | १८७६०६ | ५८३७ | ३२२७५८ | ४६६१७ |
| | | २०८३/८४ | ४३९३१३ | २१९६५६ | २१९६५६ | ७०६३ | ३८२०७१ | ५०१७९ |
| पूर्वाधार क्षेत्र | १४. भवन, आवास तथा बस्ती विकास | २०८१/८२ | ३७८७१७३९ | २२७२३०४३ | १५१४८६९६ | ५७५७४४ | ३२६९९४५९ | ४५९६५३६ |
| | | २०८२/८३ | ३८४५९२०० | २३०७५५२० | १५३८३६८० | ५९८२९७ | ३३०८२७०१ | ४७७८२०२ |
| | | २०८३/८४ | ४१७३४७०६ | २५०४०८२४ | १६६९३८८२ | ६७०९६८ | ३६२९६७६५ | ४७६६९७३ |
| | १५. सडक, पुल तथा यातायात | २०८१/८२ | ४६२४८८९८ | २७७४९३३९ | १८४९९५५९ | ७०३०९८ | ३९९३२५१९ | ५६१३२८१ |
| | | २०८२/८३ | ५०६५३५८० | ३०३९२१४८ | २०२६१४३२ | ७८८००० | ४३५७२३३८ | ६२९३२४१ |
| | | २०८३/८४ | ५५९१२५२५ | ३३५४७५१५ | २२३६५०१० | ८९८९०४ | ४८६२७२४५ | ६३८६३७६ |

| विषय क्षेत्र | विषय उपक्षेत्र | आर्थिक वर्ष | बजेट सीमा (रु.) | | | बजेटको श्रोत (रु.) | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | कुल | चालु | पुँजीगत | आन्तरिक श्रोत | नेपाल सरकार | प्रदेश सरकार |
| | १६. जलस्रोत, विद्युत् तथा स्वच्छ ऊर्जा | २०८१/८२ | १९१९७६५६ | १०५५८७११ | ८६३८९४५ | २९१८५२ | १६५७५७६३ | २३३००४१ |
| | | २०८२/८३ | १८१९७७६८ | १०००८७७२ | ८१८८९९५ | २८३०९६ | १५६५३७६६ | २२६०९०५ |
| | | २०८३/८४ | १८८९०४४६ | १०३८९७४५ | ८५००७०१ | ३०३७०१ | १६४२९०६२ | २१५७६८३ |
| | १७. सूचना तथा सञ्चार प्रविधि | २०८१/८२ | ९०७५२५५ | ४५३७६२८ | ४५३७६२८ | १३७९६६ | ७८३५८१५ | ११०१४७४ |
| | | २०८२/८३ | ९९४३११० | ४९७१५५५ | ४९७१५५५ | १५४६८२ | ८५५३०८९ | १२३५३४० |
| | | २०८३/८४ | ६३९०००३ | ३१९५००१ | ३१९५००१ | १०२७३२ | ५५५७३९९ | ७२९८७१ |
| वन, वातावरण तथा विपद व्यवस्थापन क्षेत्र | १८. वन, भूसंरक्षण तथा जैविक विविधता | २०८१/८२ | ५९६८७२६ | २९८४३६३ | २९८४३६३ | ९०७३९ | ५१५३५५५ | ७२४४३१ |
| | | २०८२/८३ | ७१२९०२२ | ३५६४५११ | ३५६४५११ | ११०९०४ | ६१३२४०३ | ८८५७१५ |
| | | २०८३/८४ | ७९८७५०४ | ३९९३७५२ | ३९९३७५२ | १२८४१५ | ६९४६७४९ | ९१२३३९ |
| | १९. वातावरण तथा फोहोरमैला व्यवस्थापन | २०८१/८२ | ५९३३८२१ | २३७३५२८ | ३५६०२९३ | ९०२०९ | ५१२३४१८ | ७२०१९५ |
| | | २०८२/८३ | ६५६६२०५ | २६२६४८२ | ३९३९७२३ | १०२१४८ | ५६४८२६६ | ८१५७९१ |
| | | २०८३/८४ | ७१८८७५३ | २८७५५०१ | ४३१३२५२ | ११५५७३ | ६२५२०७४ | ८२११०५ |
| | २०. विपद जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलन | २०८१/८२ | ९७७३३५२ | ३९०९३४१ | ५८६४०११ | १४८५७९ | ८४३८५७० | ११८६२०३ |
| | | २०८२/८३ | ११२५६३५१ | ४५०२५४० | ६७५३८११ | १७५१११ | ९६८२७४२ | १३९८४९८ |
| | | २०८३/८४ | ९९८४३७९ | ३९९३७५२ | ५९९०६२८ | १६०५१९ | ८६८३४३७ | ११४०४२४ |
| संस्थागत विकास तथा सुशासन क्षेत्र | २१. नीति, कानून, न्याय तथा सुशासन | २०८१/८२ | २९६६९१० | १७८०१४६ | ११८६७६४ | ४५१०४ | २५६१७०९ | ३६००९७ |
| | | २०८२/८३ | ३७५२११७ | २२५१२७० | १५००८४७ | ५८३७० | ३२२७५८१ | ४६६१६६ |
| | | २०८३/८४ | ४९९२१९० | २९९५३१४ | १९९६८७६ | ८०२५९ | ४३४१७१८ | ५७०२१२ |
| | २२. संगठन तथा क्षमता विकास, जनशक्ति व्यवस्थापन र सेवा प्रवाह | २०८१/८२ | १६९२८८४२ | १०१५७३०५ | ६७७१५३७ | २५७३६० | १४६१६८०९ | २०५४६७३ |
| | | २०८२/८३ | १६५०९३१५ | ९९०५५८९ | ६६०३७२६ | २५६८३० | १४२०१३५५ | २०५११३१ |
| | | २०८३/८४ | १६९७३४४५ | १०१८४०६७ | ६७८९३७८ | २७२८८२ | १४७६१८४२ | १९३८७२१ |
| | २३. राजस्व तथा स्रोत परिचालन | २०८१/८२ | २९६६९१० | १४८३४५५ | १४८३४५५ | ४५१०४ | २५६१७०९ | ३६००९७ |
| | | २०८२/८३ | ३३७६९०५ | १६८८४५३ | १६८८४५३ | ५२५३३ | २९०४८२३ | ४१९५४९ |

| विषय क्षेत्र | विषय उपक्षेत्र | आर्थिक वर्ष | बजेट सीमा (रु.) | | | बजेटको श्रोत (रु.) | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | कुल | चालु | पुँजीगत | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार |
| | | २०८३/८४ | ३९९३७५२ | १९९६८७६ | १९९६८७६ | ६४२०७ | ३४७३३७५ | ४५६१७० |
| | २४. तथ्यांक प्रणाली र योजना तथा विकास व्यवस्थापन | २०८१/८२ | २९६६९१० | १७८०१४६ | ११८६७६४ | ४५१०४ | २५६१७०९ | ३६००९७ |
| | | २०८२/८३ | २८१४०८८ | १६८८४५३ | ११२५६३५ | ४३७७८ | २४२०६८५ | ३४९६२५ |
| | | २०८३/८४ | २३९६२५१ | १४३७७५१ | ९५८५०० | ३८५२४ | २०८४०२५ | २७३७०२ |
| गौरव तथा रुपान्तरणकारी आयोजना | गौरवका आयोजना | २०८१/८२ | ० | ० | ० | ० | ० | ० |
| | | २०८२/८३ | ० | ० | ० | ० | ० | ० |
| | | २०८३/८४ | ० | ० | ० | ० | ० | ० |
| | वडा स्तरीय आयोजना | २०८१/८२ | १३९६१९३१ | ८३७७१५९ | ५५८४७७३ | २१२२५६ | १२०५५१०० | १६९४५७५ |
| | | २०८२/८३ | १७४४७३४४ | १०४६८४०७ | ६९७८९३८ | २७१४२२ | १५००८२५० | २१६७६७२ |
| | | २०८३/८४ | १८६१०८८३ | १११६६५३० | ७४४४३५३ | २९९२०७ | १६१८५९२६ | २१२५७५१ |
| | **जम्मा** | २०८१/८२ | **३४९०४८२८५** | **१९०८३८६८९** | **१५८२०९५९६** | **५३०६४००** | **३०१३७७५०१** | **४२३६४३८४** |
| | | २०८२/८३ | **३७५२११७०५** | **२०५३७६५३६** | **१६९८३५१७०** | **५८३७०४०** | **३२२७५८०६२** | **४६६१६६०३** |
| | | २०८३/८४ | **३९९३७५१७६** | **२१९११००९१** | **१८०२६५०८५** | **६४२०७४४** | **३४७३३७४६४** | **४५६१६९६८** |

# परिच्छेद ३ : आर्थिक क्षेत्र

यस परिच्छेद अन्तर्गत कृषि तथा सिंचाई, पशु विकास, सिंचाई, उद्योग तथा व्यापार, पर्यटन तथा संस्कृति, भूमि व्यवस्था तथा सहकारी र श्रम तथा रोजगारी जस्ता उप-क्षेत्रहरूको पृष्ठभूमि, समस्या तथा चूनौति, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमान तथा जोखिम पक्षहरू समावेश गरिएको छ।

## ३.१ कृषि

### ३.१.१. पृष्ठभूमि

यस गाउँपालिका डोल्पा जिल्लाको दक्षिणी भेगमा अवस्थित रहेका छन । हावापानीका हिसाबले यो गाउँपालिका चिसो हावापानी रहेको गाउँपालिका हो । उच्च हिमाली क्षेत्र भएको हुँदा एक बाली मात्र लगाउन मिल्दछ । यस गाउँपालिकाको कुल क्षेत्रफलको ०.७८ प्रतिशत क्षेत्र कृषि भूमी रहेको छ । प्राकृतिक प्रकोपका कारण कृषि बालीको प्रति हेक्टर उत्पादन र उत्पादकत्व समेत कम रहेको हुँदा खाद्यान्नमा पर निर्भर हुनु परेको अवस्था छ । यो गाउँपालिकाको मुख्य खाद्यान्न वालीको रुपमा मकै, र कोदो रहेका छन । यहाँ उत्पादित खाद्यवालीले सरदर ४ महिना मात्र खान पुग्छ भने ८ महिनाको लागि खाद्यान्न आयात गर्नु पर्दछ । यो क्षेत्रमा दलहन बालीको रुपमा सिमि स्थानीय आलु, फलफलु -स्याऊ, ओखर, आरु, जस्ता नगदे बालीको  पकेट क्षेत्र विकास गराइ युवाहरूलाई कृषिमा संलग्न र आधुनिकीकरण, व्यवसायिकरण र यान्त्रिकरणमा जोड दिनु पर्ने देखिन्छ। वातावरणीय परिवर्तन अनुकुलन कृषि प्रणालीको विकास गर्नु, युवावर्गको विदेश पलायन रोकी उनीहरूलाई स्वदेशमै कृषिमा ब्यवसायिक बनाई कृषि क्षेत्रको विकास गर्नु अति जरुरी छ। यसकारण गाउँपालिकाले कृषि क्षेत्रका विकासका लागि आवश्यक निर्णय गरी कार्यक्रम संचालन गर्दै आएको छ । त्यसैगरी स्थानीय उत्पादनमा जोड दिई कृषिको विविधीकरण, यान्त्रिकीकरण र व्यवसायीकरण गर्दै रोजगारीको अवसर सिर्जना गर्ने नीति गाउँपालिकाले लिएको छ।

### १.१.२. समस्या तथा चुनौति

नेपालका अन्य गाउँपालिका जस्तै यस गाउँपालिकाले पनि एक स्थानीय तह एक उत्पादन र एक घर एक उत्पादन लगायतका अवधारणालाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउन नसक्नु, कृषि पेशालाई मर्यादित र आयआर्जनको मुख्य स्रोतको रुपमा अँगाल्न नसक्नु, समयमा उन्नत जातका बीउ तथा मल उपलब्ध हुन नसक्नु, खेतीयोग्य जमिनमा सिंचाई नभएका कारण आकाशे पानीको भरमा खेती गर्नुपर्ने अवस्था रहनु, उत्पादित वस्तुले बजार पाउन नसक्नु, कृषि बीमालाई प्रभावकारी रुपमा कार्यान्वयनमा

ल्याउन नसक्नु, कृषि उपजको ढुवानी खर्च अधिक हुनु, प्रांगरिक मलको प्रयोग कम हुनु, प्राविधिक जनशक्तिले आवश्यकता अनुसारको सेवा प्रदान गर्न नसक्नु, कृषि सहकारीहरू प्रभावकारी हुन नसक्नु, वर्षभरी खान पुग्ने र पुगेर पनि बिक्री गर्ने घरपरिवार न्यून हुनु, एक वडा एक प्राविधिकको व्यवस्था गर्न नसक्नु, कृषि उपजको लागि उचित व्यवस्था नहुनु, आदि कृषि क्षेत्रमा रहेका मुख्य समस्या हुन् । यसै गरी परम्परागत खेती प्रणाली तथा परम्परागत रुपमा लगाउदै आएका बालीहरू मात्र लगाउने चलन पनि समस्याको रुपमा रहेको छ ।  यसै गरी कृषिको उत्पादन र उत्पादकत्व अति नै कम रहेको तथा लाभका तुलनामा लागत बढीलाग्ने हुँदा युवाबर्गको यस क्षेत्रमा युवा बर्गको चासो कम भै युवावर्ग कृषि पेशामा आकर्षित नभई विदेश पलायन हुनु, जग्गाको खण्डिकरणले  खेतीयोग्य जमिन घट्दै गएको तथा कृषि क्षेत्रका लागि आवश्यक मल तथा उन्नत बीऊविजन प्रयोगको कमीका कारण उत्पादनमा ह्रास हुदै जानु, भौगोलिक जटिलता, कृषि ज्ञानमा कमीका कारणआवश्यक मात्रामा निजी क्षेत्रको लगानी हुन नसक्नु, कृषि उत्पादनको मूल्यमा बिचौलियाको हातमा जानु र किसानले उचित मूल्य नपाउनु, प्रविधि विकास तथा यान्त्रिकरण र व्यवसायिकरण हुन नसक्नु, जलवायु परिवर्तनको असरका कारण वालीहरूमा नयाँ रोग तथा किराहरू देखा पर्दै जानु, आवश्यक शीतभण्डार र अन्न भण्डारको व्यवस्था हुन नसक्नु, कृषि प्रसार सेवा, कृषि सुचना, कृषिऋण जस्ता कार्यक्रमहरू ग्रामिण कृषकहरूको सहज पहुँचमा पुग्न नसक्नु, कृषि उत्पादनलाई मुल्य श्रृङ्खलासँग तथा कृषि उद्योगसँग जोड्न नसक्दा बजारीकरणमा सहजता नहनु पनि समस्याको रुपमा रहेका छनर ।

कृषि पेशालाई मर्यादित बनाउनु, युवा वर्गलाई कृषि क्षेत्रमा आकर्षण गर्नु, कृषि उपजको वजार सुनिश्चित गर्नु, खेतीयोग्य जमिनमा सिंचाई सुविधा पुऱ्याउनु, कृषकहरूलाई समयमा प्राविधिक सेवा उपलब्ध गराउनु, सबै गाउँवासीहरूको बर्षभरी खान पुग्नेगरी खाद्य सुरक्षा सुनिश्चित गर्नु, दक्ष जनशक्तिको व्यवस्था मिलाउनु, कृषक परिचय पत्र उपलब्ध गराउनु र कृषकहरूलाई सहुलियत ऋण उपलब्ध गराउनु जस्ता चुनौतीहरू कृषि क्षेत्रमा रहेका छन् ।

### ३.१.३ लक्ष्य

" कृषि क्षेत्रलाई आधुनिकिकरण, व्यवसायिकरण, विविधीकरण तथा यान्त्रिकिकरण गरी कृषिजन्य वस्तुको उत्पादन तथा उत्पादकत्व बृद्धि गरी दीगो रुपमा गाउँ बासीको आर्थिक जीवनस्तरमा उल्लेख्य सुधार ल्याउनु ।"

### ३.१.४. उद्देश्य

१. कृषिबालीको उत्पादन र उत्पादकत्वमा वृद्धि गरी आत्मनिर्भर गाउँपालिकाको जग तयार गर्नु ।

२. कृषि क्षेत्रको विशिष्टिकरण, बजारीकरण मार्फत दीगो एवं व्यबसायिक प्रणालीमा रुपान्तरण गर्नु ।
३. कृषि व्यवसायलाई वातावरणमैत्री, प्रविधियुक्त, पर्यटनसँग जोड्दै परिणाममुखी र प्रतिस्पर्धी बनाउनु ।
४. कृषि उत्पादनको बजार सुनिश्चित गर्नु ।

### ३.१.५. रणनीति

१. भूमीको बैज्ञानिक व्यबस्थापन तथा चक्लाबन्दी, कृषकको बर्गिकरण गरी कृषिमा अनुदानको व्यबस्था गर्ने
२. प्रतिस्पर्धी क्षमता विकास गरी आधारभूत खाद्य, बस्तुको उत्पादन र उत्पादकत्वमा बृद्धि गर्ने ।
३. गाउँपालिकाका खेतियोग्य जमिनमा सिंचाई सुविधा उपलब्ध गराउने ।
४. कृषि क्षेत्रमा निजी, सहकारी तथा गैरसरकारी क्षेत्रको लगानी अभिबृद्धि गरी निर्यात प्रबर्द्धन गर्ने ।
५. तुलनात्मक लागत लाभ हुनसक्ने बाली, पशुपंक्षिजन्य बस्तुहरूको व्यवसायिकरण सहित खाद्य सुरक्षाको सुनिश्चित गर्ने ।
६. वातावरण मैत्री प्रविधि, वित्तिय सहयोग, बजारीकरण, सूचना प्रणाली र अन्य पूर्वाधारको विकास गरी कृषि, उत्पादन र उत्पादकत्वमा बृद्धि गर्ने ।
७. उच्च प्रतिफल प्राप्त हुने खेती क्षेत्रको पकेट क्षेत्र निश्चित गर्ने,

### ३.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

योजना तथा कार्यक्रम, आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहाय अनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाइ | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| आफ्नो उत्पादनबाट बर्षभरी खान पुग्ने परिवार | प्रतिशत | | | | |
| संचालित कृषि संकलन केन्द्र बजार | संख्या | | | | |
| सक्रिय व्यवसायिक कृषक समूह | संख्या | | | | |
| व्यवसायिक पशुपालन समूह | संख्या | | | | |
| सक्रिय कृषि सहकारी संस्था | संख्या | | | | |

### ३.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा कृषि उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार रहेको छ :

| आर्थिक वर्ष | बजेट सीमा (रु.) | | | बजेटको श्रोत (रु.) | | |
|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार |
| २०८१/८२ | २९४९४५८० | १९४७३४३४ | १००२११४६ | ४४८३९१ | २५४६६३९९ | ३५७९७९० |
| २०८२/८३ | ३४३३१८७१ | २२६६७१९६ | ११६६४६७५ | ५३४०८९ | २९५३२३६३ | ४२६५४१९ |
| २०८३/८४ | ३७३४१५७९ | २४६५४३१८ | १२६८७२६१ | ६००३४० | ३२४७६०५३ | ४२६५१८७ |

### ३.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको कृषि उपक्षेत्रको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क.सं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | कृषि पकेट क्षेत्र विकास | खेतीयोग्य १० प्रतिशत जग्गामा कृषि पकेट क्षेत्र विस्तार हुनु | २०८१/०८२ - २०८३/०८४ | ३०९४५९६० | खेतीयोग्य जग्गामा कृषि पकेट क्षेत्र विस्तार भई थप किसानहरू कृषि पेशामा संलग्न भएको हुनेछ। |
| २ | कृषि उपज संकलन केन्द्र | उत्पादित तरकारी संकलनका लागि संकलन केन्द्र स्थापना गर्नु | २०८१/०८२ - २०८३/०८४ | १५६००००० | वडाहरूमा तरकारी संकलन केन्द्र स्थापना हुने र तरकारी संकलन भई उत्पादित तरकारी बजारसम्म पुगेको हुनेछ। |
| ३ | कृषि तथा औजार अनुदान | कृषकलाई अनुदान प्रदान गर्नु | सालवसाली | ३५०००००० | कृषकहरूले अनुदान प्राप्त गरी कृषि प्रवर्द्धन कार्यमा संलग्न भएको हुनेछ। |
| ४ | कृषि प्रवर्द्धन तथा बजारीकरण | कृषि उत्पादनलाई बजारीकरण कार्यमा सहजता ल्याउनु | सालवसाली | ९८००००० | कृषि उत्पादन वृद्धि तथा वजारीकरणमा प्रभावकारीता वृद्धि भएको हुनेछ। |
| ५ | कृषि प्रसार, संचार, प्रबिधि हस्तान्तरण तथा नियमन कार्यक्रम | कृषकहरूको कृषि उत्पादन वृद्धि गर्नु | सालवसाली | ९८२२०७० | कृषि उत्पादन वृद्धि भएको हुनेछ। |
| | **जम्मा** | | | १०११६८०३० | |

### ३.१.९ जोखिम पक्ष तथा अनुमान

सबै जसो कृषि क्षेत्रमा जलवायु परिवर्तनले पार्ने असर र प्रकोपको जोखिम संभावना अधिक रहन सक्दछ त्यसमा पनि जलवायु परिवर्तनको असर पहाडी तथा हिमाली क्षेत्रमा अझ बढी भै रहेको ले जोखिम पनि त्यत्तिकै मात्रामा बढी रहेको छ। कृषि, प्रविधि, मल, गुणस्तरीय बीउ तथा कृषि सामग्री, भरपर्दो सिंचाई प्रणाली, कृषि प्रसार, कृषि भूमिको संरक्षण र एकीकृत व्यवस्थापन गर्न नसकिएमा अपेक्षित नतिजा हासिल नहुने जोखिम रहन्छ। संघीय शासन व्यवस्था अनुसार संघीय, प्रदेश र स्थानीय तहबीच नीति, योजना तथा कार्यक्रमको सामाञ्जस्यता, समन्वय र सहकार्यले गर्दा कृषि पूर्वाधार, प्रविधि तथा सीप विकास हुनेछ। वैदेशिक रोजगारबाट प्राप्त पूँजी कृषि व्यवसायमा परिचालन हुनेछ। गाउँपालिकाले कृषि व्यवसाय प्रवर्द्धनका लागि लिईने नीति र कार्यक्रमले बेरोजगार युवाहरू कृषिमा आधारित व्यवसायमा आकर्षिक हुनेछन् । भने कतिपय युवाहरूले कृषि प्रबिधि तथा अत्याधुनिक औजारहरू सञ्चालन गर्न सक्ने गरी दक्ष हुनेछन । स्थानीय हावापानी तथा माटो सुहाउदो खेती प्रणाली स्थापना भै आय तथा रोजगारीमा वृद्धि हुनेछ।

## ३.२ सिंचाई

### ३.२.१ पृष्ठभूमि

कृषि क्षेत्रको प्रवर्द्धन र विकासका लागि सिंचाईको महत्वपूर्ण भूमिका हुन्छ। तसर्थ कृषि क्षेत्रको विकासका लागि सिंचाईलाई मेरुदण्डका रुपमा लिइन्छ । कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धिमा सिँचाई महत्वपूर्ण माध्यम भएता पनि यस गाउँपालिकामा रहेको कूल कृषियोग्य जमीन मध्ये ३३.९ प्रतिशत जमिनमा सिँचाई योग्य रहेको छ । यसमध्ये साना ठूला गरी १२ वटा कुलाहरूबाट सिँचाई सुविधा उपलव्ध भएको छ। सिँचाई सुविधाका दृष्टिले एक मात्र काली कर्णाली नदि रहेको र जहाँबाट लिफ्टिङ सिस्टमबाट पानी तान्नुपर्ने हुन्छ । यस बाहेक अन्य साना खोल्सी तथा बर्षे मुल बाट केहि मात्रामा सिंचाई सुविधा भएको छ । यसका अलावा यस गाउँपालिकामा बाँकी भागमा आकाशे पानीको भरमा निर्वाहमुखी कृषि प्रणालीलाई निरन्तरता दिनु पर्ने बाध्यता रहेको छ। तसर्थ कृषि क्षेत्रको आधुनिकीकरण, यान्त्रिकीकरण र बजारीकरणलाई बढवा दिनका लागि नियमित रुपमा सिंचाईको व्यवस्थापन हुन अपरिहार्य छ । यस गाउँपालिकाले कृषि क्षेत्रको विकासलाई उच्च प्राथमिकता राखेको र विगत देखिनै सिंचाईका क्षेत्रमा लगानी समेत गर्दै आएको छ। मुख्यतः भूमिगत सिंचाई प्रणालीबाट कृषि उत्पादनलाई वृद्धि गर्न सकिन्छ । त्यसैगरी बर्षातको पानी संकलन पोखरी जस्ता बैकल्पिक उपायहरूमार्फत सिंचाई सेवा उपलब्ध गराई कृषि उत्पादन बृद्धि गर्नको लागि गाउँपालिकाको प्रयास केन्द्रित रहनुपर्दछ ।

### ३.२.२ समस्या तथा चुनौति

सिंचाई सुविधा विस्तार गर्न बजेटको कमि, गाउँपालिकाको संस्थागत क्षमता कमजोर हुनु, परम्परागत सिंचाई प्रणालीमा निर्भर हुनु पर्ने बाध्यता रहनु, जलस्रोत परिचालन सम्बन्धी उपभोक्ता समितिहरूमा सीप र ज्ञानको कमि हुनु, आवश्यक सिंचाई आयोजनाहरू संचालन गर्न नसक्नु, खेतीयोग्य जमिनमा मानव वस्ती विकास हुँदै जानु यस क्षेत्रका मुख्य समस्याहरू हुन् । कृषि योग्य जमिनमा न्यून सिँचाई सुविधा हुनु, सिँचाई विकासमा आधुनिक प्रविधि (थोपा सिँचाई, प्लाष्टिक पोखरी, लिफ्टिङ) को प्रयोगमा कमी हुनु, सिँचाई कुलो र पोखरी गुणस्तरीय तथा पक्की नहुनु, भएका सिँचाई आयोजनाहरू पनि पूर्ण क्षमतामा प्रयोगमा आउन नसक्नु, मर्मत सम्भारको कमी हुनु, सिँचाई स्रोत मुहान सुक्दै जानु, जल उत्पन्न प्रकोपले सिँचाई आयोजनामा क्षति पुग्नु, कृषि प्रणाली र सिँचाई बीच अन्तरसम्बन्ध स्थापित गर्न नसकिनु आदि यस क्षेत्रका प्रमुख समस्याहरू रहेका छन् ।

सिंचाईको सुविधा विस्तारका लागि पर्याप्त लगानी बढाउनु, उत्थानशील/बलियो र भरपर्दो सिंचाई नहर र कुलोहरूको निर्माण गर्नु, निजी क्षेत्रको लगानीलाई प्रोत्साहित गर्नु, सिंचाई पूर्वाधार विकासका लागि संघ, प्रदेश र स्थानीय तहको संयुक्त लगानीको प्रवन्ध गर्नु, कृषि योग्य जमिनको संरक्षण गर्नु, जलवायु परिवर्तनबाट पानीको उपलब्धतामा हुनसक्ने प्रतिकूल असरलाई न्यूनीकरण गर्ने उपाय अवलम्बन गर्नु, सिंचाईमा नयाँ प्रविधिको प्रयोग गर्नु, सम्पन्न आयोजनाहरूमा जनसहभागिता जुटाई दिगो रुपमा संचालन गर्नु र बाह्रै महिना नियमित रुपमा सिंचाई सुविधा उपलब्ध गराउनु यस क्षेत्रका मुख्य चुनौतीहरू हुन् । त्यसै गरी स्थानीय समुदायहरूद्वारा संचालन भईआएका परम्परागत सिँचाई प्रणालीका कुलाहरूको संरक्षण गर्नु, सिँचाई कुलाहरूको मर्मत सम्भारमा लाभग्राही उपभोक्ता समितिहरूलाई जिम्मेवार बनाउनु, सिँचाई विकासका लागि अन्तरसरकार र साझेदारहरूबीच प्रभावकारी समन्वय स्थापित गर्नु, बैकल्पिक सिँचाई प्रविधिहरूको प्रयोग बढाउनु आदि यस क्षेत्रका प्रमुख चुनौती हुन् ।

### ३.२.३ लक्ष्य

" सिंचाईका विविध माध्यमबाट गाउँपालिकाका मुख्य कृषियोग्य भूमीमा सिंचाई सुविधाको विस्तार भएको हुने"

### ३.२.४ उद्देश्य

१. गाउँपालिका भित्र रहेका जलस्रोतको उपयोग गरी लिफटिङ तथा सतही सिंचाई सुविधाको विकास विस्तार गर्ने ।

२. सिंचाइका आधुनिक प्रविधिको साथै बैकल्पिक विधि प्रयोग गरी सिंचाई सुविधा विकास र विस्तार गर्ने ।

### ३.२.५ रणनीति

१. विद्यमान सिँचाई प्रणालीको संरक्षण, सम्भार र स्तरोन्नती गर्ने ।

२. जलउत्पन्न प्रकोपको क्षति नियन्त्रण गर्नु ।

३. बैकल्पिक तथा आधुनिक सिंचाई प्रणालीको विकास गर्ने ।

४. जलवायु परिवर्तन अनुकूलन हुने गरी सिंचाई योजनाहरूको विकास एवम् विस्तार गर्ने ।

### ३.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरणको अगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाइ | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| खेतीयोग्य जमिन मध्ये १२ महिना सिंचाई पुगेको जग्गा | प्रतिशत | ४ | ६ | १० | १४ |
| निर्माण भएका सिंचाई पोखरी | संख्या | | | | |
| मर्मत गरिएका पुराना सिंचाई आयोजना | वटा | | | | |
| मर्मत सम्भार गरिएका कुलोको लम्वाई | किमि | | | | |
| विकास गरिएका नयाँ सिंचाई प्रणालीहरू | संख्या | | | | |

स्रोतः गाउँपालिकाको विवरण प्रतिवेदन

### ३.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा सिंचाई उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहाय अनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट सीमा (रु.) | | | बजेटको श्रोत (रु.) | | |
|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार |
| २०८१/८२ | २२३३९०९० | ८९३५६३६ | १३४०३४५४ | ३३९६१० | १९२८८१६० | २७११३२१ |
| २०८२/८३ | २१३८७०६७ | ८५५४८२७ | १२८३२२४० | ३३२७११ | १८३९७२१० | २६५७१४६ |
| २०८३/८४ | २३१६३७६० | ९२६५५०४ | १३८९८२५६ | ३७२४०३ | २०१४५५७३ | २६४५७८४ |

### ३.२.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | सिंचाई गुरुयोजना सहित सुविधा विस्तार | खेतीयोग्य जग्गामा सिंचाई सुविधा विस्तार गर्नु | २०८१/०८२ - २०८३/०८४ | ३६३५१२३८ | सिंचाई सुविधा विस्तार भएको हुनेछ। |
| २ | साना सिंचाई आयोजना सहयोग र विस्तार | साना किसानहरूलाई सिंचाई सुविधामा पहुँच वृद्धि गर्नु | सालवसाली | १२५३७०१६ | स्थानीय कृषकहरूको साना सिंचाईको प्रयोगबाट उत्पादन वृद्धि भएको हुनेछ। |
| ३ | सिंचाई संरचना मर्मत तथा सुधार | विद्यमान सिंचाई सुविधामा सुधार गर्नु | सालवसाली | ११७८३१३८ | सिंचाई आयोजनाहरूको मुहान संरक्षण भई सुविधामा सुधार भएको हुनेछ। |
| ४ | बैकल्पिक तथा आधुनिक सिंचाई प्रणालीको विकास | थोपा सिंचाइ, प्लाष्टिक पोखरी जस्ता बैकल्पिक विधिको प्रयोगबाट सिंचाई सुविधा विस्तार गर्नु | सालवसाली | ६२१८५२६ | बैकल्पिक सिंचाईको प्रयोगबाट उत्पादन वृद्धि भएको हुनेछ। |
| | जम्मा | | | ६६८८९९१८ | |

### ३.२.९ जोखिम पक्ष तथा अनुमान

व्यवसायिक कृषि उत्पादनको लागि प्रविधि तथा नविनतम खोज तथा विकास गरेर सिंचाई व्यवस्थापन गर्न नसकिएमा वा हुन नसकेमा अपेक्षित नतिजा हासिल नहुने जोखिम रहन्छ । तीनै तहका सरकारहरूबाट कृषियोग्य भूमीमा सिंचाई सुविधा प्रदान गर्ने नीति, कार्यक्रमबीच सामञ्जस्यता, समन्वय र सहकार्यमा पूर्वाधार, प्रविधि तथा सीप विकास हुनेछ । गाउँपालिका र प्रदेश सहित संघीय सरकारहरूबाट प्रविधियुक्त सिंचाई विस्तारमा पूँजी विस्तार हुनेछ र कृषि उत्पादन वृद्धिले युवाहरूलाई कृषिमा आधारित व्यवसायमा आकर्षिक हुनेछन् ।

## ३.३ पशुपंक्षी

### ३.३.१ पृष्ठभूमि

यस गाउँपालिकाको आर्थिक गतिविधि मध्ये पशुपंछी पालन पनि एक हो । यस क्षेत्रमा परम्परागत तथा व्यावसायिक रुपमा पशुपंक्षी पालनको अभ्यास भइरहेको छ । यस गाउँपालिकामा झण्डै ८० प्रतिशत किसानहरू पशुपंक्षी पाल्दछन् । धेरै जसो व्यवसाहिक रुपमा नभइ आफ्नो गर्जो टार्नको लागि पशुपालन गर्दछन् । यस गाउँपालिकाको कुल क्षेत्रफलको २१.०९ प्रतिशत भूभाग घाँसे मैदान रहेको रहेको (गाउँपालिकाको प्रोफाइल २०७७) प्रतिशत घाँसे मैदान रहेको छ यसका अलवा कृषि योग्य जमिन बाझो, रहेको तथा बन क्षेत्र पनि चरनको लागि प्रयोगमा ल्याउन सकिन्छ । भौगोलिक तथा वातावरणीय अवस्थाले यस क्षेत्र कृषिका लागि भन्दा पशुपालनको लागि उपयुक्त स्थान रहेको छ ।

पशुपंक्षी क्षेत्रको विकासका लागि गाउँपालिकाले उन्नत जातका पशु, घाँसको बीउ वितरण जस्ता कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । यस्ता कार्यक्रमहरूले गाउँवासी कृषकहरूलाई पशुपंक्षी तथा मत्स्य पालनका लागि थप आकर्षण प्रदान गरेको छ । विगत देखिनै यस गाउँपालिकामा दुग्घ पदार्थ र मासु उत्पादन तथा खपत वृद्धि भएको छ भने दुध र माशुजन्य पदार्थमा निर्यात गरेको छ । युवाहरूलाई व्यवसायीक रुपमा पशु, पंक्षी पालनमा आकर्षण गर्न आधुनिकीकरण, ब्यवसायीकरण र यान्त्रिकरणमा जोड दिनु पर्ने देखिन्छ । युवावर्गको विदेश पलायन रोकि उनीहरूलाई स्वदेशमै पशु, पंक्षी पालनमा व्यवसायिक बनाई यस क्षेत्रको विकास गर्नु अति जरुरी छ ।

### ३.३.२ समस्या तथा चुनौति

पशुपालन क्षेत्रमा अझै पनि किसानहरूको आकर्षण बढ्न नसक्नु, सुधारीएको गोठ, चरन क्षेत्रको ब्यबस्थापन, उन्नत जातको नश्लको कमी, आवश्यक प्रविधिक जनशक्तिको कमी, प्राकृतिक प्रकोप, अन्य रोगजन्य प्रकोपका कारण पशुपंक्षीजन्य उत्पादन र उत्पादकत्व समेत कम रहेको छ । बजारको लागि पशु हाट बजार नहुनु जसको कारण किसानहरूले चाहेको समयमा बेचबिखन गर्न समस्या हुनु,

पशुपालन पेशालाई सम्मानित पेशा र लगानीमैत्री बनाउन नसक्दा युवावर्ग आकर्षित नभई विदेश पलायन हुनु, किसानले उचित मूल्य नपाउनु, प्रविधि विकास तथा यान्त्रिकरण र व्यवसायिकरण हुन नसक्नु, पशुपंक्षीमा रोग लाग्दा उचित भेटेनरी सेवाको उपलब्धता नहुनु, खुल्ला आकासामा बाख्रा, भेँडा र चौरी पालन गर्ने प्रचलन जसले गर्दा जंगली जनवारबाट क्षति ब्यहोर्नु, आवश्यक पशु बधशालाको व्यवस्था हुन नसक्नु  तथा मासु प्रशोधन भई निर्यात हुन नसक्नु, प्रचार, प्रसार, सुचना, पशुपंक्षी, बीमा, सहुलियत ऋण जस्ता कार्यक्रमहरू कृषकहरूको पहुँचमा पुग्न नसक्नु, पशु, पंक्षी, सम्बन्धि उत्पादनलाई मुल्य श्रृङ्खलासँग तथा दुध तथा मासुजन्य उद्योगसँग जोड्न नसक्दा बजारीकरणमा समस्या देखिनु ।

कृषकको बजारसँग प्रत्यक्ष पहुँच नहुँदा विचौलियाको हस्तक्षेप हुनु, नीतिगत रुपमा गाउँपालिकाले प्राथमिकतामा राखेता पनि आवश्यक बजेट विनियोजन नहुनु, मौरीपालन कृषकहरूले आवश्यक प्राविधिक सहयोग नपाउनु जस्ता समस्याहरू रहेका छन् । यसै गरी बजारीकरणको बारेमा कृषक जानकार नहुनु, बजारीकरणका लागि स्थानीय सरकारहरूको चासो कम हुन, कमजोर बजारीकरणका कारण मिल्क होलिडे जस्ता समस्या आइ दुध जन्य पदार्थहरू खेर जानु पनि समस्या तथा चुनौतिको रुपमा रहेका छन् । पशुपालन लगायतका क्षेत्रमा राज्यले अनुदान नदिनु जसका कारण उत्पादन लागत बढी भै विदेशबाट आयातित भन्दा मूल्य बढी प्रतिस्पर्धा गर्न नसक्नु, खुल्ला सीमाना भएका कारण भारतका उत्पादन सहज रुपमा भित्रिनु पनि समस्या तथा चुनौति कै रुपमा रहेका छन ।

पशुपंक्षी क्षेत्रको विकासमा कृषकलाई पशुपालन व्यवसाय तर्फ आकर्षण गर्नु, किसानहरूको पेशाप्रति निरन्तरता दिन प्रभावकारी रुपमा आवश्यक प्रोत्साहन र सहयोगका कार्यक्रमहरू सञ्चालन गर्नु, कृषकलाई घरदैलो सेवा उपलब्ध गराउनु, वडागत सेवा केन्द्र तथा उपशाखाहरू स्थापना गर्नु, आवश्यक स्रोतहरूको स्थापना तथा विकास गर्नु, प्रारम्भिक उत्पादनको लागि आवश्यक प्रविधि र स्रोत साधनको व्यवस्था गर्नु जस्ता चुनौतीहरू विद्यमान छन् । यसै गरी वर्षेनी विदेश पलायन हुने युवा जनशक्तिलाई रोकेर पशुपालन ब्यबसायलाइ मर्यादित बनाउन, पशु बीमा कार्यक्मलाई कृषकहरूमा सहज तरिकाले पुर्‍याउन, बाघ तथा अन्य जंगली जनवारको आक्रमणबाट जोगाउन तथा प्राकृतिक प्रकोपबाट जोगाउन, कृषकहरूले परम्परागत शैलिलाई सुधार गरी आधुनिक प्रणलीबाट ब्यबसायीकरण गर्न, पशु, पंक्षी र मत्यपालन पेशालाई आधुनिकिकरण प्रतिस्पर्धी, व्यावसायिक, नाफामूलक र सम्मानित पेशाको रूपमा स्थापित गर्ने पनि मुख्य चुनौतीको रुपमा रहेका छन् ।

### ३.३.३ लक्ष्य

पशुपालन क्षेत्रलाई आधुनिकिकरण, व्यवसायिकरण, विविधीकरण गरी पशुजन्य उत्पादन तथा उत्पादकत्व वृद्धि गरी दीगो रुपमा गाउँबासीको आर्थिक जीवनस्तरमा उल्लेख्य सुधार ल्याउने ।

### ३.३.३ उद्देश्य

१. पशुपालन क्षेत्रको उत्पादन र उत्पादकत्वमा वृद्धि गरी आत्मनिर्भर गाउँपालिकाको जग तयार गर्ने ।

२. पशुपालन क्षेत्रको विशिष्टिकरण, बजारीकरण मार्फत दीगो व्यबसायिक प्रणालीमा रुपान्तरण गर्ने ।

३. पशुपालन व्यवसायलाई वातावरणमैत्री, प्रविधियुक्त, पर्यटनसँग जोड्दै परिणाममुखी र प्रतिस्पर्धी बनाउने ।

### ३.३.५ रणनीति

१. किसानहरूको बर्गिकरण गरी अनुदानको व्यबस्था गर्ने ।

२. प्रतिस्पर्धी क्षमता विकास गरी उत्पादन र उत्पादकत्वमा बृद्धि गर्ने ।

३. पशुपालन क्षेत्रमा निजी, सहकारी तथा गैरसरकारी क्षेत्रको लगानी अभिबृद्धि गरी निर्यात प्रबर्द्धन गर्ने ।

४. तुलनात्मक लागत लाभ हुनसक्ने पशुपंक्षि जन्यबस्तुहरूको व्यवसायिकरण सहित प्रोटिन आपूर्तिमा सुनिश्चित गर्ने ।

५. पशुपालक कृषकको ब्यबसायिक क्षमता विकास गर्ने ।

६. वातावरण मैत्री प्रविधि, वित्तिय सहयोग, बजारीकरण, सूचना प्रणाली र अन्य पूर्वाधारको विकास गरी पशुपंक्षी एवं मत्स्य उत्पादन र उत्पादकत्वमा बृद्धि गर्नु ।

### ३.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

योजना तथा कार्यक्रम र आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाइ | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| वार्षिक दुधको उत्पादन | मे ट | ८.५८ | ९ | १० | ११ |
| बार्षिक मासु उत्पादन (खसी बोका, राँगा, सुँगुर, बंगुर, कुखुरा) | मे ट | २९१ | ३०० | ३२५ | ३५० |
| भैसी | वटा | १४ | २० | ३० | ५० |
| गाई | वटा | २००० | २२०० | २३०० | २४०० |
| चौरी गाई | वटा | ६००० | ६२०० | ६४०० | ६६०० |
| भेडा बाखा | वटा | १७७०० | १८००० | १९००० | २०००० |
| व्यवसायिक भेडा फर्म | वटा | २३ | २५ | २८ | ३२ |
| व्यवसायिक चौरी फर्म | वटा | १२ | १५ | १८ | २० |

स्रोतः आवधिक योजना

### ३.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा पशुपंक्षी विकास सम्वन्धी उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट सीमा (रु.) | | | बजेटको श्रोत (रु.) | | |
|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार |
| २०८१/८२ | १२२१६६९० | ३६६५००७ | ८५५१६८३ | १८५७२४ | १०५४८२१३ | १४८२७५३ |
| २०८२/८३ | १३५०७६२१ | ४०५२२८६ | ९४५५३३५ | २१०१३३ | ११६१९२९० | १६७८१९८ |
| २०८३/८४ | १४७७६८८२ | ४४३३०६४ | १०३४३८१७ | २३७५६८ | १२८५१४८६ | १६८७८२८ |

### ३.३.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहाय अनुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | पकेट क्षेत्र विकास | बाखापालन पशुपालन लगायतका पकेट क्षेत्र विकास गर्नु | २०८०/०८१-२०८१/०८२ | १६००५६५३ | वडामा बाखापालन पशुपालन लगायतका पकेट क्षेत्र स्थापना भएको हुनेछ । |
| २ | पशुपंछी इकाई विस्तार र सेवा प्रवाह (नस्ल सुधार, पशु आहार, परजीवि नियन्त्रण) | गाउँपालिका क्षेत्रमा पशुपंक्षी इकाई स्थापना गर्नु | २०८०/०८१-२०८१/०८२ | ४०४४९२७ | गाउँपालिकामा पशुपंक्षी विकास शाखाको विस्तार भएको हुनेछ । |
| ३ | व्यवसायिक पशुपंक्षी उत्पादन प्रवर्द्धन कार्यक्रम (खोर सुधार, बाच्छाबाच्छी सहयोग) | पशुपंक्षी उत्पादन वृद्धि गर्नु | सालवसाली | ११५७५०२५ | पशुपंक्षीको उत्पादन वृद्धि भई निर्यात भएको हुनेछ । |
| ४ | पशुपंक्षी उपचार, प्रसार सूचना तथा प्रविधि हस्तान्तरण तथा नियमन कार्यक्रम | पशुपंक्षी पालन व्यवसायलाई व्यवसायिक गर्नु | सालवसाली | ७८५९६४५ | व्यवसायिक पशुपंक्षी पालनमा कृषकहरूलाई सहयोग भई आयवृद्धि भएको हुनेछ । |

| क.सं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ५ | पशुपालन कृषकको क्षमता, दक्षता विकास कार्यक्रम | पशुपालन कृषकको क्षमता, दक्षता वृद्धि हुनेछ | सालवसाली | १०१५९४३ | व्यवसायिक पशुपंक्षी पालनमा कृषकहरूको ज्ञान तथा दक्षता वृद्धि भई आयवृद्धि भएको हुनेछ । |
| | जम्मा | | | ४०५०११९३ | |

### ३.३.९ जोखिम पक्ष तथा अनुमान

पशुपालन व्यवसाय प्रवर्द्धनका लागि प्रविधि, पशु प्रसार, चरण क्षेत्र र आहार, पशुपंक्षी उपचार जस्ता विषयहरूलाई एकीकृत व्यवस्थापन गर्न नसकिएमा अपेक्षित नतिजा हासिल हुने जोखिम रहन्छ । तीनै तहका सरकारहरूबीच नीति, कार्यक्रमबीच सामाञ्जस्यता, समन्वय र सहकार्यमा पूर्वाधार, प्रविधि तथा सीप विकास हुनेछ । वैदेशिक रोजगारबाट प्राप्त पूँजी पशुपंक्षीपालन व्यवसायमा परिचालन हुनेछ र पशु व्यवसायमा क्रियाशिल कृषकहरू र वेरोजगार युवाहरू पशुपालनमा आकर्षिक हुनेछन् । त्यसै गरी कृषि बीमा अन्तरगत पशुपंक्षी लगायतको बीमाका कारण पनि कृषकको जोखिम कम भै यस क्षेत्र तर्फ आकर्षित हुनेछन । यसका साथै कर्णाली प्रदेशको मुख्य मन्त्री वातावरण मैत्री नमुना गाउँ स्थापना गर्ने कार्य प्राथमिकताका साथ कार्यान्वयनमा आउनु, विदेशबाट फर्किएका युवाहरू सीप, ज्ञान, पुँजी र उन्नत प्रविधिसहित यस क्षेत्रको व्यवसायमा आकर्षित हुँदै जानु, यातायातको सुविधा बढ्दै जानुका तथा सबैतिरको बजारसँग यातायातले जोडिनु, अतिरिक्त पछिल्ला वर्षहरूमा दुध र माशु उत्पादनको क्षेत्रमा सहुलियत ऋण उपलब्ध हुनु, पशु पंक्षी बीमा, नयाँ प्रविधिहरूको उपयोगले समेत यस क्षेत्रमा थप अवसरहरू सिर्जना हुँदै जानु, यस क्षेत्रमा लागानी गर्न निजि क्षेत्रको चासो बढ्नु, प्रसस्त चरन क्षेत्र हुनु ले पनि सम्भावना प्रशस्त भएको अनुमान गर्न सकिन्छ ।

## ३.४ उद्योग, व्यापार तथा व्यवसाय

### ३.४.१ पृष्ठभूमि

गाउँपालिकावासीको आर्थिक समृद्धि गर्नका लागि उद्योग क्षेत्रको विकास, विस्तार र प्रवर्द्धन गर्नु अपरिहार्य छ । यसको लागि स्वदेशी तथा बैदेशिक लगानी प्रवर्द्धनमा गाउँपालिकाले जोड दिनुपर्दछ । सम्भव भएसम्म ठूला तथा मझौला, लघु तथा साना उद्योगमा गाउँपालिकाले ध्यान दिनुपर्दछ ।

गाउँपालिकामा ठुला उद्योगहरूको स्थापना हुन नसके तापनि गाउँपालिकामा उपलब्ध स्थानीय स्रोत र साधनको उपयोग गरी विभिन्न साना तथा घरेलु, कृषिजन्य तथा बन पैदावारमा आधारित उद्योग तथा

व्यापार/व्यवसायहरू सञ्चालनमा रहेका छन् । जसले गाउँपालिकाको आर्थिक विकासमा टेवा पुऱ्याएको छ । साना तथा घरेलु उद्योगहरूमा कुटानी/पिसानी पानी घट्ट, फर्निचर उद्योग, रहेका छन् भने व्यापार व्यवसायमा किराना पसल, मासु पसल, कपडा/फेन्सी पसल, फोटो स्टुडिया, रेष्टुरेन्ट/चिया पसल, होटल/लज रहेका छन् ।

स्थानीय सरकार सञ्चालन ऐनले लघु, घरेलु र साना उद्योगको दर्ता, नवीकरण, खारेजी, नियमन, प्रवर्द्धन र व्यवस्थापन एवं उद्यमशिलता विकास र प्रवर्द्धनको आधिकार स्थानीय सरकारलाई दिएको छ । साथै स्थानीय सेवाको व्यवस्थापन, स्थानीय बजार व्यवस्थापन आदि कुराहरू स्थानीय सरकारको कार्यक्षेत्रमा पर्दछन् ।

घरेलु तथा साना उद्योग विकास कार्यक्रम मार्फत उद्यमीका लागि सीपमूलक तालिम, महिला उद्यमीलाई कर्जामा पहुँच लगायतका कार्यक्रमहरू सञ्चालन गर्न आवश्यक छ । तसर्थ गाउँपालिकाले गाउँवासीहरूको उद्यमशीलताको विकासका साथै गरिबीको रेखामुनि रहेका युवा तथा महिला र वैदेशिक रोजगारीबाट फर्किएका वा स्वदेशमा रोजगारी गुमाएका बेरोजगार व्यक्तिहरूलाई लघु उद्यम विकास कार्यक्रम मार्फत लाभान्वित गराउनु अपरिहार्य छ ।

### ३.४.२ समस्या तथा चुनौति

सानो आकारको बजार हुनु, आर्थिक स्रोत प्रवाहको आकार सानो हुनु, स्थानीय उत्पादन भन्दा आयातित सामग्रीको व्यापारमा आकर्षित रहनु, स्थानिय कच्चा पदार्थमा उद्योग संचालन हुन नसक्नु, उद्योगको क्षेत्रमा आधुनिक प्रबिधिको प्रयोग कम हुनु, उद्योग तथा व्यापार विस्तारका लागि प्रयाप्त प्रोत्साहनमा कमी, दक्ष जनशक्तिको कमी र पुँजी अभावले उद्योग तथा व्यवसायको विस्तारको गतिलाई कमजोर तुल्याएका कारण गुणस्तरीय एवं प्रतिस्पर्धी वस्तु तथा सेवा उत्पादन हुन सकेको छैन । मुलुकको आर्थिक तथा राजनीतिक परिस्थिति एवं महामारीका कारण उद्योग तथा व्यापार क्षेत्र नकारात्मक रुपमा प्रभावित हुने गरेको छ । औद्योगिक क्षेत्रको विकासका लागि आवश्यक योजना तयार भएका छैन भने सरकारी तवरबाट सहज वातवरण तयार हुन सकेको छैन । सरकारी कार्यालयहरूको कार्यसम्पादनमा ढिलासुस्ती, झन्झटिलो प्रक्रियाका कारण पनि नयाँ लगानी, उद्यमशीलता र व्यवसाय गर्ने वातावरणमा उल्लेख्य सुधार हुन सकेको छैन । व्यवसाय दर्ता, सञ्चालन तथा कर प्रणालीमा अझै प्रक्रियागत जटिलता कायम रहेको छ भने करका दर पनि बढी छन ।

आयातित वस्तुसँग प्रतिष्पर्धा गर्नु, उत्पादनमा गुणस्तरीयता कायम गर्नु, उद्योगमैत्री वातावरण निर्माण गर्नु, मौजुदा उद्योगहरूलाई रुग्ण हुनबाट जोगाउनु, उद्योगहरूमा आधुनिक प्रविधिको प्रयोग गर्नु यस क्षेत्रका प्रमुख चुनौतीहरू हुन् । साथै स्थानीय स्तरमा लगानी गर्नु, स्थानीय पूँजी, सिप, र ज्ञानको उपयोग औद्योगिक क्षेत्रमा गर्नु, स्थानीय स्तरमा स्वरोजगार सिर्जना गर्नु र नविनतम प्रविधि एवम् वातावरणमैत्री उत्पादन प्रक्रिया प्रयोगमा ल्याउनु, अपेक्षा अनुसार उत्पादनको क्षेत्रमा लगानी गरी उत्पादन र उत्पादकत्व बढाउनु, निजीक्षेत्रलाई प्रतिस्पर्धीभन्दा परिपूरकको रुपमा सहकार्य गर्ने संस्कारको विकास गराउन जस्ता चुनौतीहरू पनि यस क्षेत्रमा रहेका छन् ।

### ३.४.३ लक्ष्य

"स्थानयि श्रम, सीप, पुंजि, प्रविधि, ज्ञान र बजारको उच्चतम परिचालनको माध्यामद्धारा, निजी क्षेत्रको पुँजीलाई उत्पादन र उत्पादकत्वमा गुणस्तरीय वृद्धि गरी रोजगारी सिर्जना तथा गाउँपालिकाको आर्थिक अवस्थामा सुधार ल्याउने ।

### ३.४.४ उद्देश्य

१. लगानीमैत्री वातावरण सिर्जना गरी निजी क्षेत्रलाई उत्पादन तथा वितरणको क्षेत्रमा लगानी गर्न उत्प्रेरणा जगाउने ।
२. निजि क्षेत्रसँग छरिएर रहेको पूजीलाई संकलन गरी उत्पादनका क्षेत्रमा आकार्षण भई स्वरोजगार एवं रोजगारको सिर्जना मार्फत गरीबी न्यूनिकरण गर्ने ।

### ३.४.५ रणनीति

१. आवस्यक नीति र कानून बनाइ संस्थागत संरचनाको स्थापना गर्ने ।
२. लगानीकको सम्भाव्य क्षेत्र पहिचान गर्ने । स्थानीय स्रोत साधनमा आधारित थोरै पूँजीबाट छिटो प्रतिफल प्राप्त हुने लघु, घरेलु तथा साना उद्योगको प्रवर्द्धन गर्ने ।
३. निजी क्षेत्रको पुंजीलाई उत्पादनमूलक क्षेत्रमा लगानी गर्न उत्प्रेरित गर्ने ।
४. आर्थिक रुपमा पछाडी परेको व्यक्ति, समुदाय र वर्गको उचित रुपमा श्रममको परिचालन गर्ने ।
५. स्थानीय रुपमा संचालन गर्ने व्यवसायको उत्थान तथा प्रवर्द्धनमा सहयोग गर्ने ।
६. घरेलु उद्योगको संरक्षण र प्रवर्द्धन गर्ने ।

### ३.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

योजना र कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरणमा उल्लेखित आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएकोछ :

| सूचक | एकाई | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| गाउँपालिकाभित्र स्थापना भएका थप घरेलु तथा साना उद्योग | संख्या | | | | |
| पुनर्स्थापना भएका साना तथा घरेलु उद्योग | प्रतिशत | | | | |
| वनस्पती जन्य उद्योग संख्या | संख्या | | | | |
| उद्योगको लागि आवश्यक भौतिक पूर्वाधार पुगेको बजार केन्द्रहरू | संख्या | | | | |

### ३.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा उद्योग तथा व्यापार उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट सीमा (रु.) | | | बजेटको श्रोत (रु.) | | |
|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | आन्तरिक श्रोत | नेपाल सरकार | प्रदेश सरकार |
| २०८१/८२ | १२२१६६९० | ४८८६६७६ | ७३३००१४ | १८५७२४ | १०५४८२१३ | १४८२७५३ |
| २०८२/८३ | १३५०७६२१ | ५४०३०४९ | ८१०४५७३ | २१०१३३ | ११६१९२९० | १६७८१९८ |
| २०८३/८४ | १४७७६८८२ | ५९१०७५३ | ८८६६१२९ | २३७५६८ | १२८५१४८६ | १६८७८२८ |

### ३.४.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ :

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | औधोगिक ग्राम स्थापना र उद्यम संचालन सहयोग | औद्योगिक ग्राम स्थापना गर्नु | २०८१/०८२ - २०८३/०८४ | २१५४९००२ | औधोगिक ग्राम स्थापना भई उद्यम व्यवसायको शुरुवात भएको हुनेछ । |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | स्थानीय कच्चा पदार्थ, श्रम र सीपमा आधारित लघुउद्यम सम्भावना अध्ययन र लघु घरेलु साना उद्योग प्रवर्द्धन कार्यक्रम | लघुउद्यमको सम्भावना अध्ययन गरी सीप वृद्धि गर्नु स्थानीय कच्चा पदार्थ, श्रम र सीपमा आधारित लघुउद्यम प्रवर्द्धन गर्नु । | सालवसाली | ९००७८४४ | गाउँपालिकामा उद्यमहरूको अध्ययन भई प्रवर्द्धनात्मक कार्यक्रम संचालन भएको हुनेछ । |
| ३ | व्यापार व्यवसाय तथा उद्यमशीलता प्रवर्द्धन कार्यक्रम | व्यापार व्यवसाय प्रवर्द्धन गर्नु, स्थानीय नागरिकमा उद्यमशीलता विकास गरी स्वरोजगारीमूलक घरेलु तथा साना उद्योगको स्थापना | सालवसाली | ७०२८४०४ | गाउँपालिकाको बजार र ग्रामीण क्षेत्रमा व्यापार व्यवसाय अभिवृद्धि भएको हुनेछ । |
| ४ | अध्यक्षसँग युवा उद्यम कार्यक्रम | युवाहरूलाई उद्यमशीलतामा आकर्षण गर्नू | सालवसाली | २९१५९४३ | युवाहरूलाई उद्यमशील भइ रोजगारीको सिर्जना हुनुको साथै विदेश पलायन कम हुने । |
| | जम्मा | | | ४०५०११९३ | |

### ३.४.९ जोखिम पक्ष तथा अनुमान

संघ तथा स्थानीय तहको लगानीमैत्री स्थानीय वातावरणको अभावले व्यापार व्यवसायमा आकर्षण नहुने जोखिमता रहन्छ । उद्योग व्यवसाय संचालनका लागि निश्चित पूर्वाधार जस्तैः विद्युत, सडक निर्माण नहुनाले लगानीकर्ताहरू उत्साही नहुन सक्छ । तीनै तहका सरकारले औद्योगिक विकासलाई महत्व दिनाले तीनै तहबीच नीति तथा कार्यक्रमगत सामञ्जस्यता, समन्वय र सहकार्यमा पूर्वाधार, प्रविधि तथा सीप विकास हुनेछ । साना तथा मझौला उद्योग संख्या बढेको हुने, स्थानीय रोजगारीमा यस क्षेत्रको योगदान वृद्धि भएको हुनेछ। स्थानीय कच्चा पदार्थको प्रयोग गरी उद्योग स्थापना हुँदा कृषि तथा कच्चा पदार्थ उत्पादनमा वृद्धि हुन गै कृषिमा रोजगारी समेत वृद्धि हुनेछ । वैदेशिक रोजगारबाट प्राप्त पूँजी उद्योग तथा व्यवसायमा परिचालन हुनेछ र वेरोजगार युवाहरू औद्योगिक रोजगारीमा आकर्षिक हुनेछन् ।

## ३.५ पर्यटन तथा संस्कृति

### ३.५.१ पृष्ठभूमि

यो गाउँपालिका सांस्कृतिक रुपमा धनी गाउँपालिका हो । जगदुल्ला गाउँपालिका पर्यटनका दृष्टिकोणले आर्थिक उपार्जनकको केन्द्रविन्दु बन्न सक्ने संभावना रहेको छ । उच्च  हिमाल, हिम ताल, प्राकतिक सौन्दर्यता र यस क्षेत्र फ्रान्सेली चलचित्र निर्माता युरिक भ्यालीले ठिन्ले तथा अन्य फिल्म  बनाएको स्थान भएको हुँदा यस क्षेत्र पर्यटकका लागि छनौटमा पर्न सक्दछ। यस गाउँपालिकामा निम्न पर्यटकीय क्षेत्र

रहेका छन । जगदुल्ला ताल, कासीराल्वा ताल, वहिर पुदुवा ताल, लाताङ ताल, कान्जिरोवा हिमाल, आमाडोल्मा हिमाल, त्रिपुरा हिमाल, कासिराल्वा हिमाल, तिनचुलि हिमाल, खक्कर हिमाल, जगदुल्ला पाटन, पाइले हिमाल, सुक दह ताल, भालु पाटन, मौरे लेक वडा, पैजा पाटन, दुधकण्डली हिमाल, दुधकण्डली ताल, मालुवा हिमाल, खाज्यपाटन क्षेत्र, बयाल्दी पाटन क्षेत्र, हिमालमा पाइने कस्तुरी मृग, हिउँ चितुवा, पशु गोठ र अन्य मनोरम दृश्यहरू पर्यटक आकर्षका क्षेत्रहरू हुन । यसका अलवा यस क्षेत्रको धार्मिक, साँस्कृतिक र कामाजिक जनजीवन स्वदेशी तथा विदेशी पर्यटकका लागि अध्ययनको रुचिको विषय रहेको छ । हाल यस गाउँपालिकामा पर्यटनको आगमा अति नयून रहेको हुँदा यस क्षेत्रबाट आम्दानी पनि न्यून नै रहेको छ तर भविश्यका लागि यस क्षेत्रका लागि पर्यटन उदयमान आम्दानीको स्रोत बन्न सक्ने संभावना रहेको छ ।

सडक संजालको विस्तारसँगै यस क्षेत्रमा रहेका ऐतिहासिक स्थल तथा प्राकृतिक मनोरमताले पर्यटन क्षेत्रको विकासको सम्भावना बोकेको छ । यस गाउँपालिकामा आन्तरिक र केही बाह्य पर्यटकहरूलाई आकर्षित गर्न सम्भावित क्षेत्रको विकासमा गाउँपालिकाले आवश्यक पहल गरी स्थानीय स्तरमा रोजगारी र आयआर्जनको अवसर सिर्जना गर्न जरुरी छ ।

### ३.५.२ समस्या तथा चुनौति

पर्यटकीय आगमन मौसमी एवम् अस्थिर प्रकृतिको हुनु, अपर्याप्त पूर्वाधारहरू, पर्यटकको बासको लागि चाहिने न्यूनतम मापदण्डका होटेल लजहरू नहुनु, स्थानीय उत्पादनसँग पर्यटन व्यवसायको सहकार्यमा कमि हुनु, युवाजनशक्तिको विदेश पलायनले गर्दा पर्यटन क्षेत्रमा चाहिने स्थानीय जनशक्ति अभाव हुनु, पर्यटन व्यबसायीलाई आवश्यक क्ष्मता विकास नहुनु , पर्यटन सुचना पार्कको ब्वस्था नहुनु, यस क्षेत्रको सौदर्यका सम्बन्धमा प्रचार प्रसार नहुनु, यातायातको सहज अबस्था नहुनु, पर्यटन गन्तव्य स्थल तथा सम्पदाको पहिचान र संरक्षण हुन नसक्नु, आन्तरिक पर्यटन भित्र्याउने बजार नीतिको विकास नहुनु आदि पर्यटन क्षेत्रका समस्याहरू हुन् ।

पर्यटकीय स्थलहरू सम्वन्धी भरपर्दो सूचना, सञ्चार तथा प्रविधिको व्यवस्था गर्नु, पर्यटन क्षेत्रका लागि आवश्यक जनशक्ति व्यवस्थापन गर्नु, पर्यटन क्षेत्रको विकासका लागि सार्वजनिक निजी साझेदारी कार्यक्रमलाई प्रभावकारी बनाउनु जस्ता चुनौतीहरू यस क्षेत्रमा रहेका छन् । आधुनिकतासँगै युवा वर्गमा पुरानो रैथाने भाषा, कला र सांस्कृतिक परम्पराका साथै ऐतिहासिक सम्पदाप्रति आकर्षण घट्दै जानु र विभिन्न विदेशी संस्कृतिको नक्कल र विकृति मौलाउँदै गएकोले यस गाउँपालिकाभित्र रहेका ऐतिहासिक र धार्मिक क्षेत्रको समुचित संरक्षण र संवर्द्धनका लागि सबैभन्दा ठूलो चुनौति रहेको छ ।

### ३.५.३ लक्ष्य

पर्यटन विकास मार्फत रोजगारी र आयमा वृद्धि गरी गाउँपालिकाका नागरिकको आर्थिक अवस्थामा सुधार ल्याउने ।

### ३.५.४ उद्देश्य

१. पर्यटन पूर्वाधारको विकास र विस्तार गर्ने ।
२. पर्यटन क्षेत्रको माध्यमद्वारा नागरिकको रोजगारी र आयमा वृद्धि गर्ने ।
३. पर्यटन व्यवसायलाई प्रचार प्रसार गरी स्थानीय कृषि उत्पादनसँग जोड्दै परिणाममुखी र प्रतिस्पर्धी बनाउने ।

### ३.५.५. रणनीति

१. पर्यटकीय स्थलहरूमा पुर्वाधारको निर्माण तथा स्तरोन्नति गरी बाह्रै महिना पर्यटक सहजै आवतजावत गर्न सक्ने गरी विकास विस्तार गर्ने ।
२. गाउँपालिकामा रहेका पर्यटकीय क्षेत्रको प्रचार प्रसार गर्ने ।
३. स्थनीय पर्यटकीय गन्तव्यहरूका पहिचान गरी तिनिहरूको विकास तथा व्यवस्थापन गरी रोजगार सिर्जना गर्ने ।
४. पर्यटन क्षेत्रबाट प्राप्त हुने रोजगार र आम्दानीलाई न्यायोचित ढंगको बितरण प्रणालीको विकास गर्ने ।
५. पर्यटन व्यवसायी र स्थानीय कृषक बीच समधुर सम्बन्ध विकास विस्तार गर्ने ।

### ३.५.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

योजना र कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरणमा उल्लेखित आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहाय अनुसार तलको तालिकामा प्रस्तुत गरिएकोछ :

| सूचक | एकाई | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| पर्यटकीय क्षेत्रमा सिर्जना भएको रोजगारी | संख्या | ० | ५ | १५ | ३० |
| पहिचान भएका पर्यटकीय गन्तव्य स्थल | वटा | ० | १ | २ | ३ |
| संचालनमा रहेका व्यवस्थित होमस्टे | संख्या | ० | ० | १ | २ |
| पर्यटन पवर्द्धन सम्बन्धी नीति | वटा | ० | १ | ० | ० |

### ३.५.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा पर्यटन तथा संस्कृति उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट सीमा (रु.) | | | बजेटको श्रोत (रु.) | | |
|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | आन्तरिक श्रोत | नेपाल सरकार | प्रदेश सरकार |
| २०८१/८२ | १०१२२४०० | ५५६७३२० | ४५५५०८० | १५३८८६ | ८७३९९४८ | १२२८५६७ |
| २०८२/८३ | १०६९३५३४ | ५८८१४४३ | ४८१२०९० | १६६३५६ | ९१९८६०५ | १३२८५७३ |
| २०८३/८४ | ८९८५९४१ | ४९४२२६८ | ४०४३६७४ | १४४४६७ | ७८१५०९३ | १०२६३८२ |

### ३.५.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ :

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | पर्यटन पूर्वाधार विकास | पर्यटन पूर्वाधार विकास गर्नु | सालवसाली | १६१९२५९५ | पालिकाको दीर्घकालिन योजना र बार्षिक योजना अनुसार पर्यटन पूर्वाधार निर्माण भएको हुनेछ । |
| २ | धार्मिक पर्यटकीय क्षेत्र विकास | धार्मिक पर्यटकीय क्षेत्र विकास गर्नु स्थानीय संस्कृतिको संरक्षण र सम्वर्द्धन गर्ने । | सालवसाली | ११०६९१८२ | तोकिएको धार्मिक स्थलहरूको विकास गरी धार्मिक पर्यटनको आगमन बढेको हुनेछ । |
| ३ | पर्यटकीय क्षेत्र प्रचार प्रसार तथा नीति तर्जुमा | पर्यटकीय क्षेत्रको प्रचारप्रसार गर्नु | २०८१/०८२ - २०८३/०८४ | २५४००९८ | गाउँपालिकामा रहेका धार्मिक पर्यटकीय स्थलहरूको प्रचार प्रसार सामग्री तयार भई प्रकाशन प्रसारण भएको हुनेछ । |
| | जम्मा | | | २९८०१८७५ | |

### ३.५.९ जोखिम पक्ष तथा अनुमान

समय समयमा आईपर्न सक्ने महामारी र राजनीतिक अस्थिरताले पर्यटन क्षेत्रको अपेक्षित नतिजा हासिल नहुने जोखिम रहन सक्दछ । अन्तर सरकार, निजी क्षेत्र तथा नागरिक साझेदारीमा पर्यटन पूर्वाधार विकास, पर्यटन प्रवर्द्धन तथा सेवा सुविधाको विकास र विस्तार हुनेछ । वैदेशिक रोजगारबाट प्राप्त पूँजी पर्यटन व्यवस्था परिचालन हुनेछ र वेरोजगार युवाहरू पर्यटन व्यवसायमा आकर्षिक हुनेछन् । आन्तरिक पर्यटनको संख्या क्रमिक रुपमा वृद्धि भईरहेको र नेपालीहरू पनि आफनो देशका नयाँ नयाँ ठाउँहरूमा

घुम्ने संस्कार विकास हुँदै आएकोले पर्यटन क्षेत्रले स्थानीय आर्थिक विकासमा टेवा पुग्ने अनुमान गर्न सकिन्छ ।

## ३.६ भूमी व्यवस्था, सहकारी तथा वित्तीय व्यवस्थापन

### ३.६.१ पृष्ठभूमि

गाउँपालिकाको समग्र आर्थिक अभिवृद्धिको सन्दर्भमा गाउँपालिकाभित्र रहेको भूमीको उपयुक्त व्यवस्थापनका साथै आर्थिक चलायमान गराउने सहकारीका साथै वित्तीय व्यवस्थापन क्षेत्रले महत्वपूर्ण भूमिका खेल्दछ । संविधानमा सहकारीलाई अर्थतन्त्रको तीन खम्बा मध्ये एक मानिएको छ । सहकारी क्षेत्रले छरिएर रहेको श्रम, सीप, प्रविधि र पूँजीलाई एकिकृत गरी उत्पादन र उत्पादकत्व बृद्धि गर्नुको साथै रोजगारी सिर्जना गर्दछ । यसबाट गाउँपालिकाको अर्थतन्त्रमा योगदान पुग्न जान्छ । यस गाउँपालिकामा विभिन्न किसिमका सहकारी संस्थाहरू सञ्चालनमा रहेका छन् ।

गाउँपालिकामा उद्योग र व्यापारमा लगानी गर्न  निजि स्तरबाट संचालित बाणिज्य तथा शहकारी संस्थाबाट कर्जा लगानी हुने गरेको छ । गाउँपालिकामा १२ वटा सहकारी, १ वटा बैङ्क मार्फत वित्तीयकार्य  गर्दै आएका छन्  । सहज र व्यवस्थित ढङ्गबाट सञ्चालन हुन सक्ने वातावरणको सिर्जना गरी स्थानीय निकायलाई बलियो बनाउदै गाउँपालिकाका जनतालाई सहकारी संस्थाले प्रदान गर्ने सेवा सुविधाको पहुँच सहजीकरण गर्न सकिएको खण्डमा गाउँपालिकाको विकासमा टेवा पुग्छ । सहकारीहरूले आंफ्ना सदस्यहरूलाई उत्पादनमूलक क्षेत्रमा लगानी गर्न प्रोत्साहन गरी गाँउपालिकाको उत्पादन र उत्पादकत्व वृद्धि गर्न सघाउने अपेक्षा गरिएको छ । गाँउपालिकाका अर्थतन्त्रका यी तीन महत्वपूर्ण पक्ष वित्त, सहकारी र निजी क्षेत्र एकताबद्ध हुँदै सहकार्य, समन्वय र सहलगानी गर्दै दिगो आर्थिक विकास हाँसिल गर्न यस क्षेत्रलाई प्राथमिकतामा राखी कार्य गर्नुपर्ने टड्कारो आवश्यकता देखिन्छ ।

### ३.६.२ समस्या तथा चुनौति

सहकारी शिक्षा र चेतनाको विस्तार नहुनु, सहकारीहरू विशेषगरी वचत तथा ऋणको कारोबारमा सीमित हुनु, कतिपय सहकारी संस्थाहरू सहकारीको सिद्धान्त र मूल्य मान्यता अनुसार नचल्नु, दर्ता भएका सहकारी संस्थाहरूले उद्देश्य अनुसार कार्य गर्न नसक्नु, "क" बर्गका बैंकहरू न्यून भएका कारण छिटो र छरितो किसिमले वित्तिय सेवा प्राप्त हुन नसक्नु, लघुवित्तबाट लिएको ऋणको सही ठाउँमा सदुपयोग गर्न नसक्दा ऋणीहरूले समयमा ऋणको सावाँ तथा ब्याज भुक्तानी गर्न नसक्नु, गाउँपालिकाले सहकारी संस्थाहरूको क्षमता विकासका क्षेत्रमा प्रभावकारी कार्यक्रम सञ्चालन गर्न नसक्नु, अझै पनि सबै नागरिकहरूको वित्तीय क्षेत्रमा पहुँच पुग्न नसक्नु, स्थानीय पूँजीको विकासको अवस्था कमजोर रहेनु, ग्रामीण क्षेत्रमा बैङ्क तथा वित्तीय संस्थाहरूको स्थापना र पुँजी वृद्धि हुन नसकेको, अपेक्षा अनुसार

उत्पादनको क्षेत्रमा लगानी गरी उत्पादन र उत्पादकत्व बढाउन नसक्नु जस्ता समस्याहरू यस क्षेत्रमा विद्यमान छन् ।

सहकारी सिद्धान्त, मूल्य मान्यता र सिद्धान्त अनुरुपको सहकारी संस्था संचालन गर्नु, सहकारी व्यवस्थापन र प्रभावकारी संचालनका लागि कानून निर्माण गरी कार्यान्वयन गर्नु, सबै सहकारी संस्थाहरूलाई गाउँपालिकामा दर्ता गराउनु, सहकारी संस्थाहरूसँग रहेको वचतलाई उत्पादनशील क्षेत्रमा लगानी गर्नु, सबै गाउँवासीहरूलाई सहज रुपमा वित्तीय सेवामा पहुँच पुऱ्याउनु, सहकारीलाई उत्पादित वस्तुहरूको बजारीकरणमा आवद्ध गर्नु, सहकारी संस्थाहरूमा वित्तीय सुशासन कायम गर्नु, सहकारीमा विपन्न वर्गलाई समेटी आय आर्जन र स्वरोजगारीमा आवद्ध गन जस्ता चुनौतीहरू यस क्षेत्रमा रहेका छन् ।

### ३.६.३ लक्ष्य

स्थानयि श्रम, सीप, पुंजि, प्रविधि, ज्ञान र बजारको उच्चतम परिचालनको माध्यमद्वारा वित्त, निजी तथा सहकारी क्षेत्रको पुँजीलाई उत्पादन र उत्पादकत्वमा गुणस्तरीय वृद्धि गरी रोजगारी सिर्जना तथा गाउँपालिकाको आर्थिक अवस्थामा सुधार ल्याउने ।

### ३.६.४ उद्देश्य

१. लगानीमैत्री वातावरण सिर्जना गरी वित्त, निजी क्षेत्र र सहकारी क्षेत्रलाई उत्पादन तथा वितरणको क्षेत्रमा लगानी गर्न उत्प्रेरणा जगाउने ।

२. निजि क्षेत्रसँग छरिएर रहेको पूजीलाई बैक तथा सहकारीको माध्यमबाट संकलन गरी उत्पादनका क्षेत्रमा आकार्षण भई स्वरोजगार एवं रोजगारको सिर्जना मार्फत गरीबी न्यूनिकरण गर्ने ।

### ३.६.५ रणनीति

१. आवस्यक नीति र कानून बनाइ संस्थागत संरचनाको स्थापना गर्ने ।

२. लगानीकको सम्भाव्य क्षेत्र पहिचान गर्ने ।

३. वित्त, सहकारी र निजी क्षेत्रको पुंजीलाई उत्पादनमूलक क्षेत्रमा लगानी गर्न उत्प्रेरित गर्ने ।

४. आर्थिक रुपमा पछाडी परेको व्यक्ति, समुदाय र वर्गको उचित रुपमा श्रमको परिचालन गर्ने ।

५. स्थानीय रुपमा संचालन गर्ने व्यवसायको उत्थान तथा प्रवर्द्धनमा सहयोग गर्ने ।

### ३.६.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

योजना र कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार तलको तालिकामा प्रस्तुत गरिएको छ :

| सूचक | एकाई | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| सहकारी तथा वित्तीय संस्थाहरूबाट लाभान्वित हुनेहरू | प्रतिशत | ३० | ३५ | ४० | ४५ |
| सहकारीहरूबाट रोजगारी सिर्जना | प्रतिशत | १० | १५ | २० | २५ |
| सहकारी संस्थाहरूको वचतमा भएको वृद्धि | प्रतिशत | १० | १२ | १५ | २० |
| एक सहकारी एक उत्पादनको अवधारणा अनुसार कार्य गर्ने सहकारी | संख्या | ० | १ | २ | ३ |

### ३.६.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा भूमि व्यवस्था तथा सहकारी उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहाय अनुसार तलको तालिकामा प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट सीमा (रु.) | | | बजेटको श्रोत (रु.) | | |
|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार |
| २०८१/८२ | ४१८८५७९ | २५१३१४८ | १६७५४३२ | ६३६७७ | ३६१६५३० | ५०८३७३ |
| २०८२/८३ | ४६९०१४६ | २८१४०८८ | १८७६०५९ | ७२९६३ | ४०३४४७६ | ५८२७०८ |
| २०८३/८४ | ५१९१८७७ | ३११५१२६ | २०७६७५१ | ८३४७० | ४५१५३८७ | ५९३०२१ |

### ३.६.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहाय अनुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | एक सहकारी एक उत्पादन कार्यक्रम | उत्पादन वृद्धि गर्नु | सालवसाली | ४०९८९०० | सहकारीको माध्यमबाट उत्पादन भएको हुनेछ। |
| २ | सहकारी क्षमता वृद्धि ( पूर्वाधार निर्माण समेत) | सहकारीहरूको क्षमता विकास गर्नु | सालवसाली | ६४७९७३० | समुदायका व्यक्तिहरूमा सहकारीको ज्ञान वृद्धि भई सहकारी अभियान संचालन हुनेछ। |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | सहकारी शिक्षा तालिम र प्रवर्द्धन कार्यक्रम (वित्तीय साक्षरता, क्षमता विकास) | सहकारी व्यवस्थापन सीप प्रदान गर्नु | सालवसाली | १०८७८६९ | सहकारी मार्फत उत्पादित बस्तुको बजारीकरण भएको हुनेछ । |
| ४ | भूउपयोग नीति तर्जुमा र कार्यान्वयन | भूउपयोग नीति निर्माण गर्नु | २०८१/०८२ - २०८३/०८४ | ८५५०४५ | भुउपयोग नीति तर्जुमा भई कार्यान्वयन भएको हुनेछ । |
| ५ | भूमी व्यवस्थापन | पालिकाभित्र रहेको भूमी व्यवस्थापन गर्नु | २०८१/०८२ - २०८३/०८४ | १५४९०५९ | गाउँपालिकाको नीति अनुसार भूमी व्यवस्थापन भएको हुनेछ । |
| | **जम्मा** | | | १४०७०६०३ | |

### ३.६.९ जोखिम पक्ष तथा अनुमान

समय समयमा क्रमश आइरहेको महामारी तथा प्रकोपले आर्थिक गतिविधिलाई चलायमान बनाउन जोखिम हुनेछ । गाउँपालिकावासीहरूमा वित्तीय साक्षरताका अवसरहरू उपलब्ध हुनेछ । बैंक, वित्तीय संस्था एवम् सहकारी संस्थाहरू उत्पादनमूलक, व्यवसायमूलक कार्य तथा स्थानीय उत्पादनको बजारीकरण बढी क्रियाशिल हुनेछन् । यस्ता संस्थाहरूको खराब कर्जा न्यून जोखिम भएको हुनेछ । सहकारीको लगानी उत्पादनशिल कार्यमा हुनेछ ।ससाना बचत संकलनमार्फत पूजी निर्माण भइ रोजगारीका अवसरमा वृद्धि हुनेछ ।

## ३.७ श्रम, रोजगारी तथा गरिवी निवारण

### ३.७.१ पृष्ठभूमि

नेपालको संविधानले प्रत्येक नागरिकलाई रोजगारीको प्रत्याभूति गर्न रोजगारीको हकलाई मौलिक हकको रुपमा व्यवस्था गरेको छ । श्रमिकको हक, हित तथा सुविधाको व्यवस्था, श्रमिक र रोजगारदाताको अधिकार तथा कर्तव्यको स्पष्ट व्यवस्था गरी असल श्रमको विकास गर्नु र श्रम शोषणको अन्त्य गरी आधारभूत पारिश्रमिकको सुनिश्चित गर्नु राज्यको कर्तव्य हो । बालबालिकाको कानून विपरीत श्रम शोषण गर्न नहुने कुराको बारेमा गाउँपालिकाले विशेष नीति तथा कार्यक्रम सञ्चालन गर्नु पर्दछ । वैदेशिक रोजगारीमा जानेहरूको क्षमता विकास र विप्रेषणको सही सदुपयोगका क्षेत्रमा समेत गाउँपालिकाको अहम भूमिका हुनु पर्दछ । सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत ज्येष्ठ नागरिक (७० वर्ष उमेर पुगेको) अन्य ज्येष्ठ नागरिक (दलित नागरिक), एकल महिला, विधवा, पूर्ण असक्त अपाङ्गता, अति अशक्त अपाङ्गता, लोपोन्मुख आदिवासी/जनजाति, पाँच वर्ष उमेर ननाघेका दलित बालबालिकाको लागि नेपाल सरकारले बार्षिक भत्ताको व्यवस्था गरेको छ । नेपाल सरकारका तर्फबाट गाउँपालिकाले यस्ता लाभग्राहीहरूको विवरण अद्यावधिक गर्ने र मासिक भत्ता वितरणमा सहयोग गर्ने कार्य गर्दै आएको छ ।

### ३.७.२ समस्या तथा चुनौति

नेपाली युवाहरू वैदेशिक रोजगारीमा जाने क्रम बढेता पनि विश्व नयाँ नयाँ प्रविधि प्रयोग गरी रहेका कारण अन्तराष्ट्रिय बजारसँग प्रतिस्पर्धा गर्न सक्ने दक्ष जनशक्तिको विकास गरी वैदेशिक रोजगारमा पठाउन नसक्नु, वैदेशिक रोजगारीमा जादा महंगो शुल्क तिर्नु पर्ने र ठगीका घटना पनि प्रसस्त हुनु, गाउँपालिका भित्र उत्पादनशील रोजगारीका अवसरहरू सीमित हुनु, उद्यमशीलताको उत्प्रेरक वातावरण नहुनु, श्रमबजारको आवश्यकता र उपलब्ध सीपहरूवीच तालमेल नहुनु, ज्याला रकम कम हुन, समयमा ज्याला भुक्तानी दिन नसक्नु, श्रमिकहरू काममा खटाउँदा विवाद आउनु, श्रमिक काममा खटाउँदा वास्तविक लक्षित समुह भन्दा बाहिरको पनि छनौट हुनु, कार्यविधि तथा निर्देशिका विपरीत पनि कार्य सञ्चालन हुनु आदि यस क्षेत्रका मुख्य समस्याहरू हुन् ।

गाउँपालिका भित्र रोजगारीका अवसर सिर्जना गरी श्रमशक्ति खपत गर्ने क्षमता बृद्धि गर्नु, आयोजनाहरू छनौट गर्दा ७ जना देखि १५ जनासम्मलाई कम्तिमा १०० दिन सम्म पुग्ने गरी गर्नु, आयोजना कार्यान्वयन गर्दा निर्देशिका, कार्यविधि तथा गाउँ कार्यपालिकाको निर्णयको पूर्ण पालना गरी गराउनु, समयमा ज्याला भुक्तानी गर्नु आदि श्रम तथा रोजगार क्षेत्रमा रहेका चुनौतीहरू हुन् । साथै आर्थिक क्षेत्रमा आएका विश्वव्यापी आर्थिक मन्दी र राष्ट्रिय रुपमा आर्थिक गतिविधिमा देखा परेको शिथिलताका कारण रोजगारीको क्षेत्र संकुचित भएको छ । औद्योगिक तथा निर्माण क्षेत्रको मागअनुसार श्रमिक स्थानीय बजारमा उपलब्ध नहुँदा वाह्य कामदारमा भर पर्ने अवस्था रहनु र जनशक्ति विकासका लागि रोजगार र सीपमूलक मूलक तालिम र नयाँ प्रविधिको अनुकूल हुने गरी क्षमता विकासका अवसरहरूमा कमी रहेको छ ।

### ३.७.३ लक्ष्य

श्रम तथा रोजगारीको वातावरण निर्माण गरी गरीबी निवारण गर्दै गाउँपालिकाको आर्थिक अवस्थामा सुधार ल्याउने ।

### ३.७.४ उद्देश्य

१. गाउँपालिकाभित्र रहेको बेरोजगार तथा अर्धबेरोजगार जनशक्तिको क्षमता विकास गर्नु ।

२. स्वदेशी तथा वैदेशिक रोजगारीलाई सुरक्षित र व्यवस्थित बनाउनु ।

### ३.७.५ रणनीति

१. स्थानीय स्तरमा रोजगारी सृजनामा जोड दिने ।

२. श्रमिमको सीप, दक्षता तथा क्षमता वृद्धि गरी प्रतिस्पर्धी बनाउने ।

३. वैदेशिक रोजगारीलाई श्रमिकको हित अनुकूल सुरक्षित र व्यवस्थित बनाउने ।

### ३.७.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

योजना र कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहाय अनुसार तलको तालिकामा प्रस्तुत गरिएकोछ :

| सूचक | एकाई | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| सूचीकृत बेरोजगार | संख्या | | | | |
| रोजगार प्रदान गरिएको | संख्या | | | | |
| व्यवसायिक तालिम पाउनेहरू | संख्या | | | | |
| बेरोजगार सम्बन्धी अध्यावधिक प्रोफाईल | संख्या | ० | १ | १ | १ |
| वैदेशिक रोजगारबाट फर्केकाहरू मध्ये स्वरोजगार वा रोजगारी सिर्जनमा लाग्नेहरू | प्रतिशत | | | | |

### ३.७.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

गाउँपालिकाको उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा श्रम तथा रोजगार उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार तलको तालिकामा प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट सीमा (रु.) | | | बजेटको श्रोत (रु.) | | |
|---|---|---|---|---|---|---|
| | कूल | चालु | पूँजीगत | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार |
| २०८१/८२ | १५३५८१२५ | ६९१११५६ | ८४४६९६८ | २३३४८२ | १३२६०६१० | १८६४०३३ |
| २०८२/८३ | १६८८४५२७ | ७५९८०३७ | ९२८६४९० | २६२६६७ | १४५२४११३ | २०९७७४७ |
| २०८३/८४ | १८३७१२५८ | ८२६७०६६ | १०१०४१९२ | २९५३५४ | १५९७७५२३ | २०९८३८१ |

### ३.७.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहाय अनुसार तल प्रस्तुत गरिएको छ :

| क.सं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | संघ र प्रदेशबाट संचालन हुने रोजगार कार्यक्रम | विपन्न र पछाडी परेका समुदायको रोजगार सुनिश्चित गर्नु | २०८१/०८२ - २०८३/०८४ | २५०५७२५० | तथ्यांक अनुसार वेरोजगार रहेकाहरूले १०० दिनको रोजगार प्राप्त गरेको हुनेछ । |
| २ | रोजगार प्रवर्द्धनात्मक कार्यक्रम | वेरोजगारहरूलाई रोजगार उपलब्ध गर्नु | सालवसाली | १७५७७१५७ | बेरोजगार र अर्धवेरोजगारहरूले रोजगार प्राप्त गरेको हुनेछ । |
| ३ | श्रमशक्ति सम्वन्धी अध्ययन र क्षमता विकास कार्यक्रम | क्षमता पहिचान गर्नु | सालवसाली | ७९७९५०२ | श्रम शक्तिको अध्ययन भई गाउँपालिकामा सीप अनुसारको रोजगार सृजना हुनेछ । |
| | जम्मा | | | ५०६१३९०९ | |

### ३.७.९ जोखिम पक्ष तथा अनुमान

युवा जनशक्ति विदेशिदा नेपालमा दक्ष जनशक्तिको कमी हुने जोखिम रहन्छ । रोजगार प्रवर्द्धन नीति तथा कार्यक्रममा निरन्तरता नभएका अपेक्षा गरिएको नतिजा हासिल नहुने जोखिम रहेको छ । रोजगारी सम्बन्धी व्यवहारिक नीति तथा कार्यक्रम तर्जुमा भई कार्यान्वयन हुनेछ । गाउँपालिकामा रोजगार सम्बन्धी अल्पकालीन, मध्यमकालीन र दीर्घकालीन योजना तर्जुमा र कार्यान्वयनका लागि बजेट विनियोजन हुनेछ ।

# परिच्छेद ४ : सामाजिक क्षेत्र

यस परिच्छेदमा स्वास्थ्य, शिक्षा, खानेपानी, सरसफाई, महिला, बालबालिका र सामाजिक समावेशीकरण, युवा तथा खेलकुद जस्ता उप-क्षेत्रहरूको पृष्ठभूमि, समस्या तथा चुनौति, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमान तथा जोखिम पक्षहरू समावेश गरिएको छ ।

## ४.१ जनस्वास्थ्य तथा पोषण

### ४.१.१ पृष्ठभूमि

राज्यका नीतिमा स्वास्थ्य क्षेत्रमा लगानी बढाउने, सबैको सहज, सुलभ र समान पहुँच सुनिश्चित गर्ने, बैकल्पिक चिकित्सा पद्धतिको संरक्षण र संवर्द्धन गर्ने, स्वास्थ्य सेवालाई गुणस्तरी बनाउने उल्लेख गरेको छ । स्थानीय सरकारको रुपमा गाउँपालिका र नगरपालिकाहरूले अधिकार पाएसँगै स्थानीय तहहरूले आफ्ना जनताहरूलाई स्वास्थ्य सुविधा प्रदान गर्नुपर्ने दायित्व आएको छ । यसका लागि संघ, प्रदेश र स्थानीय तहका सरकारबीच स्वास्थ्य सेवासम्बन्धी अधिकारको बाँडफाँट भएको छ । स्वास्थ्य सेवाका अवसरहरू सरकारी तथा निजी स्वास्थ्य संस्थामार्फत स्थानीयस्तरमा नै उपलब्ध हुनाले हालका दिनमा स्वास्थ्य सेवामा पहुँच, स्वस्थ जीवनशैली तथा पोषणको क्षेत्रमा सकारात्मक उपलब्धिहरू हासिल हुन थालेको छ ।

गाउँपालिकाबाट १५ शैयाको अस्पताल निर्माणको क्रममा रहेकोले निदानात्मक तथा उपचारात्क सेवा उल्लेख्य बृद्धि हुने भएको छ । स्वास्थ्यचौकी नभएको वडामा आधारभुत स्वास्थ्य सेवा केन्द्र सञ्चालन गरी स्वास्थ्य सेवाको पहुँचमा बृद्धि भएको छ। सूचनाप्रबिधिको प्रयोगले अभिलेख तथा प्रतिबेदन प्रणालीमा सुधार भएको छ। नागरिक स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन, ३ स्वास्थ्य चौकीमा बर्थिङ सेवा संचालनमा छन् भने १ स्वास्थ्य चौकीमा बर्थिङ सेवा संचालनको लागि पूर्वाधार तयार भएको छ ।

प्रकोप तथा अन्य विपदका कारण हुने घाईतेहरूको उद्धार, प्राथमिक उपचार जस्ता आपतकालिन उपचारका लागि पनि पूर्व तयारी अवस्थामा रहनु पर्ने देखिन्छ । गाउँपालिका अन्तर्गत सञ्चालनमा रहेका स्वास्थ्य संस्थाको भौतिक व्यवस्थापन, औषधी तथा स्वास्थ्य सामग्रीहरूको आपूर्ति, स्वास्थ्यकर्मीहरूको परिचालन तथा सूचना व्यवस्थापन सम्बन्धी कार्य पनि शाखाबाट नै हुने गरेको छ । यसका अतिरिक्त गाउँपालिका क्षेत्रमा संचालित सरकारी, निजी तथा अन्य सबै किसिमका स्वास्थ्य संस्थाहरूको अनुगमन तथा मूल्यांकनका साथै निजी क्षेत्रका संस्थाहरूलाई स्थापना तथा संचालन अनुमति दिने र उनीहरूको सेवाको गुणस्तर निर्धारणदेखि अनुगमन गर्ने जिम्मेवारी पनि गाउँपालिका अन्तर्गत शाखालाई दिइएको छ ।

### ४.१.२ समस्या तथा चुनौति

गाउँपालिकाको स्वास्थ्य सेवा प्रवाह गर्ने क्षमता, उपलब्ध जनशक्ति, भौतिक पूर्वाधार, स्वास्थ्य उपकरण र प्राविधिक सामग्रीको व्यवस्थापनमा कमी रहेको छ । विश्वव्यापी रूपमा फैलिइ रहेका महामारीका कारण गाउँपालिकाको ध्यान सोको रोकथाम र नियन्त्रणका उपायमा केन्द्रित हुँदा यस अन्तर्गतका स्वास्थ्य संस्थाबाट प्रवाह हुने नियमित सेवाको गुणस्तर र प्रभावकारितामा पनि क्षयीकरण भएको छ । गाउँपालिकाको स्वास्थ्य नीति नबन्नु, स्वास्थ्य संस्थाहरूको भौतिक संरचना तथा पुर्वाधार सुधार गर्नु पर्ने, विद्यमान स्वास्थ्य चौकीहरू गुणस्तरीय मापदण्ड सहितको नहुनु, सबै वडामा सुरक्षित प्रसुती सेवाको विस्तार गर्न नसक्नु, Pathology Lab को व्यवस्था सवै स्वास्थ्य चौकीमा नहुनु, स्वास्थ्य संस्थाहरूमा पर्याप्त औजार तथा मेसिनहरू नहुनु, स्वास्थ्य सेवामा पर्याप्त मात्रामा दक्ष जनशक्तिको अभाव, तालिम प्राप्त स्वास्थ्यकर्मीको अभाव हुन, स्वास्थ्य क्षेत्रमा पर्याप्त बजेट नहुनु, समयानुकुल पुनर्ताजगी तालिम नहुनु, स्वास्थ्य सेवा विपन्न, सिमान्तकृत तथा विशेष क्षमता भएका समुदायको पहुँचमा पुग्न नसक्नु, निःशुल्क तथा अत्यावश्यक औषधीको पर्याप्त मात्रामा सर्वयाम उपलब्ध नहुनु, अपाङ्गता भएका व्यक्ति तथा महिलाहरू र जेष्ठ नागरिकहरूको स्वास्थ्य चौकीको पहुँचमा कमी, मानसिक स्वास्थ्यले कम प्राथमिकता पाएको, विपद तथा महामारीको अवस्थामा आपतकालीन स्वास्थ्य सेवा विस्तार गर्न पुर्वाधार तयार नहुनु, प्रोटोकोल अनुसार ४ पटक गर्भ जाँचमा सुधार नहुनु जस्ता समस्याहरू प्रमुख रुपमा देखिएका छन् । यसै गरी जलबायु परिबर्तन, बढ्दो खाद्य असुरक्षा तथा प्राकृतिक बिपदले हुने मानविय स्वास्थ्य समस्याहरू उत्पन्न हुनु, एन्टिबायोटिकको समुचितप्रयोग नहुँदा त्यसबाट हुने प्रतिजैबिक प्रतिरोध क्षमता बढ्दै जानु, बालबिबाह, किशोर अवस्थामा गर्भधानहुनु, ५ बर्ष मुनिका बच्चाहरूमा न्यून पोषण हुनु जस्ता समस्याहरू पनि रहेका छन ।

स्वास्थ्य संस्थाहरूका लागि पर्याप्त स्थल उपलब्ध नहुनु, गाउँपालिकाका सबै क्षेत्र तथा समुदायमा सुलभ तथा सहज आधारभूत स्वास्थ्य सेवाको पहुँचमा वृद्धि गर्नु, भौगोलिक विकटताका कारण सबै स्वास्थ्य संस्थाहरूमा ईन्टरनेट नचल्ने समयमा नै सुचना तथा जानकारी लिन दिन नसक्नु, सबै वडामा स्वास्थ्य चौकी स्थापना गर्नु, स्वास्थ्य संस्थाहरूको सेवामा प्रभावकारिता र गुणस्तरियता वृद्धि गर्नु, स्वास्थ्य सेवालाई प्राथमिताका साथ बजेट वृद्धि गर्नु, विपन्न, सिमान्तकृत समुदाय तथा जेष्ठ नागरिकहरूमा स्वास्थ्य सम्बन्धी सचेतना जगाउनु, स्वास्थ्य बीमाको दायरा विस्तार गरी सबैको पहुँचमा पुऱ्याउनु, स्वास्थ्य संस्थाहरूमा आधारभूत सुविधायुक्त (औजार/उपकरण, दक्ष जनशक्ति र पूर्वाधार) पुऱ्याउनु, बेला बेलामा आइरहने महामारीका कारणले स्वास्थ्यका अन्य कार्यक्रमहरूमा बजेट व्यवस्थापन गर्न र

कार्यक्रमहरू समयमै सञ्चालन गर्नु लगायत स्वास्थ्य संस्थाहरूलाई व्यवस्थापन र कर्मचारी व्यवस्थापन गर्नु जस्ता चुनौतिहरू देखिएका छन् ।

### ४.१.३ लक्ष्य

सबै वडाहरूमा सबल स्वास्थ्य प्रणालीको विकास र विस्तार गर्दै जनस्तरमा गुणस्तरीय सेवाको पहुँच सुनिश्चित तथा पोषणको अवस्थमा उल्लेख्य सुधार भएको हुने ।

### ४.१.४ उद्देश्य

१. सबै वडाहरूमा सबै किसिमका स्वास्थ्य सेवाहरूको सन्तुलित विकास र विस्तार गर्नु ।

२. सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवाकोलागि स्थानीय सरकारको उत्तरदायित्व र प्रभावकारी नियमन अभिबृद्दि गर्दै स्वास्थ्य क्षेत्रलाई सेवामुलक क्षेत्रको रुपमा क्रमशः रुपान्तरण गर्नु ।

३. बहुक्षेत्रीय समन्वय तथा साझेदारी सहित स्वास्थ्य सेवामा नागरिकको पहुँच तथा उपभोग बढाई सेवाप्रदायक र सेवाग्राहीलाई थपजिम्मेवार बनाउँदै स्वस्थजीवन शैली प्रबर्द्दन गर्नु ।

४. आम नागरिकमा स्वास्थ्य तथा पोषण सम्बन्धी सचेतना अभिवृद्धि गर्नु ।

### ४.१.५ रणनीति

१. स्वास्थ्य संस्थाहरूको भौतिक संरचना न्यूनतम मापदण्ड अनुरुप सुधार गरी उत्थानशलि बनाउने ।

२. स्वास्थ्य संस्थाहरूको संस्थागत क्षमता वृद्धि गर्ने ।

३. स्वास्थ्य सेवाको प्रभावकारी व्यवस्थापन र नियमन साथै स्वास्थ्य तथा पोषण सम्बन्धी चेतना अभिवृद्धि गरी नागरिकहरूको स्वास्थ्य सम्बन्धी व्यवहारमा सुधार गर्ने ।

### ४.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

योजना तथा कार्यक्रमको अपेक्षित नतिजाको आधारमा तयार जनस्वास्थ्य तथा पोषण उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहाय अनुसार तलको तालिकामा प्रस्तुत गरिएको छ :

| सूचक | एकाई | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| स्वास्थ्य संस्थासम्म पुग्न लाग्ने अधिकतम समय | मिनेट | | | | |
| स्वास्थ्य संस्थामा प्रसुती गराउने गर्भवती महिला | प्रतिशत | | | | |
| उत्थानशिल स्वास्थ्य संस्था (आयुर्वेदिक अस्पताल सहित) | संख्या | | | | |

| सूचक | एकाई | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| सबै प्रकारको खोप लिने बालबालिका | प्रतिशत | | | | |
| परिवार नियोजनका साधनको उपयोग दर | प्रतिशत | | | | |
| स्वास्थ्य बीमामा पहुँच पुगेको जनसंख्या | प्रतिशत | | | | |
| झाडापखाला संक्रमण दर | प्रति हजार | | | | |
| मापदण्डअनुसार चार पटक प्रसव पूर्व स्वास्थ्य/सेवा प्राप्त गर्ने महिला | प्रतिशत | | | | |
| वर्थिङ सेन्टर | संख्या | ३ | ४ | ५ | ६ |
| आधारभूत तहको प्रयोगशाला (Pathology Lab) | संख्या | | | | |
| भौतिक र प्राविधिक सुधार भएका स्वास्थ्य संस्था | संख्या | | | | |

### ४.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा स्वास्थ्य तथा पोषण उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार तलको तालिकामा प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट सीमा (रु.) | | | बजेटको श्रोत (रु.) | | |
|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार |
| २०८१/८२ | ११८६७६४२ | ७१२०५८५ | ४७४७०५७ | १८०४१८ | १०२४६८३५ | १४४०३८९ |
| २०८२/८३ | १३१३२४१० | ७८७९४४६ | ५२५२९६४ | २०४२९६ | ११२९६५३२ | १६३१५८१ |
| २०८३/८४ | १४१७७८१९ | ८५०६६९१ | ५६७११२८ | २२७९३६ | १२३३०४८० | १६१९४०२ |

### ४.१.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ :

| क.सं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | स्वास्थ्य संस्था भवन निर्माण र मर्मतसम्भार | स्वास्थ्य सेवा सुलभ र प्रभावकारी बनाउन पूर्वाधार तयार गर्नु | २०८१/०८२ - २०८३/०८४ | २००८०८५८ | स्वास्थ्य सेवालाई सर्वसुलभ र प्रभावकारी बनाउने पूर्वाधार निर्माण भएको हुनेछ । |
| २ | स्वास्थ्य बीमा कार्यक्रम | गाउँपालिकावासीको स्वास्थ्य उपचारको लागि स्वास्थ्य बीमा गर्नु | सालवसाली | १०२५५६५ | सर्वसाधारण गाउँवासीले स्वास्थ्य बीमाबाट लाभ लिएका हुनेछन् । |
| ३ | आधारभूत स्वास्थ्य प्रवर्द्धन कार्यक्रम | गाउँपालिकावासीको आधारभूत स्वास्थ्य सेवा प्रदान गर्नु | सालवसाली | ४२०८२४८ | गाउँपालिकाका जनताले आधारभूत स्वास्थ्य सेवा वडा तह वा स्वास्थ्य संस्था लिएका हुनेछन् । |
| ४ | वर्थिङ्ग सेन्टर विस्तार | सुरक्षित सुत्केरी सेवा प्रदान गर्नु | २०८१/०८२ - २०८३/०८४ | १०१५५३९६ | गर्भवति महिलाहरूले सुरक्षित सुत्केरी सेवा प्राप्त गरेका हुनेछन् । |
| ५ | क्षमता अभिवृद्धि तथा सुशासन कार्यक्रम | स्वास्थ्य क्षमता विकास र स्वास्थ्य सेवा प्रभावकारी गर्नु | सालवसाली | १००३३०३ | स्वास्थ्यकर्मीको क्षमता विकास भई सेवा प्रवाह प्रभावकारी भएको हुनेछ । |
| ६ | आयुर्वेद तथा बैकल्पिक स्वास्थ्य कार्यक्रम | स्वास्थ्य सेवालाई विविधिकरण गरी स्वास्थ्यप्रति संवेदनशील बनाउनु | सालवसाली | २७०४५०० | बैकल्पिक स्वास्थ्य सेवा प्राप्त गरेको हुनेछ । |
| | **जम्मा** | | | ३९१७७८७० | |

### ४.१.९ जोखिम पक्ष तथा अनुमान

नयाँ नयाँ रोगहरू आइरहनु, गाउँपालिकाको प्रस्तावित कार्यक्रमको लागि संस्थागत सुदृढीकरण, पर्याप्त स्रोत विनियोजन, स्वास्थ्य सामाग्रीको उपलब्धता, दक्ष तथा विज्ञ जनशक्तिको उपलब्धता तथा जनशक्ति व्यवस्थापन, अन्तर सरकार र सरोकारवालाबीच समन्वय हुन नसकेमा अपेक्षित नतिजा हासिल नहुन सक्छ। स्वास्थ्य पूर्वाधार, प्रयोगशाला, औषधि र खोप व्यवस्थापनमा अन्तर निकाय तथा सरोकारवालाको सक्रिय सहभागिता, सहकार्य र साझेदारी हुन नसकेमा आईपर्न सक्ने विभिन्न महामारीले जनस्वास्थ्य तथा गाउँबासीको सामाजिक तथा आर्थिक स्थिति क्षय गर्न सक्ने जोखिम रहेको छ ।

## ४.२ शिक्षा, विज्ञान तथा प्रविधि

### ४.२.१ पृष्ठभूमि

राज्यले शिक्षालाइ मौलिक हकको रुपमा प्रत्याभूत गरेको छ । सचेत, अनुशासित तथा उत्पादनशील जनशक्ति निर्माण गर्नका लागि शिक्षा क्षेत्रको नै सर्वोपरी भूमिका अनिवार्य रहन्छ । योजना निर्माणमा गरिबी निवारण तथा चौतर्फी विकासका लागि शिक्षा क्षेत्रलाई मानव संशाधन विकासको एक शसक्त माध्यमको रूपमा नीतिगत रूपमै अवलम्बन गरिएको छ । नेपालमा शिक्षा नागरीक अधिकारको रुपमा स्थापित भैसकेको अवस्था छ । शिक्षा सम्बन्धि नागरीक हक संघ, प्रदेश र स्थानीय सरकारको साझा दायित्व भित्र पर्दछ । सामाजिक एवम्  मानव विकासको एक महत्वपूर्ण आयामको रूपमा रहेको शिक्षा क्षेत्रमा गाउँपालिकाको अवस्था कमजोर छ । राष्ट्रिय जनगणना, २०७८ अनुसार यस गाउँपालिकाको साक्षरता दर ७३ प्रतिशत रहेको छ । जस अन्तरगत पुरुषको साक्षरता दर ८०.८ र महिलाको साक्षरता दर ६७.७ रहेको छ । यस तथ्याङ्कको आँकडा हेर्दा यस गाउँपालिकाको महिलाको साक्षरताको अवस्था पुरुषको भन्दा धेरै कम देखिन्छ । गाउँपालिकामा १ वटा बहुप्राविधिक शिक्षलय रहेको हुँदा मध्यम स्तरका दक्षजनशक्ति उत्पादन सुरु भएको छ भने २ वटा मा.वि मा १२ कक्षा सम्मको पढाई हुने र ७ वटा आधारभूत विद्यालय रहेका छन । यस गाउँपालिकाले गाउँपालिकाको समग्र भौतिक, सामाथिक तथा साँस्कृतिक, आर्थिक तथा प्राकृतिक स्रोतमा आधारित पाठ् ण्यकम निर्मार्ण गरी आधारभूत तह सम्म संचालनमा ल्याउन लागेको छ ।

### ४.२.२ समस्या तथा चुनौति

यस क्षेत्रको मुख्य शैक्षिक समस्यामा शैक्षिक गुणस्तरको कमी र शिक्षामा सबै नागरिकको समान पहुँच हुन नसक्नु र विज्ञान तथा प्रविधिको क्षेत्रमा अनुसन्धान तथा आविष्कारका लागि प्रोत्साहनको कमी रहेको छ । उच्च शिक्षाका लागि अवसर नहुने, सामुदायिक तथा शैक्षिक संस्था छरिएको कारण विद्यालयमा गरिएको लगानी सदुपयोग हुन नसक्नु, विद्यार्थीको अनुपातमा शिक्षकको वितरण हुन नसकेको, सामुदायिक विद्यालयहरूमा पर्याप्त जनशक्ति र उपयुक्त भौतिक पूर्वाधार लगायत आवश्यक पर्ने साधन स्रोतको व्यवस्थाको कमी, विद्यार्थीको रुची, आवश्यकता तथा अभिभावकको अपेक्षालाई शिक्षाका पाठ्यक्रममा समेट्न नसक्नु, केही विद्यालय जीर्ण अवस्थामा रहेको, अरु विद्यालयहरूमा भौतिक सुधार, कक्षा कोठा थप तथा आधुनिक प्रविधि तथा इन्टरनेट सुविधा आदिको व्यवस्थापन नहुनु, उच्च शिक्षातर्फ सैद्धान्तिक ज्ञानको बोझ, अनुसन्धान तथा खोजमूलक सिकाइ प्रणालीको न्यूनता, योग्यता एवम् व्यवसायिक रूपमा दक्ष शिक्षकको अपर्याप्तताका कारण माध्यमिक विद्यालयमा विषय शिक्षक र आधारभूत विद्यालयमा कक्षा शिक्षकका व्यवस्था हुन नसक्नु, अनुगमनको कमी जस्ता मुख्य समस्याको रुपमा देखिएका छन् । यस बाहेक विभिन्न कारणले विचैमा विद्यालय छोड्ने संख्या पनि उच्च रहेको छ । यसरी बालबालिका

विद्यालय नजानुको कारण विश्लेषण गर्दा गरिबीको कारण विभिन्न पेशामा लाग्नु वा रोजगारीको लागि बाहिर जानु, उमेर बढी, पढाइ र सिकाइमा साह्रै कमजोरका साथै विभिन्न कारण मनोसामाजिक समस्या हुनु जस्ता कारणहरू मुख्य समस्याको रुपमा देखिन्छन् ।

विद्यालय भर्ना दरमा वृद्धि गर्नु, विद्यालय छोड्ने दर शुन्यमा झार्नु, विद्यार्थी तथा शिक्षकका नियमिततामा पनि सुधार गर्नु, विद्यालयमा शिक्षाको गुणस्तर सुधार गर्नु, कार्यसंस्कृति एवम् अनुभवको व्यवहारिक प्रयोग गर्नु, सीमित स्रोत साधनमा सञ्चालित सामुदायिक विद्यालयप्रतिको विश्वसनीयतालाई उल्लेखनीय रूपमा सुधार गर्नु, विद्यालय जाने उमेरका बालबालिका तथा अभिभावकहरूमा शिक्षाको महत्व जगाउनु, अन्धविश्वासमा कमी ल्याउनु, मनोसामाजिक समस्याको समाधान गर्नु, विद्यालय व्यवस्थापन तथा अनुगमनलाई प्रभावकारी बनाउनु जस्ता चुनौतीहरू रहेका छन् । जीवनउपयोगी एवं गुणस्तरीय शिक्षामा विपन्न, दलित, सीमान्तकृत र पिछडिएका समुदायहरूका लागि प्राविधिक शिक्षामा विशेष व्यवस्था गर्न सकिएको छैन । सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर र विद्यार्थीहरूको सिकाई उपलब्धी वृद्धिका लागि शिक्षक र अभिभावकबीच नियमित अन्तर्क्रिया र छलफलको अभाव रहेको छ ।

### ४.२.३ लक्ष्य

गुणस्तरीय विद्यालय शिक्षा र रोजगारमुलक व्यवसायिक शिक्षाको विकास मार्फत दक्ष जनशक्ति तयार पार्ने ।

### ४.२.४ उद्देश्य

१. शिक्षण संस्थाहरूलाई उत्थानशिल र आधुनिक बनाउनु ।

२. गुणस्तरीय, जीवनपर्यन्त एवं अनुसन्धानात्मक शिक्षामा नागरिकको पहुँच विस्तार गर्नु ।

३. प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमको अवसर वृद्धि गर्नु ।

### ४.२.५ रणनीति

१. गाउँपालिकाका सबै शिक्षण संस्थाहरूको संरचनागत, प्राविधिक, भौतिक अवस्थामा आवश्यक सुधार गर्ने,

२. माध्यमिक तहसम्मको शिक्षामा विज्ञान कक्षा संचालन गर्दै सबै बालबालिकाको पहुँच तथा निरन्तरताको सुनिश्चित गर्ने,

३. गाउँपालिकाभित्र शैक्षिक गुणस्तर अभिवृद्धि सम्बन्धी कार्यक्रमहरूमा जोड दिने,

४. वयस्क शिक्षण पद्धतिमा समय सापेक्ष सुधार गर्ने,

५. हाल रहेको प्राविधिक शिक्षा प्रदायक संस्थाहरूको सुदृढिकरण गर्ने,

६. व्यवसायिक सीप विकास सम्बन्धी तालिम दिने संस्थाहरूसँग समन्वय तथा सहकार्य गर्ने ।

### ४.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

योजना र कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहाय अनुसार तलको तालिकामा प्रस्तुत गरिएको छ :

| सूचक | एकाई | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| साक्षरता दर | प्रतिशत | ७३ | ७५ | ७८ | ८० |
| आधारभुत तहमा उत्तीर्ण गर्ने विद्यार्थी | प्रतिशत | | १०० | १०० | १०० |
| विद्यालय बाहेक समुदाय स्तरका बाल विकास केन्द्र | संख्या | ० | १ | २ | ३ |
| विद्यालय जाने उमेरका बालबालिका विद्यालय बाहिर भएका | प्रतिशत | ५ | ४ | ३ | २ |
| विद्यालय छाड्ने दर | प्रतिशत | ३.५ | ३ | २ | १ |
| SEE उत्तीर्ण विद्यार्थी | प्रतिशत | | १०० | १०० | १०० |
| इन्टरनेट र कम्प्यूटर सुविधामा पहुँच भएका विद्यार्थी | प्रतिशत | | ६५ | ७० | ७५ |

### ४.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

गाउँपालिकाको उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा शिक्षा उप-क्षेत्रको खर्च र सो स्रोतको त्रिवर्षीय अनुमान देहाय अनुसार तलको तालिकामा प्रस्तुत गरिएकोछ :

| आर्थिक वर्ष | बजेट सीमा (रु.) | | | बजेटको श्रोत (रु.) | | |
|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार |
| २०८१/८२ | २६००४०९७ | १५६०२४५८ | १०४०१६३९ | ३९५३२७ | २२४५२६२४ | ३१५६१४७ |
| २०८२/८३ | २६२६४८१९ | १५७५८८९२ | १०५०५९२८ | ४०८५९३ | २२५९३०६४ | ३२६३१६२ |
| २०८३/८४ | २८९५४७०० | १७३७२८२० | ११५८१८८० | ४६५५०४ | २५१८१९६६ | ३३०७२३० |

### ४.२.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहाय अनुसार तल प्रस्तुत गरिएकोछ :

| क.सं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | विद्यालय भवन निर्माण | गुणस्तरीय शिक्षा प्रदान गर्नका लागि भवन निर्माण गर्नु | २०८१/०८२ - २०८३/०८४ | ३६२३८४९८ | विद्यालयहरूमा नयाँ भवन निर्माण र पुराना भवनहरूको मर्मत भएको हुनेछ । |
| २ | विद्यालय शौचालय निर्माण | स्वच्छ वातावरणको लागि विद्यालयमा शौचालय निर्माण गर्नु | २०८१/०८२ - २०८३/०८४ | ८५००००० | विद्यालयहरूमा छात्र छात्राहरूको लागि छुट्टा छुट्टै शौचालहरू निमार्ण भएको हुनेछ । |
| ३ | इ तथा सार्वजनिक पुस्तकालय निर्माण | डिजिटल माध्यमबाट विद्यार्थीको सिकाई उपलव्धी अभिवृद्धि गर्नु | २०८१/०८२ - २०८३/०८४ | ४२०५०३० | छनोट भएका विद्यालयहरूमा डिजिटल माध्यमबाट कक्षा संचालन भएको हुनेछ । |
| ४ | अनौपचारिक तथा जीवनपर्यत्न सिकाइ कार्यक्रम | जीवन उपयोगी शिक्षाको वातावरण तयार गर्नु | सालवसाली | ३५००७५० | जेष्ठ नागरिक र अन्य विज्ञहरूबाट जीवन पर्यत्न सिकाई सम्बन्धी ज्ञान आदानप्रदान भएको हुनेछ । |
| ५ | प्रारम्भिक बाल विकास कार्यक्रम | बाल मनोभावना उपयोगी शिक्षा प्रवर्द्धन गर्नु | सालवसाली | ६९००५५० | ३ वर्षदेखि ५ वर्षसम्मका बालबालिकाहरूका लागि गाउँघरमा विशेष कक्षा र बाल विकास सम्बन्धी क्रियाकलाप संचालन भएको हुनेछ । |
| ६ | आधारभूत शिक्षा कार्यक्रम | अनिवार्य शिक्षा कार्यान्वयन गर्नु | सालवसाली | ५८०६६०० | गाउँपालिकाका विद्यालय जाने उमेरका बालबालिकाहरू अनिवार्य विद्यालय गएको हुनेछ । |
| ७ | माध्यमिक शिक्षा कार्यक्रम | माध्यमिक तहको सिकाई उपलव्धी वृद्धि गर्नु | सालवसाली | ५८०८१०० | माध्यमिक शिक्षालाई व्यवसायिक र सीपमूलक रुपमा संचालन भएको हुनेछ । |
| ८ | प्राविधिक शिक्षा छात्रवृति तथा कार्यक्रम | प्राविधिक धारको शिक्षालाई गाउँपालिकाले पहल गर्नु | २०८१/०८२ - २०८३/०८४ | ५१३०५९४ | गाउँपालिकाका जेहेन्दार विद्यार्थीलाई प्राविधिक शिक्षा आर्जनका लागि छात्रवृतिको व्यवस्था भएको हुनेछ । |
| ९ | कला तथा भाषा प्रवर्द्धन कार्यक्रम | कला भाषा तथा साहित्यको जगेर्ना गर्नु | सालवसाली | १००३०४४ | गाउँपालिकाभित्र रहेका कला, भाषा र ऐतिहासिक धरोहरहरूको संरक्षण भएको हुनेछ । |

| | | | | | |
|---|---|---|---|---|---|
| १० | अन्य सालवसाली कार्यक्रम | गुणस्तरीय शिक्षाको वातावरण तयार गर्नु | सालवसाली | ४१३०४५१ | गुणस्तरीय शिक्षा प्रदान गरी सभ्य नागरिक बनाउन सहयोग गरेको हुनेछ । |
| | जम्मा | | | ८१२२३६१७ | |

### ४.२.९ जोखिम पक्ष तथा अनुमान

समयको माग अनुसार प्राविधिक एवं जीवनोपयोगी शिक्षाको विस्तार गर्नु, शैक्षिक पूर्वाधारका लागि स्रोत र साधनको उपलब्धता, शिक्षकहरूको पठनपाठनमा लगनशीलता र अभिभावकको शैक्षिक गुणस्तर सुधारमा सहभागिताको कमीले गर्दा निश्चित उपलब्धी प्राप्तिमा जोखिम रहन्छ । संघीय शिक्षा ऐन तथा नियमावली जारी एवम् समयानुकूल परिमार्जन भएको हुनेछ । शैक्षिक क्षेत्रमा नविनतम विधि तथा प्रविधिको उपयोग भएको हुनेछ । शैक्षिक क्षेत्रमा पर्याप्त पूर्वाधार विकास, आवश्यक जनशक्ति व्यवस्था, क्षमता विकासका अवसर, नवीनतम प्रविधिको उपयोग, अन्तर सरकार सहयोग र सहकार्य र सरोकारवाला बीचको समन्वय, सहकार्य र साझेदारीको विकास जस्ता पक्षमा ध्यान पुगेमा अपेक्षित नतिजा हासिल हुने देखिन्छ । स्थानीय समुदायले शिक्षाको महत्व बुझेसँगै छोरीलाई शिक्षा आर्जनमा अनिवार्य सहभागिता गराएमा र पछाडी परेका समुदायका बालबालिकाहरूलाई विद्यालय भर्नामा विशेष व्यवस्थाले शिक्षामा सबैको पहुँच सुनिश्चित हुनेछ ।

## ४.३ खानेपानी तथा सरसरफाई

### ४.३.१ पृष्ठभूमि

स्वस्थ तथा सभ्य मानव जीवनका लागि खानेपानी तथा सरसफाइ अनिवार्य विषयको रुपमा पर्दछ । तसर्थ गाउँपालिकामा खानेपानी तथा सरसफाईको क्षेत्रमा उल्लेख्य पहल भएका छन् । मानव जीवनको लागि अत्यावश्यक सेवामा खानेपानी तथा सरसफाई पर्ने हनाले आधारभूत खानेपानी तथा सरसफाई सबै गाउँबासीलाई उपलब्ध गराउनु गाउँपालिकाको दायित्व हो । यस गाउँपालिकामा रहेका घरधुरीहरूले अझैपनि पाइप र मुलको पानी उपभोग गर्दै आएको छ । जनगणना २०७८ का अनुसार कूल घरधुरीको झण्डै ७३ प्रतिशत पाइपको पानी उपभोग गर्दछन भने झण्डै २७ प्रतिशत घरधुरी मुलको पानी र केहीले कुवा तथा केहीले खोला, झरनाको पानी उपभोग गरेका छन् । यसैगरी शौचालय प्रयोग तर्फ कुल घरधुरीको ५०.७ प्रतिशत सेफ्टी ट्यांकी भएको शौचालय प्रयोग गर्दछन । ४६.३ घरधुरीले साधारण शौचालय प्रयोग गर्दछन भने ३ प्रतिशत घरधुरीले शौचालय नै प्रयोग गर्दैनन ।

### ४.३.२ समस्या तथा चूनौति

आधारभूत तहको खानेपानीको सुबिधा गाउँबासीमा पुगेको भएतापनि खानेपानीको गुणस्तर कायम हुन सकेको छैन । यस गाउँपालिकामा पाईप धाराको पानी उपयोग केही परिवारले गरेको भएतापनि एक घर एक धाराको नीति अनुरुप सबैलाई समेट्न नसकेको, धेरै बस्तीहरू मा शुद्ध खानेपानीको असुविधा रहेको, पानीका मुहान सुक्दै गएको, खानेपानी तथा सरसफाईको लागि पर्याप्त बजेट विनियोजन नभएको, आफ्नो घरआँगन सफा राखेतापनि फोहरमैलाको उचित व्यवस्थापनमा कठिनाई आदि खानेपानी तथा फोहोरमैला व्यवस्थापनका प्रमुख समस्याहरू हुन् ।

खानेपानीको गुणस्तर सुनिश्चितता गर्ने प्रशोधन संयन्त्रको कमी रहेको छ । क्रमिक रूपमा वस्तीहरू अर्धशहरीकरण उन्मुख भईरहेको कारण खानेपानी तथा सरसफाईसँग सम्बन्धित सेवाहरूको माग बढदै गएको छ । गाउँपालिकाको बजेट तथा कार्यक्रमको प्राथमिकता सडक पुल जस्ता भौतिक पूर्वाधारको तुलनामा खानेपानी तथा सरसफाइ जस्ता सामाजिक पूर्वाधारमा तुलनात्मक रुपमा कम हुने गरेको छ । छरिएको वस्तीका कारण खानेपानी सर्वसुलभ गराउनु मुख्य चुनौती बन्न पुगेको छ । अझै पनि सबै घरमा शौचालय नहुनु अर्को समस्याको रुपमा रहेको छ ।

### ४.३.३ लक्ष्य

“गुणस्तरीय र सर्वसुलभ खानेपानी तथा सरसफाई सेवाको पहुँच विस्तार गर्ने”

### ४.३.४ उद्देश्य

१. स्वच्छ र गुणस्तरीय खानेपानीको सुविधा विस्तार गर्नु ।

२. सामुदायिक सहभागितामा सरसफाईको अवस्था सुधार गर्नु ।

### ४.३.५ रणनीति

१. वृहद खानेपानी योजना अन्तर्गत *एक घर एक धारा* अभियान संचालन गर्ने ।

२. खानेपानीका मुहान तथा स्रोतहरूको संरक्षण तथा संवर्द्धन गर्ने ।

३. सरसफाईलाई उच्च प्राथमिकता दिई कार्यक्रम सञ्चालन गर्ने ।

### ४.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहाय अनुसार तल प्रस्तुत गरिएको छ :

| सूचक | एकाई | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| गुणस्तरीय र सर्वसुलभ खानेपानीको सुविधामा पहुँच भएको घरधुरी वा जनसंख्या | प्रतिशत | १७.५ | २० | २५ | ३० |
| एक घर एक धारा अनुरुप खानेपानीका लागि धारा मार्फत नियमित सेवा पाएका घरधुरी | प्रतिशत | ५५.४ | ६० | ६२ | ६५ |
| वडास्तरीय खानेपानी योजना | संख्या | ० | २ | ४ | ६ |
| मर्मत भई नियमित पानी वितरण भएका पाईप लाईन | संख्या | ० | २ | ४ | ६ |
| फोहर मैला वर्गिकरण गरी व्यवस्थापन गर्ने घरधुरी | प्रतिशत | २ | ५ | ७ | १० |
| फोहर संकलन केन्द्र | संख्या | ० | १ | २ | ३ |

### ४.३.७. विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

गाउँपालिकाको उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा खानेपानी सरसफाई उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहाय अनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट सीमा (रु.) | | | बजेटको श्रोत (रु.) | | |
|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार |
| २०८१/८२ | १५३५८१२५ | ९२१४८७५ | ६१४३२५० | २३३४८२ | १३२६०६१० | १८६४०३३ |
| २०८२/८३ | १६८८४५२७ | १०१३०७१६ | ६७५३८११ | २६२६६७ | १४५२४११३ | २०९७७४७ |
| २०८३/८४ | १८९७०३२१ | ११३८२१९३ | ७५८८१२८ | ३०४९८५ | १६४९८५३० | २१६६८०६ |

### ४.३.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअनुसार प्रस्तुत गरिएको छ :

| क.सं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | स्वच्छ खानेपानी योजना (एक घर एक धारा) | गाउँपालिकाका घरधुरीमा शुद्ध खानेपानीको व्यवस्था गर्नु | २०८०/०८१-२०८१/०८२ | ३४३६०२३४ | सबैको घरमा शुद्ध खानेपानीको व्यवस्था भएको हुनेछ । |
| २ | विपन्न समुदाय शौचालय निर्माण कार्यक्रम | स्वच्छ र सफा वातावरणका लागि गाउँपालिकाका अति विपन्न र पिछडिएका वर्गको सबै घरधुरीहरूमा शौचालय निर्माण गर्नु | सालवसाली | २५०३२०४ | गाउँपालिकाका सम्पूर्ण घरहरूमा व्यवस्थित शौचालय निर्माण भएको हुनेछ । |
| ३ | खानेपानी तथा सरसफाई कार्यक्रम | जनचेतनामूलक कार्यक्रम संचालन गर्नु | सालवसाली | १०००७५० | सरसफाई सम्वन्धी जनचेतना अभिवृद्धि भएको हुनेछ । |
| ४ | खानेपानी मुहान तथा निकास मर्मत सम्भार, उपभोक्ता समितिको क्षमता विकास र नीति तर्जुमा | खानेपानी प्रणालीलाई व्यवस्थित गर्नु | सालवसाली | १०८४४९९० | गाउँपालिकामा शुद्ध खानेपानी वितरण भएको हुनेछ । |
| ५ | बजार क्षेत्र सरसफाई कार्यक्रम | बजार क्षेत्र सफा हराभरा गर्नु | सालवसाली | २५०३७९४ | सफा गाउँपालिकाको पहिचान भएको हुनेछ । |
| | जम्मा | | | ५१२१२९७२ | |

### ४.३.९ जोखिम पक्ष तथा अनुमान

जलवायु परिवर्तनबाट खानेपानीको स्रोतमा पर्ने नकारात्मक प्रभाव, खानेपानीको स्रोत र वितरण प्रणालीमा उचित व्यवस्थापनको अभाव र प्रदूषण आदिलाई खानेपानी तथा सरसरफाई सम्बन्धी अपेक्षित उपलब्धि हासिल गर्ने जोखिम पक्षको रुपमा आँकलन गरिएको छ। त्यसैगरी जलवायु परिवर्तनका कारण अधिकाश भुभागमा जलस्तर कम हुदै गएको छ पानीका मुहान सुक्दै गएका छन् । मध्यमकालीन खर्च संरचनामा प्रस्ताव गरे अनुसार बजेट सुनिश्चितता भई आयोजना संचालन तथा मर्मतसंभार र स्तरोन्नति भएमा अपेक्षित उपलब्धि हासिल हुने देखिन्छ ।

## ४.४ महिला, बालबालिका तथा सामाजिक समावेशीकरण

### ४.४.१. पृष्ठभूमि

गाउँपालिकाले समानुपातिक, समावेशी र न्यायोचित स्रोत वितरणका लागि लैंगिक समानता तथा सामाजिक समावेशीकरणको क्षेत्रमा वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्ने अभ्यासलाई निरन्तरता दिई रहेको छ । यस गाउँपालिकामा पुरुषको तुलनामा महिलाको सामाजिक तथा आर्थिक अवस्था कमजोर

देखिन्छ । अधिकार, सम्पत्ति, अवसरमा महिलाको तुलनामा पुरुषको पहुँच बढी रहेको छ । अझै पनि विभिन्न अन्धविश्वासका कारण छोरीलाई भन्दा छोरालाई महत्व दिने परिपाटी भने कायम नै रहेको देखिन्छ । केही समय यता भने महिलाको सामाजिक सचेतनामा धेरै वृद्धि भएको र महिलाहरूको गतिशिलता र सहभागितामा वृद्धि भएको देखिन्छ । महिला हिंसा र भेदभाव तथा महिनावारीमा गरिने छुवाछुतमा भने धेरै मात्रामा न्यूनीकरण भएको देखिन्छ । महिलाहरू विभिन्न आर्थिक उपार्जनका काम तथा सहकारीहरूमा संलग्न भई उपलब्धी गरेका देखिन्छन् । यसका साथै विभिन्न स्थानीय स्तरका समिति, उपभोक्ता समितिहरूमा महिलाहरूको सहभागिता देखिन्छ। साथै पहिलो स्थानीय चुनावमा पनि कोटा अनुसार महिलाहरूको सहभागिता प्रावधान गरे अनुरुप नै देखिन्छ। तथपि, ती विभिन्न समितिहरूमा भने महिलाको नेतृत्व देखिंदैन । स्थानीय स्तरको न्यायिक समिति तथा महिलाले नेतृत्व गर्ने प्रावधान रहेका समितिहरू बाहेक अन्य समिति तथा उपभोक्त समितिहरूमा महिलाको नेतृत्वमा कमी रहेको छ ।

### ४.४.२ समस्या तथा चूनौति

गाउँपालिकामा महिला, बालबालिका र लक्षित वर्गमैत्री पूर्वाधार, नीति, नियम र संरचनाको कमी रहेको छ। नेतृत्वमा महिलाको सहभागिता प्रभावकारी नदेखिनु, योजना तर्जुमा तथा कार्यान्वयनमा महिलाहरूको अर्थपूर्ण सहभागिता नदेखिनु, छोरा छोरी बीचको भेदभाव कम हुँदै गएता पनि छोरी र बुहारी बीचको विभेद कायम रहनु, श्रमिकहरूको ज्यालामा विभेद कायम रहनु, महिलाहरूको कार्यबोझमा कमी नहुनु, महिलामा मानसिक हिंसा अत्याधिक हुनु जस्ता मुख्य समस्या रहेका छन् ।

बालबालिकाहरूको सन्दर्भमा नैतिक शिक्षाको अभाव, प्रविधिको अधिक प्रयोगले बालबालिकाहरूमा एकोहोरोपना देखिएको र सामाजिक कार्यमा कम सहभागिता हुनुका साथै उमेर नपुगी विवाह गर्ने, विभिन्न कारण बिचमै विद्यालय छोड्ने, त्यसैगरी बाल अधिकार र कर्तव्य बीच असन्तुलन देखिने, कामकाजी अभिभावक भएका बालबालिकाहरूको उचित व्यवस्थापन नहुने जस्ता समस्याहरू बालबालिकाका क्षेत्रमा रहेका छन् ।

समाजमा जेष्ठ नागरिकहरूलाई उचित सम्मान हुन नसक्नु, सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूले उचित सम्मान पाउन नसकेको, अपाङ्गता भएका व्यक्तिहरूको शिक्षा, स्वास्थ्य तथा रोजगारीका अवसरमा पहुँच नहुनु, शिक्षा तथा स्वास्थ्यका संरचना अपाङ्गमैत्री नहुनु, दलित बालबालिकाहरूको पोषण र शिक्षामा पहुँच कम हुनु जस्ता समस्याहरू रहेका छन्। त्यसैगरी समाजमा विद्यमान छुवाछुत तथा अन्य कुरीतिप्रथा कायमै रहनु र अन्धविश्वास कायमै रहनु पनि यहाँका सामाजिक समस्याहरू हुन् ।

गाउँपालिकाभित्र महिला उद्यमशिलताका लगि लगानी मैत्री वातावरण सिर्जना गर्नु, महिला, बालबालिका, सिमान्तकृत, युवाहरूको सहभागिता अर्थपूर्ण बनाउनु, महिला, बालबालिका, सिमान्तकृत समुदायहरूलाई नेतृत्वदायी भूमिकामा पुऱ्याउनु, समाजमा विद्यमान छुवाछुत तथा अन्य कुरितीहरूलाई उल्लेख्य मात्रामा घटाउनु यस क्षेत्रको प्रमुख चुनौतीहरू हुन् ।

### ४.४.३ लक्ष्य

"महिला, बालबालिका, अपाङ्गता भएका, जेष्ठ नागरिक तथा सिमान्तकृत समुदायहरू विरुद्ध हुने सबै प्रकारका विभेद, हिंसा र शोषण अन्त्य गर्ने"

### ४.४.४ उद्देश्य

१. महिला, बालबालिका, अपाङ्गता भएका व्यक्तिहरू, जेष्ठ नागरिक तथा सिमान्तकृत समुदायहरूको समग्र अधिकारको संरक्षण तथा प्रवर्द्धन गर्नु ।

२. महिला, बालबालिका, अपाङ्गता भएका व्यक्तिहरू, ज्येष्ठ नागरिक तथा सिमान्तकृत समुदायहरू मैत्री वातावरण सिर्जना गर्नु ।

### ४.४.५ रणनीति

१. गाउँपालिकामा लैङ्गिक उत्तरदायी बजेट र शासन व्यवस्थालाई संस्थागत गर्दै महिलाको सम्मानित जीवनयापनको वातावरण सुनिश्चित गर्ने ।

२. सबै प्रकारका विभेद, हिंसा, उत्पीडन, शोषणबाट सबै प्रकारका (विपन्न परिवारका, अपाङ्गता भएका, असहाय, अनाथ, विशेष संरक्षणको आवश्यकता भएका) बालबालिका तथा किशोरकिशोरीलाई उचित संरक्षण गर्ने ।

३. ज्येष्ठ नागरिकको लागि हेरचाह, स्याहार सुसार र उपयुक्त वातावरण सिर्जना गर्ने ।

४. सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूको हक अधिकार संरक्षण गर्न आवश्यक नीति निर्माण गरी प्रभावकारी कार्यान्वयन गर्ने ।

५. महिलाहरूको उद्यमशीलता विकास गर्ने ।

६. बालमैत्री तथा किशोरकिशोरीमैत्री वातावरणको विकास गर्ने ।

७. ज्येष्ठ नागरिकको सुरक्षा र सहजताको लागि सामाजिक सुरक्षा सेवा वृद्धि गर्ने ।

८. अपाङ्गता भएका व्यक्तिहरूको सार्वजनिक सेवामा सहज पहुँच बढाउने ।

### ४.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

योजना तथा कार्यक्रम र आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहाय अनुसार तल प्रस्तुत गरिएको छ :

| सूचक | एकाई | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| घरेलु तथा लैंगिक हिंसा, विवाद लगायतको घटना (बार्षिक) | संख्या | | | | |
| महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक तथा सिमान्तकृत विरुद्धका विभेदका दर | प्रतिशत | २५ | २० | १५ | १० |
| नीति निर्माण र योजना तर्जुमा प्रक्रियामा महिला सहभागिता | प्रतिशत | ३३ | ४० | ४५ | ५० |
| रोजगारीमा महिला सहभागिता | प्रतिशत | २० | २५ | ३० | ३५ |
| निर्णय प्रक्रियामा महिलाको सहभागिता तथा नेतृत्व | प्रतिशत | ३३ | ४० | ४५ | ५० |
| निर्माण भएका बालउद्यान | संख्या | ० | १ | २ | ३ |
| बालमैत्री स्थानीय शासन लागू भएको वडा | संख्या | ० | ३ | ६ | ६ |
| सहुलियत कार्ड पाएका ज्येष्ठ नागरिक | संख्या | १०० | १०० | १०० | १०० |
| विशेष स्वास्थ्य कार्यक्रममा पहुँच भएका जेष्ठ नागरिक (प्रत्येक बर्ष थप) | प्रतिशत | १० | १० | १० | १० |
| सार्वजनिक सेवाका नीतिनिर्माणका पदहरूमा रहेका महिला (कुल कर्मचारीहरू मध्ये महिलाको प्रतिशत) | प्रतिशत | ४० | ४० | ४५ | ५० |
| अपांगत परिचयपत्र (रातो, निलो, पहेलो र सेतो) | | १००% | १००% | १००% | १००% |

### ४.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

गाउँपालिकाको उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा महिला, बालबालिका तथा समावेशीकरण उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहाय अनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट सीमा (रु.) | | | बजेटको श्रोत (रु.) | | |
|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार |
| २०८१/८२ | १०४७१४४९ | ६२८२८६९ | ४१८८५७९ | १५९१९२ | ९०४१३२५ | १२७०९३२ |
| २०८२/८३ | ११६३१५६३ | ६९७८९३८ | ४६५२६२५ | १८०९४८ | १०००५५०० | १४४५११५ |
| २०८३/८४ | १२७८०००६ | ७६६८००३ | ५११२००२ | २०५४६४ | १११४७९९ | १४५९७४३ |

### ४.४.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहाय अनुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | महिला स्वरोजगार कार्यक्रम | महिलाहरूलाई रोजगार बनाउनु | सालवसाली | ८२२९६६१ | महिलाहरू रोजगारीमा संलग्न भएको हुनेछ । |
| २ | जेष्ठ नागरिक दिवा सेवा तथा ज्ञान हस्तान्तरण केन्द्र | जेष्ठ नागरिकको सम्मान गर्नु | सालवसाली | ४५४५००० | जेष्ठ नागरिकहरूले सम्मानपूर्वक बाँच्न पाउने अधिकार उपभोग गरेको हुनेछ । |
| ३ | दलित परम्परागत सीप प्रवर्द्धन कार्यक्रम | परम्परागत सीपबाट व्यवसायिक बनाउनु | सालवसाली | २५१२३३८ | दलित समुदायका व्यक्तिहरू रोजगार मार्फत आर्थिक उपार्जन गरेका हुनेछन् । |
| ४ | हिंसा पीडित संरक्षण केन्द्र | हिंसा पीडितलाई सुरक्षा प्रदान गर्नु | सालवसाली | २७११०३१ | हिंसा पीडित महिलाहरूले सुरक्षित बसोवासको उपभोग गरेका हुनेछन् । |
| ५ | अपांगता भएका व्यक्ति संरक्षण तथा सशक्तीकरण कार्यक्रम | अपांग व्यक्तिहरूको लागि सम्मान गर्नु | सालवसाली | ३०३५५०० | अपांगता व्यक्तिहरूको सम्मान भएको हुनेछ । |
| ६ | दलित, अल्पसंख्यक, सिमान्तकृत र जनजाति उत्थान कार्यक्रम | पछाडी पारिएका समुदायको आर्थिक अभिवृद्धि गर्नु | २०८१/०८२ - २०८३/०८४ | ३४४५००० | व्यवसायिक सीप प्राप्त गरी दलित, अल्पसंख्यक, सिमान्तकृत समुदायको आर्थिक वृद्धि भएको हुनेछ । |

| क.सं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ७ | महिला, बालबालिका तथा सामाजिक समावेशीकरण प्रवर्द्धनात्मक कार्यक्रम ( जनप्रतिनिधि, कर्मचारी, नागरिक समाजको क्षमता विकास लगायत) | समावेशीकरणलाई मूलप्रवाहीकरण गरी पछाडी पारिएका समुदायको आर्थिक अभिवृद्धि गर्नु | २०८१/०८२ - २०८३/०८४ | १०४०४४८७ | महिला, बालबालिकाको अधिकार सुनिश्चित भएको हुनेछ । |
| | **जम्मा** | | | ३४८८३०१७ | |

### ४.४.९ जोखिम पक्ष तथा अनुमान

महिला, बालबालिका तथा लक्षित वर्गको विकास सम्बन्धित कार्यक्रममा प्राथमिकताका साथ बजेट विनियोजन, व्यवहारिक कार्यक्रम तथा नीतिगत परिवर्तन, यस क्षेत्रसँग सम्बन्धित निकाय तथा संरचनाको क्षमता विकास तथा क्रियाशिलता नभएमा अपेक्षित नतिजा प्राप्त नहुने जोखिम रहन सक्दछ । गाउँपालिकाले आफ्नो नीति तथा कार्यक्रममा महिला, बालबालिका र लक्षित वर्गको उत्थानका लागि सोच लिई कार्य गर्दै आएकोले नतिजा प्राप्त गर्न सकिने अनुमान गर्न सकिन्छ ।

## ४.५ युवा, खेलकुद तथा नवप्रवर्तन

### ४.५.१ पृष्ठभूमि

युवा राष्ट निर्माणको संवाहक भएको हुँदा युवा तथा खेलकुदको विकासको क्षेत्रमा संघीय तथा प्रदेश सरकार र गाउँपालिका तहमा खेलकुद अभियानहरू संचालन भई आएका छन ।  यस गाउँपालिकामा १५ देखि ४० बर्ष सम्मका युवाको संख्या २८ प्रतिशत युवा रहेका छन । गाउँपालिकाका युवाहरू अति नै कम मात्रामा ब्यबसायिक क्षेत्रमा लागेको र अधिकांस युवा स्वदेशका अन्य स्थानमा तथा विदेश पलायन भएका छन । गाउँपालिका भित्र रहेका युवा पनि आवश्यक ज्ञान शिप, तथा आर्थिक अभावका कारण ब्यबसायमा लाग्न नसकिरहेको अवस्था छ । प्राविधिक ज्ञान र शीपको कमीका कारण आफ् ना् शिपलाई न्यून मुल्यमा बेच्न बाध्य भएका छन । त्यसैले यस योजनामा यस गाउँपालिकाका युवाको क्षमताका आधारमा प्राविधिक ज्ञान र शिपको विकास गरी स्वदेश तथा विदेशको लागि आवश्यक दक्ष तथा अर्धदक्ष जनशक्ति उत्पादनमा जोड रहने छ ।

### ४.५.२ समस्या तथा चुनौति

धेरै जसो युवाहरू रोजगारी र अध्ययनका लागि युवाहरू विदेश पलायन, खेलाडीको प्रतिस्पर्धी क्षमतामा कमी, खेलकूद सम्वन्धी प्रयाप्त पूर्वाधारको कमी, दुर्व्यसन र वैदेशिक रोजगारीमा आकर्षण युवा तथा खेलकुद क्षेत्रका मुख्य समस्याहरू हुन् । युवा वर्गमा परम्परागत कृषि तथा घरेलु व्यवसायमा स्वभाविक आकर्षण रहेको छैन । विभिन्न तहका सरकारबीच युवा तथा खेलकुदसम्बन्धी योजना कार्यान्वयन एवम् समान प्रकृतिका कार्यक्रमहरू सञ्चालन गर्न एकापसमा सामञ्जस्यको अभाव छ । स्तरीय खेल प्रशिक्षणमा कमी, खेलमा व्यावसायिकता कमी र खेलाडीको भविष्यको अनिश्चितताका कारण खेल क्षेत्रमा आशातित सफलता हासिल गर्न सकिएको छैन । खेलकुदलाई समय बिताउने माध्यमका रूपमा मात्र नलिएर खेलकुद आर्थिक उपार्जन र जीवन निर्वाहको आधारको रुपमा स्थापित गर्ने काम चुनौतिपूर्ण रहेको छ । विदेशबाट फर्केका युवाहरूको सीप तथा अनुभवको उचित प्रयोग गरी उत्पादनमूलक कार्यमा लगाउनु, गाउँपालिकामा भएका पर्यटनका अवसरमा युवाहरूलाई आकर्षित गरी यस्ता व्यवसायमा परिचालित गर्नु यस क्षेत्रका मुख्य चुनौतीहरू हुन् ।

### ४.५.३ लक्ष्य

युवा र खेलकुद विकासबीच अन्तरसम्वन्ध स्थापित गर्दै युवा जनशक्तिलाइ गाँउपालिकाको सर्वाङ्गिण विकासमा मूलप्रवाहिकरण गर्ने । ”

### ४.५.४ उद्देश्य

१. युवाहरूको सीप र नेतृत्वक्षमतामा वृद्धि गरी उद्यमशील, स्वरोजगार र स्वावलम्बी बनाउनु ।

२. खेलकुद पूर्वाधारको विकास गरी स्वास्थ्य, अनुशासित, प्रतिस्पर्धी र व्यवसायिक खेलाडी उत्पादन गर्नु ।

### ४.५.५ रणनीति

१. गाउँपालिकाको नीति निर्माण, योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्यांकन प्रक्रियामा युवाको सहभागिता सुनिश्चित गर्ने ।

२. क्षमता विकास कार्यक्रम तथा वित्तीय स्रोत साधनमा युवाहरूको पहुँच वृद्धि गर्ने ।

३. खेलकुद क्रियाकलापहरूमा युवाहरूको संलग्नता बढाउने ।

### ४.५.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

योजना तथा कार्यक्रम र आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहाय अनुसार तलको तालिकामा प्रस्तुत गरिएको छ :

| सूचक | एकाई | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| खेल मैदान | संख्या | | | | |
| प्रदेश र राष्ट्रिय स्तरमा परिचित खेलाडीहरू | संख्या | | | | |
| गाउँपालिकाको विकासमा युवाको सहभागिता दर | प्रतिशत | | | | |
| गाउँ तथा वडा तहमा विभिन्न समितिहरूमा युवाको प्रतिनिधित्व | प्रतिशत | | | | |
| सक्रिय युवा संजाल | संख्या | | | | |
| उद्योग तथा व्यवसायमा संलग्नहरू मध्ये युवाहरू | प्रतिशत | | | | |
| युवाको नेतृत्वमा संचालित कृषिसँग सम्बन्धी व्यवसाय तथा उद्योग | संख्या | | | | |

### ४.५.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

गाउँपालिकाको उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा युवा तथा खेलकुद उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहाय अनुसार तल प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट सीमा (रु.) | | | बजेटको श्रोत (रु.) | | |
|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार |
| २०८१/८२ | ५२३५७२४ | २०९४२९० | ३१४१४३५ | ७९५९६ | ४५२०६६३ | ६३५४६६ |
| २०८२/८३ | ५८१५७८१ | २३२६३१३ | ३४८९४६९ | ९०४७४ | ५००२७५० | ७२२५५७ |
| २०८३/८४ | ६३९०००३ | २५५६००१ | ३८३४००२ | १०२७३२ | ५५५७३९९ | ७२९८७१ |

### ४.५.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहाय अनुसार प्रस्तुत गरिएको छ :

| क.सं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | युवा सृजनशिलता विकास कार्यक्रम | युवाको सृजनशीलता उजागर गर्नु | सालवसाली | ३५३५०३० | युवाको सीप तथा दक्षता वृद्धि भएको हुनेछ । |
| २ | खेलकुद स्थल निर्माण | गाउँपालिकामा खेलकुद स्थल निर्माण गर्नु | सालवसाली | ८८९०९२२ | गाउँपालिकामा खेलकुद स्थल निर्माण भएको हुनेछ । |
| ३ | खेलकुद विकास तथा प्रवर्द्धन कार्यक्रम | युवालाई सृजनशील र अनुशासित बनाउनु | सालवसाली | २०२५५५७ | खेलकुद र शारिरीक व्यायामले गाउँपालिकाको विकासमा युवाले भूमिका खेल्नेछ । |
| ४ | युवा लक्षित पर्यटन सीप विकास कार्यक्रम | युवालई रोजगारी प्रदान गर्नु | सालवसाली | २९९०००० | पर्यटन रोजगारीमा युवाहरू संलग्न हुनेछ । |
| | जम्मा | | | १७४४१५०९ | |

#### ४.५.९ जोखिम पक्ष तथा अनुमान

युवा तथा खेलकुद सम्बन्धी कार्यक्रमका लागि बजेटको यथोचित व्यवस्था, यससँग सम्बन्धित निकायको संस्थागत विकास, जनशक्ति व्यवस्थापन र खेलाडीलाई प्रोत्साहन नभएमा अपेक्षित उपलब्धि हासिल नहुने जोखिम रहन सक्छ ।

### ४.६ सामाजिक सुरक्षा तथा पंजीकरण

#### ४.६.१ पृष्ठभूमि

गाउँपालिकामा सामाजिक सुरक्षाको सेवा र कार्यालयको तथ्यांक व्यवस्थापन पंजीकरण शाखाबाट हुँदै आएको छ । कार्यालयको अभिलेख व्यवस्थापन महत्वपूर्ण हुने भएकोले यस कार्यलाई व्यवस्थित गर्नुपर्ने भएकोले यस शाखा दक्ष र चुस्त हुन जरुरी हुन्छ ।

#### ४.६.२ समस्या तथा चुनौति

तथ्यांक व्यवस्थापनका लागि छुट्टै कर्मचारीको व्यवस्थापन हुन सकेको छैन । शाखागत कर्मचारीहरूले हालसम्म तथ्यांक व्यवस्थापन गर्दै आएकोले गाउँपालिकागत तथ्यांक बन्न सकेको छैन । तथ्यांक व्यवस्थापनका लागि उपयुक्त सामग्रीको व्यवस्थापन हुन सकेको छैन । शाखागत कर्मचारीहरूबीच तथ्यांक व्यवस्थापनका लागि छलफल र प्रक्रियाको विषयमा एकआपसमा प्रष्ट हुन नसकेकोले यसको व्यवस्थापन चुनौतिपूर्ण रहेको छ ।

#### ४.६.३ लक्ष्य

"गाउँपालिकाको सूचना तथा जानकारीहरू तथ्यांकमा आधारित भई व्यवस्थित गर्ने"

### ४.६.४ उद्देश्य

१. गाउँपालिकाले सञ्चालन गरेका गतिविधि एवं सूचना तथा जानकारीहरूको संकलन, विश्लेषणमा प्रविधिको प्रयोग गरी सुचना प्रवाहमा एकद्वार प्रणाली विकास गर्नु ।

### ४.६.५ रणनीति

१. पंजीकरण र तथ्यांक व्यवस्थापनका लागि आवश्यक सामग्री तथा प्रणालीको व्यवस्थापन गर्ने ।

२. शाखागत प्रमुख र कर्मचारीहरूको समन्वय र सहकार्यमा गाउँपालिकाको सूचना र तथ्यांकलाई व्यवस्थित गर्ने ।

३. कर्मचारीहरूलाई आवश्यक तालिम तथा सीपको विकास गर्ने ।

### ४.६.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहाय अनुसार तलको तालिकामा प्रस्तुत गरिएको छ :

| सूचक | एकाई | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| तथ्यांक व्यवस्थापन शाखा | संख्या | ० | १ | १ | १ |
| तथ्यांक व्यवस्थापन कर्मचारी | संख्या | ० | १ | २ | ३ |
| तथ्यांक संकलन, विश्लेषण र स्टोरेज सामग्री | संख्या | ० | १ | १ | १ |

### ४.६.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

गाउँपालिकाको उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा सामाजिक सुरक्षा तथा पंजीकरणका साथै समग्र गाउँपालिकाको तथ्यांक उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहाय अनुसार तल प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट सीमा (रु.) | | | बजेटको श्रोत (रु.) | | |
|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार |
| २०८१/८२ | ३१४१४३ | १५७०७२ | १५७०७२ | ४७७६ | २७१२४० | ३८१२८ |
| २०८२/८३ | ३७५२१२ | १८७६०६ | १८७६०६ | ५८३७ | ३२२७५८ | ४६६१७ |
| २०८३/८४ | ४३९३१३ | २१९६५६ | २१९६५६ | ७०६३ | ३८२०७१ | ५०१७९ |

### ४.६.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहाय अनुसार प्रस्तुत गरिएको छ :

| क.सं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | पंजीकरण शाखा व्यवस्थापन | पंजीकरण शाखा व्यवस्थित गर्नु | सालवसाली | ६४६७५७ | पंजीकरण शाखा व्यवस्थित हुनेछ । |
| २ | तथ्यांक व्यवस्थापन | गाउँपालिकाको सम्पूर्ण तथ्यांक व्यवस्थापन गर्नु | सालवसाली | ३८१९११ | गाउँपालिकामा एकिकृत तथ्यांक प्रणालीको विकास हुनेछ । |
| ३ | क्षमता अभिवृद्धि | पंजीकरण शाखा सँग सम्बन्धित कर्मचारीहरको क्षमता वृद्धि गर्नु | सालवसाली | १००००० | कर्मचारीको क्षमता विकास हुन गइ प्रभावकारी तथा सूचनाहरू व्यवस्थित हुनेछ । |
| | जम्मा | | | ११२८६६८ | |

### ४.६.९ जोखिम पक्ष तथा अनुमान

सामाजिक सुरक्षा र पंजीकरणका साथै समग्र गाउँपालिकाको तथ्यांक व्यवस्थापनसँग सम्बन्धित निकायको संस्थागत विकास, जनशक्ति व्यवस्थापनलाई प्रोत्साहन नभएमा अपेक्षित उपलब्धि हासिल नहुने जोखिम रहन सक्छ । उल्लिखित शाखाहरूलाई व्यवस्थित र प्रविधी युक्त बनाउन सकेमा आवश्यक परेका तथ्यांकहरू तत्कालै प्राप्त गर्न सकिने हुन्छ ।

# परिच्छेद ५: पूर्वाधार क्षेत्र

यस पूर्वाधार क्षेत्र अन्तर्गत आवास, भवन तथा शहरी विकास, सडक, पुल तथा यातायात, विद्युत तथा वैकल्पिक उर्जा, सूचना, सञ्चार, विद्युतीय सुशासन लगायतका उप-क्षेत्रहरूको पृष्ठभूमि, समस्या तथा चुनौति, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमान तथा जोखिम पक्षहरू समावेश गरिएको छ ।

## ५.१ भवन, आवास तथा वस्ती विकास

### ५.१.१ पृष्ठभूमि

सरकारी र सामुदायिक भवन जनताका आवास र वस्ती सुरक्षित स्वस्थ्यकर, वातावरणमैत्री, भुकम्प प्रतिरोधी र किफायती हुनु पर्दछ । गाँउपालिकाले राष्ट्रिय भवन निर्माण संहितालाई ध्यानमा राखेर भवन निर्माण कार्यविधि निर्माण गरी कार्यन्वयन गर्नु पर्दछ । घरवार विहिन जनता र भुकम्प पीडितहरूलाई आवास कार्यक्रम अन्तरगत समावेश गर्नु जरुरी छ । छरिएर रहेका घर वस्ती, बाढी पहिरो र भु -क्षयको जोखिममा रहेका वस्तीहरूलाई स्थानान्तरण गरी एकीकृत वस्ती निर्माण गर्न गाँउपालिकाले जोड दिनु पर्दछ ।

यस गाउँपालिका क्षेत्र भित्र जनगणना २०७८ का अनुसार आवासिय घरको जगका आधारमा हेर्दा ३७.९ प्रतिशत घरपरिवार सिमेण्टको जगभएको घरमा बसोवास गर्ने गरेको देखिन्छ । माटो वा ढुङ्गा इटाको जग भएको ९५.३ प्रतिशत रहेको छ । काठको खम्बा भएको घरमा वसोवास गर्ने घरपरिवार १.२ प्रतिशत रहेको छ । त्यसैगरी आरसिसी पिलर भएका घर ३.२ प्रतिशत र अन्य ०.३० प्रतिशत रहेका छन । आरसिसी छाना भएका १.८, माटोको छाना भएको ३८.८ प्रतिशत, जस्ता पाताले छाएको घर ५८.७ प्रतिशत, काठको छाना भएका घर ०.३ प्रतिशत र अन्य घर ०.३ प्रतिशत छन् ।

सेवा, सुविधा तथा अवसरको उपलब्धताले गाउँपालिकाको ग्रामीण क्षेत्रबाट बजार क्षेत्रमा बसोवास गर्ने प्रवृति बढ्दै गएको छ । नेपालको संविधानले प्रत्येक नागरिकलाई उपयुक्त आवासको हकको व्यवस्था गरेको छ । छरिएर रहेका तथा विपदको जोखिममा रहेका घर परिवारलाई उपयुक्त आवासको व्यवस्थापन, अनाधिकृत तथा अव्यवस्थित रुपले वसोवास गरेका घर परिवारलाई उचित व्यवस्था गर्न गाउँपालिकाले आगामी दिनमा यस क्षेत्रलाई ध्यानमा राखी काम गर्न आवश्यक छ । यसैक्रममा गाउँपालिकाका घरपरिवारलाई सुरक्षित नागरिक आवास कार्यक्रम सञ्चालन तथा यसले निरन्तरता पाउने अपेक्षा गरिएको छ ।

### ५.१.२. समस्या तथा चुनौति

राष्ट्रिय भूउपयोग नीति २०७२ अनुसार भूउपयोग योजना र क्षेत्र निर्धारण गरी सोअनुसार बस्ती विकास र भवन तथा भौतिक विकास योजना तर्जुमा र पूर्वाधार विकास तथा संरचना निर्माण, औद्योगिक र ग्रिनबेल्टका लागि नीतिगत, कानूनी, प्रक्रियागत र प्राविधिक ढाँचा तयार हुन सकेको छैन । विपन्न र भूमिहीनहरू अझै पनि सुरक्षित आवास सुविधाबाट बञ्चित रहनु, सामुहिक आवास निर्माणमा जनचासो कम हुनु, सबै तहका सरकारहरूको यसका लागि प्रभावकारी अभियान नहुनु, जोखिमयुक्त स्थानमा बसोबासले निरन्तरता पाउनु, नमुना आदि यस क्षेत्रका मुख्य समस्याहरू हुन् । यसैगरी राष्ट्रिय भवन निर्माण आचारसंहिता पूर्ण रुपमा कार्यन्वयन नहुनु, गाउँपालिका स्तरमा भवन निर्माण मापदण्ड निर्माण नहुनु, भवन निर्माण गर्ने कामदारमा प्राविधिक क्षमता र दक्षतामा कमी हुनु, गुणस्तरीय निर्माणको सामग्री अभाव, भवन निर्माण किफायती नभई महँगो हुनु, भवन निर्माणमा प्राविधिकको रेखदेख, निरीक्षण र अनुगमनको कमी, सुरक्षित, स्वास्थ्यकर, सुविधायुक्त र वातावरणमैत्री आवास निर्माण नहुनु, गाउँपालिकाको सडक मापदण्ड बनेको भए पनि कार्यान्वयन हुन नसकोको, सामुदायिक आवास निर्माणमा जनचासो कम हुनु, जोखिमयुक्त वस्तीहरू स्थानान्तरण गरी एकीकृत वस्ती निर्माणको अवधारणा सम्वन्धी कम ज्ञान हुनु यस क्षेत्रका प्रमुख समस्याहरू हुन ।

सुरक्षित एवं एकिकृत आवास तथा वस्ती विकास गर्नु, किफायती र सुरक्षित आवास निर्माण गर्नु, स्थानीय भू-उपयोग नीति निर्माण र कार्यान्वयन गर्नु, विपन्न परिवारहरूको लागि सुरक्षित आवासको व्यवस्था गर्नु, जोखिमयुक्त र छरिएका बस्तीहरूलाई स्थानान्तरण गराई एकीकृत बस्ती निर्माण गर्नु आदि यस क्षेत्रका चुनौतीहरू हुन् ।

### ५.१.३ लक्ष्य

“सुरक्षित, सुलभ र स्वच्छ भवन आवास तथा वस्तीको निर्माण भई सबैका लागि आधारभूत आवास सुनिश्चित गर्ने”

### ५.१.४ उद्देश्य

१. एकिकृत आवास तथा व्यबस्थित बस्ति विकास गरी जोखिमयुक्त स्थानमा, अव्यबस्थित, छरिएर रहेका विपन्न र सिमान्तकृत घरपरिवारलाई व्यबस्ति गर्नु ।
२. सार्वाजानिक तथा निजि भौतिक संरचनाको उत्थानशील भवन निर्माण गर्नु ।
३. जोखिम स्थानमा रहेको बस्तीलाई सुरक्षित स्थानमा स्थान्तरण गर्नु ।

### ५.१.५ रणनीति

१. छरिएर रहेका र विपदको जोखिममा रहेका तथा सिमान्तकृत घरपरिवारलाई सुरक्षित आवासको व्यवस्था गर्ने ।

२. एकिकृत तथा सुरक्षित वस्ती विकास गर्ने ।

३. भवन निर्माण सम्बन्धी मापदण्ड र संहिता कार्यान्वयन गर्ने ।

४. गाउँपालिका क्षेत्रमा शहरी विकासका पूर्वाधारको विकास गर्ने ।

### ५.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| भवन आचारसंहिता अनुसारको आवासमा वस्ने गाउँवासी | प्रतिशत | ० | १० | २० | ३० |
| भवन आचारसंहिता अनुसार बनेका सार्वजनिक भवनहरू | प्रतिशत | १०० | १०० | १०० | १०० |
| आफनै भवनमा रहेको वडा कार्यालयहरू | संख्या | | | | |
| आफनै सभाहल भएका वडा कार्यालयहरू | संख्या | | | | |
| आधारभूत पूर्वाधारसहित व्यवस्थित बजार | संख्या | | | | |
| सार्वजनिक शौचालय | संख्या | ० | १ | २ | ३ |

### ५.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

गाउँपालिकाको उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा आवास तथा भवन उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहाय अनुसार तल प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट सीमा (रु.) | | | बजेटको श्रोत (रु.) | | |
|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार |
| २०८१/८२ | ३७८७१७३९ | २२७२३०४३ | १५१४८६९६ | ५७५७४४ | ३२६९९४५९ | ४५९६५३६ |
| २०८२/८३ | ३८४५९२०० | २३०७५५२० | १५३८३६८० | ५९८२९७ | ३३०८२७०१ | ४७७८२०२ |
| २०८३/८४ | ४१७३४७०६ | २५०४०८२४ | १६६९३८८२ | ६७०९६८ | ३६२९६७६५ | ४७६६९७३ |

### ५.१.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहाय अनुसार तल प्रस्तुत गरिएको छ :

| क.सं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | वडा कार्यालय निर्माण, कोठा थप तथा मर्मत | वडा कार्यालय भवन निर्माण गर्नु | २०८१/०८२ - २०८३/०८४ | २५४७१००० | वडा कार्यालय निर्माण भई सेवा प्रवाह प्रभावकारी हुनेछ । |
| २ | सार्वजनिक भवनहरू निर्माण | गाउँपालिकाको क्षेत्रमा सेवा प्रवाहका लागि भवन, आवास वस्ती विकास गर्नु | सालवसाली | ४०९२४८५१ | सेवा प्रदायक सार्वजनिक भवनहरू निर्माण भएको हुनेछ । |
| ३ | जग्गा विकास आयोजना | गाउँपालिकाका जग्गाहरू व्यवस्थित गर्नु | सालवसाली | ९०२९२९३ | जग्गा विकास भई वस्ती व्यवस्थित भएको हुनेछ । |
| ४ | सार्वजनिक वस पार्क स्थल निर्माण | वसपार्क निर्माण गर्नु | २०८१/०८२ - २०८३/०८४ | १८०००५५८ | सार्वजनिक बसपार्क पूर्वाधार तयार भएको हुनेछ । |
| ५ | वस्ती संरक्षण | ऐतिहासिक वस्ती संरक्षण र सम्वर्द्धन गर्नु | सालवसाली | १४००५५९५ | बस्ती संरक्षण भई पर्यटकीय आगमन बढ्नेछ । |
| ६ | आवास, भवन तथा शहरी विकास अन्य कार्य | | सालवसाली | १०६३४३४८ | भवन तथा आवसहरूको मर्मत सम्भार भएको हुनेछ । |
| | **जम्मा** | | | **११८०६५६४५** | |

### ५.१.९ जोखिम पक्ष तथा अनुमान

पूर्वाधार विकासले भूस्वरुपमा परिवर्तन हुने, बजार क्षेत्र क्रमिक रुपमा शहरीकरण भई फोहोरमैलाको विसर्जन र वातावरणीय ह्रासमा वृद्धि भई बजार क्षेत्रको सुन्दरता, हरियाली र स्वच्छतामा ह्रास आउने जोखिम रहेकोछ । सडक तथा भवनको मापदण्ड तयार हुनेछ । भूउपयोग, आवास, वस्ती विकास तथा भवन निर्माण सम्बन्धी मापदण्डको परिपालनामा अभिवृद्धि हुनेछ ।

## ५.२ सडक, पुल तथा यातायात

### ५.२.१ पृष्ठभूमि

सडक, पुल र यातायातको विकासले उत्पादकत्व बृद्धि गर्न, स्वास्थ्य र शिक्षा सेवामा पहुँच उपलब्ध गराउँदै रोजगारी सिर्जना गर्न र समग्र सामाजिक र आर्थिक विकासमा टेवा पुऱ्याउन उल्लेख्य योगदान गर्दछ। यस गाउँपालिकामा हालसम्म जम्मा ५८ कि.मि. किलोमिटर कच्ची सडक रहेको, पक्की मोटरेवल पुल नरहेको र ३ बटा झोलुङ्गे पुल प्रयोगमा आएका छन् । यी कच्ची सडकहरूको स्तर उन्नती गरी कालो पत्रे गर्ने र कतिपय स्थानमा नयाँ ट्र्याक खोली पक्की पुल र कल्भर्ट निर्माण गरी यातायातलाई सुचारु र व्यवस्थित गर्नु नितान्त जरुरी छ । जिल्लाको दक्षिणी भेगमा जगदुल्ला नलिले चारैतिरबाट घेरिएको छ । सुरुको अवस्थामा जुम्लासँग मात्र सिधा सम्पर्कमा रहेकोमा हाल जिल्लाको सदरमुकाम दुनै

सँग पनि सिधा सम्पर्क रहेको छ । हाल गाउँपालिकाका प्राय प्रत्यक टोलमा सडक संजाल पुगेको छ तापनि सार्वजाजिक यातायात सुख्य सडकमा बाहेक भित्रि कच्चि सडकमा जाने गरेका छैनन । हाल यस गाउँपालिकाका ८५ प्रतिशत नागरिकले ३० मिनेटको पैदल दुरीमा सार्वजानिक यातायतको सुविधा पाएका छन ।
गाउँपालिकाकमा सडक यातायातको विकास भएको भएता पलि पैदल मार्ग को उतिकै महत्व रहेको छ । गाउँलेहरू गाउँ बेशी गर्ने देखि लिएर घाँस दाउराका लागि जंगल जाने होस या गोठ तथा खर्कमा जाने होस पैदल मार्गको प्रयोग भई नै रहेको छ । तर ति पैदल मार्गहरू संरक्षणको अभावमा जीर्ण बन्दै गएका छन ।

### ५.२.२ समस्या तथा चूनौति

अधिकांस सडकहरू कच्ची र साँगुरा हुनु, विना योजना र प्राविधिक सहयोग विना सडक विस्तार गर्नाले भू क्षय तथा बाढी पहिरो को समस्या हुनु, वातावरणीय पक्षलाई ध्यान नदिई सडक विस्तार गर्नु, सडक यातायात बाहेक अन्य यातायातका साधनहरू नहुनु, सार्वजानिक सवारीका साधनमा वैज्ञानिक भाडादर कायम नहुनु, सडक निर्माणमा बजेट विनियोजन र संचालनमा कुशलताको अभाव र ठेक्कापट्टा व्यवस्थापनमा कमजोरी रहनु, आदि । वर्षादको समयमा यातायात संचालनमा कठिन हुनु, सडक तथा पुलहरूको गुणस्तर कमजोर हुनु, पक्की सडक निर्माणको लागत उच्च रहनु यस क्षेत्रका मुख्य समस्याहरू हुन् ।
गाँउपालिकाका महत्वपूर्ण सडकहरूको स्तर उन्नती गरी कालोपत्रे गर्न प्राविधिक र वित्तीय व्यवस्थापन गर्न, भौगोलिक विकटाका कारण वडा केन्द्रदेखि गाँउपालिका केन्द्रसम्म जोड्ने सडकको विस्तार र कालो पत्रे गर्न, वातावरणीय पक्षलाई ध्यान दिई सडक विस्तार र स्तर उन्नती गर्न, यातायातका साधनलाई व्यवस्थित र भरपर्दो बनाउन उपयुक्त भाडादर कायम गर्न, यात्रु बीमा, चालक प्रशिक्षण तालिम र पुराना सवारी साधनहरू हटाउन, निर्माण सम्पन्न र निर्माधिन सडक वातावरण मैत्री बनाउँदै नेपाल सरकारको मापदण्ड अनुसार गुणस्तर कायम गर्न, सडक मापदण्ड कायम गराउन, सडक तथा यातायात विकासको लागि जनसहभागिता जुटाउनु, सडकको सुरक्षाको लागि जनताको अपनत्वको विकास गर्नु आदि मुख्य चुनौतीका रुपमा रहेका छन् ।

### ५.२.३ लक्ष्य

सडक पूर्वाधारको दीगो रुपमा विकास र विस्तार भई गाउँपालिकाका सबै बस्तिमा सहज यातायातको सुविधा उपलब्ध भई आर्थिक तथा सामाजिक अवसरहरूमा गाँउवासीको पहुचँ वृद्धि भएको हुनेछ । (**हाम्रो सडक राम्रो सडक**)

### ५.२.४ उद्देश्य

१. दिगो, भरपर्दो, सुरक्षित, वातावरणमैत्री सडक सञ्जाल विस्तार गर्नु ।

२. सडक पूर्वाधारको उचित संरक्षण, मर्मत सम्भार तथा व्यवस्थापन गर्नु ।

### ५.२.५ रणनीति

१. गाउँवासीको आर्थिक, सामाजिक गतिविधिलाई योगदान पुग्ने गरी सडक संजाल विस्तार र सुदृढ गर्ने ।

२. अपांग मैत्री, वातावरण मैत्री तथासडक पूर्वाधारको दीगोपनाका उपायहरूको अवलम्बन गर्ने ।
३. दुर्गम गाउँ वस्तीमा आवतजावतको पहुँच वृद्धि गर्नको लागि गोरेटो बाटोको सञ्जाल विस्तार गर्ने ।

४. पर्यटकीय पदमार्गहरूको पहिचान तथा निर्माण कार्यलाई अभियानका रुपमा सञ्चालन गर्ने ।

५. सार्वजनिक, निजी तथा सामुदायिक क्षेत्रको सहभागितामा सडक संरक्षण, मर्मतसंभार तथा व्यवस्थापन गर्ने ।

### ५.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

योजना तथा कार्यक्रम र आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार तलको तालिकामा प्रस्तुत गरिएको छ :

| सूचक | एकाइ | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| कच्ची सडक | कि.मि. | ५८ | ६० | ६५ | ७० |
| ग्राभेल सडक | कि.मि. | ० | ५ | ७ | ९ |
| ढलान गरिएको सडक | कि.मि. | ० | २ | ४ | ६ |
| झोलुङ्गे पुल तथा ट्रस पुल | संख्या | ३ | ५ | ७ | १० |
| सडक बायोइन्जिनियरिङ्ग ( सडक किनारामा वृक्षरोपण) | कि.मि. | ० | ३ | ५ | १० |

### ५.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा सडक, पुल तथा यातायात उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार तल प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट सीमा (रु.) | | | बजेटको श्रोत (रु.) | | |
|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार |
| २०८१/८२ | ४६२४८८९८ | २७७४९३३९ | १८४९९५५९ | ७०३०९८ | ३९९३२५१९ | ५६१३२८१ |
| २०८२/८३ | ५०६५३५८० | ३०३९२१४८ | २०२६१४३२ | ७८८००० | ४३५७२३३८ | ६२९३२४१ |
| २०८३/८४ | ५५९१२५२५ | ३३५४७५१५ | २२३६५०१० | ८९८९०४ | ४८६२७२४५ | ६३८६३७६ |

### ५.२.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहाय अनुसार तल प्रस्तुत गरिएको छ :

| क.सं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | सडक ढलान तथा कालो पत्रे | बजार क्षेत्र र मुख्य सडक कालेपत्रे गर्नु | २०८१/०८२ - २०८३/०८४ | ८३३३०३९८ | बजार क्षेत्र र संघ तथा प्रदेशको सहयोगमा मुख्य सडक कालोपत्रे भएको हुनेछ । |
| २ | गाउँपालिका सदरमुकामसम्म जोडिने र अन्य स्थानमा ग्राभेल सडक निर्माण | यातायात सुविधा सहज बनाउनु | सालवसाली | २०७४०३६९ | गाउँपालिकासम्म सेवा लिनका लागि सहज हुनेछ । |
| ३ | पुल तथा कल्भर्ट निर्माण | आवतजावत सहजताको लागि कल्भर्ट निर्माण गर्नु | सालवसाली | २२४३७००० | पानी निकास र यातायात सुचारुको लागि पक्की पुल तथा कल्भर्टहरू निर्माण भएका हुनेछन । |
| ४ | पदमार्ग, वायो ईन्जिनियरिंग र सडक मर्मत सम्भार | गाउँपालिकाको केन्द्र समेटेर चक्रपथ निर्माण गर्नु | २०८१/०८२ - २०८३/०८४ | २६३०७२३६ | चक्रपथको रेखांकन भई ग्राभेल सडक निर्माण भएको हुनेछ । |
| | **जम्मा** | | | **१५२८१५००३** | |

### ५.२.९ जोखिम पक्ष तथा अनुमान

कुनै पनि किसिमका भौतिक निर्माण गर्दा गाउँपालिकाबाट संभाव्यता तथा वातावरणीय अध्ययन भएका आयोजना तथा कार्यक्रमलाई प्राथमिकता, उपभोक्ता तथा सरोकारवालाको सहभागितामा आयोजना व्यवस्थापन गर्न नसकिएमा अपेक्षित नतिजा हासिल नहुने जोखिम रहन्छ। त्यसैगरी बाटोघाटो लगाएतका भौतिक निर्माण गर्दा तीन तहबीच नीति तथा कार्यक्रममा सामाञ्जस्यता, समन्वय र सहकार्यमा आयोजना कार्यक्रम छनौट र कार्यान्वयन हुनेछ । विस्तृत आयोजना प्रस्ताव तयार भएका, क्रमागत, वहुवर्षीय, कार्यान्वयनका लागि तयार भएका आयोजना तथा कार्यक्रम प्रस्तावित भए अनुसार बजेट विनियोजन भई खरिद प्रक्रिया अनुसार आयोजना कार्यक्रम कार्यान्वयन भएमा सफलता प्राप्त हुनेछन् ।

## ५.३ जलस्रोत, विद्युत तथा स्वच्छ उर्जा

### ५.३.१. पृष्ठभूमि

नेपालको सन्दर्भमा समग्र विकासका लागि जलस्रोत व्यवस्थापन र विद्युतमा पहुँचले महत्वपूर्ण भूमिका खेल्दछ् । गाउँपालिकामा जलविद्युतको प्रशस्त संभावना रहेका जनदुल्ला, हुँडिखोला, स्तुलखोला, क्यामथलीखोला, टुनीखोला, तीनधारे खोला रहेका छन । गाउँपालिकाको सिमाना भएर बग्ने जगदुल्ला नदिमा १ वटा जलविद्युत आयोजना रहेकोछ जुन संचालनमा आएको हाल सम्मकै ठूला विद्युत उत्पादन आयोजना हो । यसैबाट उत्पादित विद्युत गाउँपालिका क्षेत्र भरी प्रयोगमा आएको छ ।

हाल गाउँपालिकाका सबै बस्ती तथा ब्यक्तिको घरमा विद्येत सेवा पुगेको छ। उद्योग तथा कलकारखाना नभएको र नागरिकले पानि घरमा विद्युतिय उपकरण कम प्रयोग गर्ने भएको हुँदा विद्युत खपत अति नै न्यून रहोको पाइन्छ। खाना पकाउनको लागि ०.२ प्रतिशतले विद्युत, ३.५ प्रतिशत घरपरिवारले एल पि ग्याँस र बाँकीले घरपरिवार ९५.७ प्रतिशतले दाउराको प्रयोग गर्छन। ग्रामीण बस्ती भएको कारण यस गाउँपालिकको प्रमुख खाना पकाउने इन्धनको रुपमा दाउराको प्रयोग गरेका छन्  । यहाँका करिव ३ प्रतिशत घर परिवारमा सुधारिएको चुलो प्रयोगमा आएको छ। खनिज एव वायु उर्जाको विकास भएको छैन भने ज्यादै कम घर २०० परिवारले वायो ग्याँस प्रयोग गर्छन् भने १.५ प्रतिशत घरपरिवार अन्य स्रोत प्रयोग गर्छन्  । गाउँपालिकाका केही घरमा, कार्यालयमा र सडक बत्तिका रुपमा सोलारको प्रयोग गरिएको छ।  नवीकरणीय उर्जा, परम्परागत उर्जा तथा खनिज उर्जामा आधारित उर्जाको प्रतिस्पर्धा विश्वभर बढ्दो छ। दिगो विकास लक्ष्य र नेपालको संविधानले पनि नवीकरणीय उर्जाको विकास गरी आधारभूत आवश्यकता परिपूर्ति गर्नका लागि सुपथ र सुलभ रुपमा भरपर्दो उर्जाको आपूर्ति गर्ने नीति लिएको छ।

### ५.३.२ समस्या तथा चुनौति

नेपालका अधिकांश विद्युत आयोजनाहरू खोला नाला तथा नदीमा आधारित छन् । जुन विद्युत आयोजनाहरू पानीको बहावमा आधारित छन । जलवायु परिवर्तनका कारण अतिवृष्टि, खण्डवृष्टिका साथै खोलानालामा अनियन्त्रित पानीको वहाव आउने खतरा रहेको छ। सबै वडामा नियमित रुपमा विद्युत सेवा उपलब्ध नहुनु, उपलब्ध जलश्रोतको पूर्ण सदुपयोग हुन नसक्नु, उर्जा सुरक्षामा वैकल्पिक उर्जाको योगदानको स्पष्ट लक्ष्य निर्धारण हुन नसक्नु, वैकल्पिक उर्जाको प्रवर्द्धन र विस्तारको लागि निजी क्षेत्रलाई आकर्षण गर्न नसक्नु, विद्युत सवस्टेसनको निर्माण नहुनु, विद्युत पोलहरू भरपर्दो र टिकाउ नहुनु, आदि जस्ता समस्याहरू रहेका छन् ।

नेपालमा अझै पनि नविकरणीय उर्जामा कम लगानी भएको छ। नवीकरणीय उर्जामार्फत उर्जामा पहुँच स्थापित गर्नु, ग्रामीण विद्युतीकरण सेवालाई थप विस्तार गर्नु, दाउराको प्रयोग कम गर्नु, हिँउदको समयमा उर्जा आपूर्ति गर्नु, नवीकरणीय उर्जा अन्तर्गतको सौर्य तथा वायु उर्जा उत्पादनमा निजी तथा समुदायको लगानी आकर्षित गर्नु आदि चुनौतीहरू रहेका छन् ।

### ५.३.३. लक्ष्य

जलविद्युत नियमित बनाई तथा नवीकरणीय उर्जा उत्पादन प्रयोग क्षमता र दक्षता अभिवृध्दि गरी नागरिकको दैनिक जिवनलाइ सहजता तुल्याउने ।

### ५.३.४ उद्देश्य

१. नवीकरणीय उर्जाको विकास र विस्तार गर्नु ।

२. विद्युत आपूर्तिलाई दिगो र भरपर्दो बनाउनु ।

### ५.३.५ रणनीति

१. नवीकरणीय उर्जालाई विद्युतीकरण र उद्योगको प्रयोगमा गरी रोजगार सिर्जना गर्ने

२. विद्युत आपूर्ति व्यवस्थापन दिगो र भरपर्दो बनाउने ।

### ५.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

योजना तथा कार्यक्रम र आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाइ | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| इन्धनको रुपमा विद्युत सेवा प्रयोग गर्ने घर परिवार | प्रतिशत | ०.२ | १० | १५ | २० |
| बत्तीका लागि सौर्य उर्जा प्रयोग गर्ने घरधुरी | प्रतिशत | ३९ | ४० | ४२ | ४४ |
| इन्धनका लागि दाउरामा भर पर्ने घर परिवार | प्रतिशत | ९५.७ | ९० | ८० | ७० |
| गोवर ग्याँस प्रयोग गर्ने घरधुरी | प्रतिशत | .० | १ | २ | ३ |

### ५.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

गाउँपालिकाको उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा विद्युत तथा उर्जा उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहाय अनुसार तल प्रस्तुत गरिएकोछ :

| आर्थिक वर्ष | बजेट सीमा (रु.) | | | बजेटको श्रोत (रु.) | | |
|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार |
| २०८१/८२ | १९१९७६५६ | १०५५८७११ | ८६३८९४५ | २९१८५२ | १६५७५७६३ | २३३००४१ |
| २०८२/८३ | १८१९७७६८ | १०००८७७२ | ८१८८९९५ | २८३०९६ | १५६५३७६६ | २२६०९०५ |
| २०८३/८४ | १८८९०४४६ | १०३८९७४५ | ८५००७०१ | ३०३७०१ | १६४२९०६२ | २१५७६८३ |

### ५.३.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहाय अनुसार तलको तालिकामा प्रस्तुत गरिएको छ :

| क.सं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | जल, वायु र सौर्य उर्जा विद्युत आयोजना कार्यक्रम | विद्युत आपूर्तिको व्यवस्था गर्नु | २०८१/०८२ - २०८३/०८४ | ३७८६२७६४ | गाउँवासीहरूलाई विद्युत सुविधा उपलब्ध हुनेछ । |
| २ | सौर्य उर्जा र सुधारिएको चुलो विस्तार र अनुदान कार्यक्रम | सौर्य उर्जाको क्षमता विकास गर्नु | २०८१/०८२ - २०८३/०८४ | २३७६४५३ | सौर्य उर्जा जोडिएको घरधुरीमा २४ सै घण्टा विद्युत सुविधा प्राप्त हुनेछ । |
| ३ | वैकल्पिक उर्जा तथा स्वच्छ उर्जा प्रवर्द्धन कार्यक्रम | कार्वन उत्सर्जन न्यूनीकरण गर्नु | २०८१/०८२ - २०८३/०८४ | ७५४२३५२ | कार्वन उत्सर्जन बार्षिक २५ प्रतिशतले कमी हुनेछ । |
| ४ | बजार क्षेत्रमा सोलार सडक वत्ती जडान | बजार क्षेत्र उज्यालो बनाउनु | २०८१/०८२ - २०८३/०८४ | ८५०४३०० | बजार क्षेत्र उज्यालो हुनेछ । |
| | जम्मा | | | ५६२८५८६९ | |

### ५.३.९ जोखिम पक्ष तथा अनुमान

विश्व नै जलवायु परिवर्तनको जोखिममा रहेको छ । खास गरी नेपाल जस्ता देशहरू बढी जोखिममा रहेका छन । जलवायु परिवर्तनको असर, वातावरणीय प्रभाव र स्थानीय सरोकारका विषयलाई सम्बोधन गर्न नसक्दा यसबाट अपेक्षित हासिल गर्न नसकिने जोखिम रहेको छ । उपलब्ध प्रविधिको उपयोग, बजेटको सुनिश्चिचता, निर्माण सामग्रीको सहज उपलब्धता, मानव संशाधन उपलब्ध भएमा र विपद तथा अन्य विवादको कारण आयोजनाका लागत बढ्न नगएमा उल्लेखित उपलब्धि हासिल हुनेछ ।

## ५.४ सूचना तथा संचार प्रविधि

### ५.४.१ पृष्ठभूमि

देश तथा जनताको समग्र विकासका लागि सूचनाको महत्वपूर्ण भूमिका रहन्छ। नेपालको संविधानले पूर्ण प्रेस स्वतन्त्रता, प्रकाशन तथा प्रसारण स्वतन्त्रता, सञ्चार एवं सूचनाको हकलाई मौलिक हकको रुपमा उल्लेख गरेको छ। नेपालको पन्ध्रौं आवधिक योजनाले परम्परागत अर्थतन्त्रलाई ज्ञानमा आधारित र आधुनिक बनाउन आधुनिक प्रविधि विकासको महत्वलाई आत्मसात गरेर सूचना तथा संचार प्रविधिसम्बन्धी पूर्वाधार तथा परियोजनामा ठूलो लगानी गर्नुपर्ने औंल्याएको छ। आर्थिक विकासको संवाहक एवं उत्प्रेरकको रुपमा रहेको सञ्चार तथा सूचना प्रविधि क्षेत्रलाई मर्यादित, व्यवसायिक, सक्षम र सवल बनाउने दायित्व र जिम्मेवारीका साथ अगाडि बढ्नु पर्ने खाँचो छ। दीगो विकास लक्ष्यले सबैले धान्न सक्ने गरी इन्टरनेटको पहुँचमा उल्लेख्य वृद्धि गर्ने उल्लेख गरेको छ। यस गाउँपालिका क्षेत्रमा बढोत्तरी भइरहेको सूचना प्रविधिका कारण हुलाक सेवा प्रयोग गर्नेहरूको संख्या न्यून रहेको छ भने हालसम्म यसै गाउँपालिकामा कुनैपनि पत्रपत्रिका प्रकाशन हुने गरेको छैन।

नेपाल टेलिकम र एनसेलको मोबाइल सेवा पुगेता पनि कमजोर नेटवर्कका कारण यस गाउँपालिकाका केही बस्तीका स्थानीयहरूले बेलाबेलामा सास्ती खेप्नु परेको छ। सम्पूर्ण वडा कार्यालयहरूमा इन्टरनेट सुविधा पुगेता पनि गुणस्तरीय सेवा उपलब्ध हुन सकेको छैन।

### ५.४.२ समस्या तथा चुनौती

नेपालका अधिकांश क्षेत्रमा संचार सेवा प्रदायक संस्थाहरूको संख्यात्मक वृद्धिसँगै गुणात्मक विकास हुन नसक्नु, साइबर सुरक्षाका लागि संस्थागत र प्राविधिक जनशक्तिको अभाव हुनु, गाउँपालिकाभित्र सूचना तथा संचार पहुँचको एकीकृत र अद्यावधिक विवरण तयार नहुनु र संचार माध्यमहरूलाई विश्वसनीय र जवाफदेही बनाउँदै गुणस्तरीय सेवा प्रवाह विकास गर्नुपर्ने चुनौति रहेका छन्। त्यसै गरी गाउँपालिकाका सूचनाहरू सहज तथा प्रभावकारी ढंगले स्थानीय जनसमुदायमा पुग्न सकेको छैन। यसका साथ साथै मोवाइल फोन सेवाको गुणस्तर कम, सबै स्थानमा एउटै मोवाइल कम्पननीको सिमले काम नगर्नु, रेडियो, टिभि, पत्रिका नागरिकको सहज पहुँचमा नहुँनु, पत्रपत्रिका सबै जनाताको सहज पहुचमा नपुग्नु, सबै गाउँ बस्तीमा ४ जी सेवा नपुग्नु, गाउँपालिका तथा वडा कार्यालयमा अनलाइन सेवा हुन नसक्नु, प्रत्येक वडा कार्यालयमा इन्टरनेट सेवा विस्तार नहुनु, कार्यालयको वेभसाईटलाई ब्यबस्थित गर्न नसक्नु, सस्तो र सुलभ द्रुत गतिको इन्टरनेट सुविधा सबै नागरिकको सहज पहुँचमा पुग्न नसक्नु, गाँउपालिका,

वडा कार्यालय, विद्यालय, स्वास्थ्य संस्था र अन्य सामाजिक संघ संस्थामा इन्टरनेट पूर्वाधारको कमीले छीटो छरितो ढंगले काम नहुनु यस क्षेत्रका समस्याहरू हुन ।

सूचना प्रविधिलाई सबै नागरिकको पहुँचमा पुऱ्याउनु, उपलब्ध इन्टरनेट सेवाको गुणस्तर बृद्धि गर्नु, सूचना तथा संचारको लागि आवश्यक पर्ने विद्युत सेवाको नियमित आपूर्ति गर्नु, विद्युतीय शासन प्रणाली लागू गर्नु जस्ता चूनौतीहरू यस क्षेत्रमा रहेका छन् । गाउँपालिकाले आफूले गरेका काम र अन्य आवश्यक सुचनाहरू आफ्नो क्षेत्रमा रहेका सबै जनसमुदायमा समयमै पुऱ्याउन पनि चुनौति रहेको छ ।

### ५.४.३ लक्ष्य

"सूचना तथा संचार सेवामा गुणस्तरियता कायम गरी नागरिकको पहुँच वृद्धि गर्ने"

### ५.४.४ उद्देश्य

१. सूचना तथा संचार प्रविधिलाई सुरक्षित, भरपर्दो र आकर्षण क्षेत्रको रुपमा विकास गर्ने ।
२. सरकारी तथा गैर सरकारी क्षेत्रको सेवा प्रवाहमा आधुनिक सुचना प्रविधिको प्रयोग गरी सुशासन कायम राख्ने ।
३. आम संचारमाध्यमलाई व्यवसायिक र जवाफदेही बनाउनु ।

### ५.४.५ रणनीति

१. सूचना र संचार क्षेत्रको विकासका लागि नीतिगत र कानूनी पूर्वाधार तयार गर्ने ।
२. सूचना र संचार क्षेत्रको विकासमा जोड दिने ।
३. गाउँपालिकाभित्र आम संचार माध्यमहरूलाई थप व्यवस्थित गर्ने ।

### ५.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

योजना, कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहाय अनुसार तल प्रस्तुत गरिएको छ :

| सूचक | एकाइ | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| इन्टरनेट सेवा प्रयोग गर्ने जनसंख्या (मोवाइलबाट समेत) | प्रतिशत | ६० | ६५ | ७० | ७५ |
| इन्टरनेट पुगेका वडाहरू | थप संख्या | | | | |
| टेलिफोन मोवाइल प्रयोगकर्ता | प्रतिशत | ८४.२ | ८६ | ८८ | ९० |
| सि.सि. क्यामरा जडान भएका सार्वजनिक स्थलहरू (वडा र गापा कार्यालय) | संख्या | | | | |

| सूचक | एकाइ | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| नि:शुल्क वाइफाइ जोन | संख्या | ० | १ | ३ | ६ |

### ५.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

गाउँपालिकाको उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा सूचना तथा सञ्चार उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहाय अनुसार तल प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट सीमा (रु.) | | | बजेटको श्रोत (रु.) | | |
|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार |
| २०८१/८२ | ९०७५२५५ | ४५३७६२८ | ४५३७६२८ | १३७९६६ | ७८३५८१५ | ११०१४७४ |
| २०८२/८३ | ९९४३११० | ४९७१५५५ | ४९७१५५५ | १५४६८२ | ८५५३०८९ | १२३५३४० |
| २०८३/८४ | ६३९०००३ | ३१९५००१ | ३१९५००१ | १०२७३२ | ५५५७३९९ | ७२९८७१ |

### ५.४.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहाय अनुसार प्रस्तुत गरिएको छ :

| क.सं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | कर्मचारी र जनप्रतिनिधिलाई सूचना तथा संचार सम्बन्धी क्षमता विकास | सूचना तथा संचार प्रविधिमा पहुँच वृद्धि गर्नु | सालवसाली | १९८०३४४ | गाउँपालिकामा सूचना प्रविधि सम्बन्धी दक्षता वृद्धि भएको हुनेछ । |
| २ | डिजिटल डाटा र प्रोफाईल अपडेट तथा नवीकरण र डिजिटलाईजेसन | गाउँपालिकाको तथ्यांक विद्युतिय माध्यममा राखी अपडेट गर्नु | सालवसाली | ८०२४५९७ | डिजिटल प्रोफाईल अपडेट सहित सुचारु भएको हुनेछ । |
| ३ | सूचना तथा संचार प्रविधिमैत्री शासन प्रवर्द्धन कार्यक्रम (सिसिक्यामरा जडान, वाइफाइ, डिजिटल साक्षरता, डिजिटल सेवाको गुणस्तर वृद्धि) | शासन संचालनको सूचना प्रवाह विद्युतिय माध्यमबाट गर्नु | सालवसाली | १५४०३४२७ | सूचना तथा संचार प्रविधिमैत्री शासन संचालन भएको हुनेछ । |
| | जम्मा | | | २५४०८३६८ | |

### ५.४.९ जोखिम पक्ष तथा पूर्वानूमान

उपलब्ध प्रविधिको उपयोग, बजेटको सुनिश्चिचता, दक्ष मानव संशाधन उपलब्ध भएमा र महामारी तथा अन्य अवस्था नभएमा उल्लेखित उपलब्धि हासिल हुनेछ। सो हुन नसकेमा योजनाको लक्ष्य तथा उद्देश्य प्राप्त नहुने जोखिम रहन सक्छ।

# परिच्छेद ६ : वातावरण तथा विपद व्यवस्थापन

यस परिच्छेदमा वन तथा भूसंरक्षण, वातावरण तथा फोहोरमैला व्यवस्थापन र विपद जोखिम व्यवस्थापन लगायतका उप-क्षेत्रहरूको पृष्ठभूमि, समस्या तथा चुनौति, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमान तथा जोखिम पक्षहरू समावेश गरिएको छ ।

## ६.१ वन, भूसंरक्षण तथा जैविक विविधता

### ६.१.१ पृष्ठभूमि

प्रत्येक नागरिकलाई स्वच्छ वातावरणको हक संविधानले नै प्रदान गरेको छ। प्राकृतिक स्रोतको हिसावले वन एक महत्वपूर्ण सम्पदा हो । वन, वनस्पति, वन्यजन्तु र जैविक विविधता समेट्ने यो क्षेत्र प्रत्यक्ष रुपमा पर्यापर्यटन, स्वच्छ पर्यावरण र वन तथा जडिवुटीमा आधारित उद्योगसँग गाँसिएको छ । यस क्षेत्रबाट प्राप्त हुने काठ, दाउरा, जडिबुटी, हरित उद्यम र प्रकृतिमा आधारित पर्यटनको विस्तार समृद्धिका आधार हुन् भने स्वच्छ पर्यावरण, हरियाली, जैविक विविधता, प्राकृतिक रमणीयता, समुन्नत जलाधार आदि सुखी नेपालीका महत्वपूर्ण सूचकहरू हुन् । वन, वन्यजन्तु तथा जैविक विविधताको संरक्षण र प्रवर्द्धन गरी सामाजिक, आर्थिक तथा वातावरणीय लाभ हासिल गर्ने तर्फ गाउँपालिकाको प्राथमिकता हुनु अपरिहार्य छ । गाउँपालिका क्षेत्रभित्र रहेका विभिन्न वनको संरक्षण, प्रवर्द्धन, प्रयोग, नियमन तथा व्यवस्थापनमा गाउँपालिकाको भूमिका महत्वपूर्ण हुने हुँदा सोही अनुसार नीति तथा कार्यक्रम कार्यान्वयन गर्न आवश्यक हुन्छ ।

जगदुल्ला गाउँपालिकाको कुल क्षेत्रफलको ४२.८ प्रतिशत क्षेत्रफल वनले ओगटेको छ गाउँपालिकामा जनसंख्याको बसाइसराईले बनमाथिको चाप कम हुनगई तथा जग्गा बाँझो हुनुले बनको क्षेत्रमा बृद्धि भएको पाइन्छ। यस गाउँपालिका बेशी देखि पहाडी क्षेत्र सम्म फैलिएको हुँदा जैविक विविधताले भरिपूर्ण रहेको छ । वनक्षेत्रमा साल, चिलाउने, कटुस, उत्तिस, आदि जस्ता वन पैदावार पाइन्छन् । जङ्गली जनावर तर्फ दुम्सी, बाँदर, मृग, बँदेल, स्याल, मलस्याप्रो, वन विरालो, लोखर्के आदि पाईन्छ । यस गाँउपालिकामा वटा सामुदायिक वन रहेका छन् । गाउँपालिकामा हुने विकास निर्माणका पूर्वाधारहरूको संचालन गर्दा बन क्षेत्रमा केही मात्रामा क्षेति पुगेको देखिन्छ ।

गाउँपालिकाभित्र रहेको जमिनको सही व्यवस्थापनका लागि भू-उपयोग नीति बनाई यसको कार्यान्वयनमा जोड दिनु पर्दछ। वाढीबाट हुनसक्ने सम्भावित क्षेत्रको पहिचान गरी यसको संरक्षण र रोकथामको लागि विशेष कार्यक्रमहरू सञ्चालन गर्नुपर्दछ। क्षतिग्रस्त भूमि, नदी उकास जग्गा जस्ता क्षेत्रहरूको नक्सांकन गरी व्यवस्थापकीय कार्ययोजना तर्जुमा गर्ने र भूउपयोग विकाससँग सम्बन्धित संरक्षण र विकासका

नमूना कार्यक्रमहरूको सञ्चालन गर्नुपर्दछ । जलाधार क्षेत्रको पहिचान, वर्गीकरण र प्राथमिकीकरण सम्बन्धी कार्य, जलाधार व्यवस्थापन सम्बन्धी ज्ञान, प्रविधि तथा अन्य वैज्ञानिक अध्ययन तथा प्रचार प्रसार जस्ता कार्यक्रमहरू पनि गर्नु जरुरी देखिन्छ । गाउँपालिकाको योजना तथा विकासमा अभिन्न अंगको रुपमा प्राकृतिक स्रोतको संरक्षण गर्ने कार्यलाई प्राथमिकतामा राख्नुपर्दछ । एकीकृत जलस्रोत व्यवस्थापन जस्तो जटिल कामदेखि स्थानीय तहमा प्राकृतिक स्रोतको व्यवस्थापनको लागि आवश्यक निजी क्षेत्र तथा समुदायवीच हुने सहकार्यको समन्वयको काम समेत गर्नु पर्ने जिम्मेवारी गाउँपालिकाको रहेको छ ।

### ६.१.२ समस्या तथा चुनौति

यस क्षेत्रमा रहेका वन, हरियाली र जैविक विविधताको संरक्षण र दिगो व्यवस्थापनमा यथोचित ध्यान पुग्न सकेको छैन । वातवरणीय स्वच्छता, प्राकृतिक स्रोत र साधनको समुचित उपयोग र संरक्षण हुन सकेको छैन । मिचाहा वनस्पतिको प्रकोप बढ्दै जानु, हरियाली प्रवर्द्धनको सम्बन्धी कार्य सन्तोषजनक नहुनु, जनसंख्या वृद्धि, सडक निर्माण, अतिक्रमण, समुचित व्यवस्थापनको कमी, प्राथमिकता तथा उचित लगानीको कमी प्लाष्टिक तथा सिसाजन्य वस्तुको उपयोग बढ्नु, कृषिमा प्रयोग हुने रसायन र विषादीको मापदण्डको अभाव हुनु, वातावरण सम्बन्धी काम गर्ने संघ संस्थामा समन्वय नहुनु, भूकम्पबाट क्षतिग्रस्त संरचनाहरू पूर्णतया पुनर्स्थापित भइनसक्नु, बाढी, पहिरो लगायत विपदका घटनाहरू बढ्दै जानु, जस्ता समस्याहरू रहेका छन् ।

यसैगरी भूसंरक्षण र जलाधारको सन्दर्भमा खोला, सडक किनार, सार्वजनिक जग्गा, पाखा वा क्षेत्रहरूमा पर्याप्त मात्रामा वृक्षरोपण हुन नसक्नु र भएका रुखहरूको संरक्षण गर्न नसक्नु, हरेक वर्ष वृक्षरोपण नियमित गर्ने गरिए तापनि उचित हेरचाह गर्न नसक्नु र बिरुवा हुर्कने दर न्यून र कमजोर हुनु, इन्धनको रुपमा दाउराको प्रयोग बढी मात्रमा हुनु, कृषि सडक लगायत अन्य साना पूर्वाधार निर्माणका काममा वातावरणीय अध्ययन बिना काम हुने गरेकाले वातावरणीय क्षति हुनु जस्ता समस्याहरू रहेका छन् । जल, जमिन र जंगललाई एकीकृत तथा दिगो ढंगले सञ्चालन गरी जमिनको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्नु यहाँको अर्को चुनौती रहेको छ ।

### ६.१.३ लक्ष्य

"वन तथा जैविक विविधताको संरक्षण र सदुपयोग गर्दै उत्पादकत्व अभिवृद्धि गर्ने"

### ६.१.४ उद्देश्य

१. वन, हरियाली तथा जैविक विविधताको संरक्षण र दिगो व्यवस्थापन गर्नु ।

२. काष्ठ तथा गैरकाष्ठ वन पैदावार उत्पादन र परिचालन दिगो बनाउनु ।

३. भू तथा जलाधार क्षेत्रको उत्पादनशीलतामा वृद्धि गर्नु ।

### ६.१.५ रणनीति

१. वनले ओगटेको समग्र भूगोललाई गुणस्तरका आधारमा वर्गीकरण गरी प्राथमिकताका आधारमा गुणस्तर अभिवृद्धि कार्यक्रमहरू संचालन गर्ने ।

२. वन तथा जैविक विविधतालाई एकीकृत पद्धतिबाट संरक्षण, प्रवर्द्धन गर्न पहल गर्ने ।

३. वन समितिहरूसँग गाउँपालिकाको समन्वय र साझेदारी अभिवृद्धि गर्ने ।

४. दिगो वन व्यवस्थापनलाई प्राथमिकताका साथ कार्यान्वयन गर्ने ।

५. भूमिगत पानीको जल भण्डारणमा बृद्धि गर्ने ।

### ६.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

योजना तथा कार्यक्रम र आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहाय अनुसार तल प्रस्तुत गरिएको छ :

| सूचक | एकाइ | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| कूल भूमिमा वन तथा अन्य हरियाली क्षेत्र (प्रत्येक बर्ष) | प्रतिशत | ० | १० | १० | १० |
| वृक्षारोपणबाट वृद्धि भएको हरित क्षेत्र ( प्रत्येक बर्ष) | हेक्टर | | ५ | ५ | ५ |
| नवनिर्मित उद्यान तथा हरित क्षेत्र | संख्या | १ | २ | २ | ३ |
| जैविक विविधतायुक्त संरक्षित क्षेत्र | संख्या | १ | १ | २ | २ |
| वनमा आधारित उद्योग व्यवसाय | संख्या | २ | २ | २ | २ |
| भू तथा जलाधार संरक्षण सम्बन्धी कार्यक्रम कार्यान्वयनमा आएका वडा | संख्या | ० | ३ | ५ | ६ |

### ६.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

गाउँपालिकाको उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा वन तथा भूसंरक्षण उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहाय अनुसार तल प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट सीमा (रु.) | | | बजेटको श्रोत (रु.) | | |
|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार |
| २०८१/८२ | ५९६८७२६ | २९८४३६३ | २९८४३६३ | ९०७३९ | ५१५३५५५ | ७२४४३१ |
| २०८२/८३ | ७१२९०२२ | ३५६४५११ | ३५६४५११ | ११०९०४ | ६१३२४०३ | ८८५७१५ |
| २०८३/८४ | ७९८७५०४ | ३९९३७५२ | ३९९३७५२ | १२८४१५ | ६९४६७४९ | ९१२३३९ |

### ६.१.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहाय अनुसार तल प्रस्तुत गरिएको छ :

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | वन तथा जैविक विविधता संरक्षण कार्यक्रम (मिचाहा वनस्पति र वन डढेलो नियन्त्रण लगायत) | वन तथा जैविक विविधता संरक्षण गर्नु | सालवसाली | ३४५८४२७ | गाउँपालिकामा जैविक विविधता संरक्षण हुनेछ । |
| २ | वृक्षारोपण कार्यक्रम | गाउँपालिका क्षेत्रमा हरियाली प्रवर्द्धन गर्नु | सालवसाली | १५४५७८० | एकसय रोपनीमा हरियाली वृद्धि हुनेछ । |
| ३ | जडिबुटी तथा उच्च मूल्य बिरुवा नर्सरी स्थापना | जडिबुटी र उच्च मूल्यको बिरुवा रोपण गर्नु | २०८१/०८२ - २०८३/०८४ | ४५१०९५७ | एउटा जडिबुटी र उच्च मूल्य सम्बन्धी बिरुवाको नर्सरी स्थापना हुनेछ । |
| ४ | वातावरण तथा विपद व्यवस्थापन कार्यक्रम | वातावरण तथा विपद व्यवस्थापन गर्नु | सालवसाली | ६१७०७३० | वन र विपद व्यवस्था कार्य भई समुदाय सुरक्षित हुनेछ । |
| ५ | रिचार्ज पोखरी निर्माण | जलचक्र नियमित गर्नु | सालवसाली | ५३९९३५८ | जलचक्र कायम हुनेछ । |
| | जम्मा | | | २१०८५२५२ | |

### ६.१.९ जोखिम पक्ष तथा पूर्वानूमान

जलवायु परिवर्तनको असर लगायत विभिन्न महामारी र अन्य विपद जोखिममा वृद्धि, स्रोतको अनियन्त्रित दोहन र उत्खनन तथा अनियन्त्रित निर्माण जस्ता जोखिम पक्षहरू रहेका छन् । संघीय संरचना अनुसारको नीतिगत, कानूनी र संरचनागत व्यवस्था, दक्ष जनशक्ति, समुदाय तथा सरोकारवालाको सहभागिता

सुनिश्चित भई श्रोत साधनको लगानीमा प्राथमिकता प्राप्त भएमा अपेक्षित उपलब्धि हासिल हुने पूर्वानुमान गरिएको छ ।

## ६.२ वातावरण तथा फोहोरमैला व्यवस्थापन

### ६.२.१ पृष्ठभूमि

वर्तमान समयमा दैनिक रुपमा प्रत्येक घरबाट फोहोर निस्की रहेको हुन्छ । उचित रुपमा फोहोरमैला व्यवस्थापन हुन नसकेमा यसले वातावरणमा असर गर्दछ । दैनिक रुपमा घरधुरीबाट निस्कने फोहोरको व्यवस्थापन स्थानीय स्तरमा नै हुँदै आएको छ । नेपालको संविधानले प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने मौलिक हकको समेत व्यवस्था गरेको छ । तसर्थ आफ्नो क्षेत्रभित्र वातावरण संरक्षण गर्ने जिम्मेवारी गाउँपालिकाको आफ्नै कार्य अन्तरगत पर्दछ । यसका लागि गाउँपालिकाले व्यवस्थित शहरीकरणको नीति कार्यान्वयनमा ल्याउनु पर्दछ । ध्वनि, जल, जमिन र वायुसँग सम्बन्धित प्रदुषण रोकथाम र नियन्त्रणका लागि आवश्यक मापदण्डको निर्माण गरी यसको पूर्ण पालनामा ध्यान दिन आवश्यक छ तव मात्र वातावरण संरक्षणलाई टेवा पुऱ्याउन सकिन्छ । निजी तथा गैरसरकारी क्षेत्रहरूको समन्वय एवम् सहयोगमा ढल निकास, तथा फोहरमैलाको मात्र कम गर्ने वा अस्विकार गर्ने, कम उत्पादन गर्ने, पुनः प्रयोग गर्ने, अन्य काममा पुनः प्रयोग गर्ने र प्रशोधन गर्ने 5R (Refuse, Reduce, Reuse, Repurpose and Recycle) सिद्धान्तको पूर्ण रुपमा परिपालन गरी गाउँपालिका क्षेत्रमा स्वच्छ वातावरण कायम राख्ने र फोहरमैलाको व्यवस्थापनमा गाउँपालिकाले प्रभावकारी भूमिका खेल्नुपर्ने छ ।

### ६.२.२ समस्या तथा चुनौति

गाउँपालिकाका लागि समस्या भनेको फोहोर उत्पादन हुने घरपरिवारको संख्या र बजार क्षेत्र विस्तार हुँदै जानु हो । गाउँपालिकामा फोहोरमैला वर्गीकरण र संकलनको अभ्यास नगण्य हुनाले बजार क्षेत्रमा फोहोरमैला खास गरी ठोस फोहोर बढ्दै जानु, प्लाष्टिक तथा कागजहरू जलाउने प्रचलन रहेको हुँदा जनस्वास्थ्यमा वायु प्रदूषणजन्य जोखिम हुनु, फोहोरमैलाको पुनःचक्रिय प्रयोग, निष्काशन न्यूनीकरण जस्ता काममा गाउँपालिकाको पर्याप्त ध्यान नपुग्नु, अधिकांश घरधुरी परम्परागत चुल्होको प्रयोग कायमै रहनु, गाउँपालिकाका केही विद्यालयमा सरसफाई सन्तोषजनक हुन नसक्नु समस्याहरू रहेका छन् ।

यस गाउँपालिकामा खाना पकाउने उर्जाको रुपमा दाउराको प्रयोग भै रहेको छ । खाना पकाउने ऊर्जाका लागि दाउराको प्रयोग घटाउनु, किफायती वैकल्पिक उपायहरू पहिल्याई दाउरामाथिको निर्भरता घटाउनु, शून्य फोहोरमैलाको दिशातर्फ गाउँपालिकालाई अघि बढाउन पर्याप्त ज्ञान, आवश्यक सोच, प्रविधि र जनचेतनाको व्यापक विस्तार गर्नु जस्ता चुनौतीहरू रहेका छन् ।

### ६.२.३ सोच

"स्वच्छ सफा तथा मनोरम वातावरण युक्त गाउँपालिका सिर्जना गर्ने"

### ६.२.४ उद्देश्य

१. वातावरण संरक्षणप्रतिको जिम्मेवारी, जवाफदेहिता र वातावरण संरक्षणका अभ्यासमा वृद्धि गर्नु ।

२. वातावरणीय स्वच्छता अभिवृद्धि गर्नु तथा गाउँपालिकालाई प्रदुषणमुक्त राख्नु ।

### ६.२.५ रणनीति

१. वातावरण संरक्षण र स्वच्छता अभिवृद्धिमा स्थानीय समुदायको सक्रिय सहभागिता अभिवृद्धि गर्ने ।

२. वातावरणमैत्री स्थानीय शासन प्रवर्द्धन गर्ने ।

३. वातावरण संरक्षणलाई अन्तर सम्बन्धित क्षेत्रका रुपमा स्थापित गर्ने ।

### ६.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

योजना र कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहाय अनुसार तल प्रस्तुत गरिएको छ :

| सूचक | एकाइ | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| कूल भूमिमा वन तथा अन्य हरियाली क्षेत्र (प्रतिवर्ष वृद्धि) | प्रतिशत | - | १ | २ | २ |
| वतावरणीय सरसफाइ र स्वच्छता र सुन्दरता भएका वडा | संख्या | | ६ | ६ | ६ |
| स्वच्छ, सफा विद्यालय | प्रतिशत | २० | ४० | ५० | ७० |
| व्यक्तिगत सरसफाइ/स्वच्छता कायम गर्ने जनसंख्या (प्रतिबर्ष वृद्धि) | प्रतिशत | - | १० | १५ | १५ |
| फोहोरमैला व्यवस्थापनको उचित प्रवन्ध भएका स्वास्थ्य संस्था | प्रतिशत | ३० | ४५ | ५५ | ७० |
| दैनिक सफाइ हुने बजार क्षेत्र | संख्या | १ | २ | ४ | ६ |
| फोहोरमैलाको दिगो व्यवस्थापन भएका वडा | संख्या | १ | ३ | ६ | ६ |
| घरको फोहोर घरमै व्यवस्थापनको अभ्यास भएका घरधुरी | प्रतिशत | ३० | ५० | ६५ | ७५ |
| शौचालय प्रयोग गर्ने जनसंख्या | प्रतिशत | ९७ | ९८ | ९९ | १०० |

### ६.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

यस गाउँपालिकामा उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा वातावरण तथा फोहरमैला व्यवस्थापन उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहाय अनुसार तल प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट सीमा (रु.) | | | बजेटको श्रोत (रु.) | | |
|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार |
| २०८१/८२ | ५९३३८२१ | २३७३५२८ | ३५६०२९३ | ९०२०९ | ५१२३४१८ | ७२०१९५ |
| २०८२/८३ | ६५६६२०५ | २६२६४८२ | ३९३९७२३ | १०२१४८ | ५६४८२६६ | ८१५७९१ |
| २०८३/८४ | ७१८८७५३ | २८७५५०१ | ४३१३२५२ | ११५५७३ | ६२५२०७४ | ८२११०५ |

### ६.२.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण

यस गाउँपालिकामा वातावरण तथा फोहोरमैला व्यवस्थापन गर्ने उद्देश्यले योजना गरिएका कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहाय अनुसार तल प्रस्तुत गरिएको छ :

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | बजार क्षेत्र र स्वास्थ्य संस्था जन्य फोहोरमैला व्यवस्थापन कार्यक्रम | प्लाष्टिकजन्य र हानिकारक फोहोर व्यवस्थापन गर्नु | २०८१/०८२ - २०८३/०८४ | ६९४०२३५ | प्लाष्टिकमुक्त बजार क्षेत्र र स्वास्थ्य सेवा प्रदायक संस्थाहरूमा फोहोर व्यवस्थापन हुनेछ । |
| २ | फोहोरमैला व्यवस्थापन कार्यक्रम | गाउँपालिकाको सबै क्षेत्रमा फोहोरमैला व्यवस्थित गर्नु | सालवसाली | ३१३७८४९ | स्वच्छ गाउँपालिकाको पहिचान बनाउनेछ । |
| ३ | सार्वजनिक शौचालय निर्माण र सरसफाई | | २०८१/०८२ - २०८३/०८४ | ७५६०३४५ | गाउँपालिकाको बजार क्षेत्रमा सार्वजनकि शौचालन निर्माण भएको हुनेछ । |
| ४ | वातावरणीय अध्ययन तथा जनचेतनामूलक कार्यक्रम | | सालवसाली | २०५०३५० | गाउँपालिकाको वातावरणीय अवस्था पहिचान भई सचेतनामूलक कार्यक्रम संचालन भएको हुनेछ । |
| | जम्मा | | | १९६८८७७९ | |

### ६.२.९ जोखिम पक्ष तथा पूर्वानूमान

यस गाउँपालिकामा उल्लिखित अवस्थाले गर्दा वातावरणीय संरक्षणका लागि उपलब्ध प्रविधिको उपयोग, बजेटको सुनिश्चिता, दक्ष मानव संशाधन उपलब्ध भएमा र महामारी तथा अन्य अवस्था नभएमा उल्लिखित उपलब्धि हासिल हुनेछ । सो हुन नसकेमा योजनाको लक्ष्य तथा उद्देश्य प्राप्त नहुने जोखिम रहन सक्छ ।

## ६.३ विपद जोखिम व्यवस्थापन र जलवायु परिवर्तन अनुकुलन

### ६.३.१ पृष्ठभूमि

नेपाल कमजोर भौगर्भिक तथा भूधरातलीय बनोट, मौसमी विषमता, निरन्तर दोहोरिरहने बहु-प्रकोपका घटना, अव्यवस्थित पूर्वाधार विकास एवम् जोखिम असंवेदनशील विकास निर्माण कार्य लगायतका कारण उत्पन्न विभिन्न प्राकृतिक तथा गैरप्राकृतिक विपदको अत्याधिक जोखिममा पर्ने मुलुकहरू मध्ये पनि एक हो र सोको प्रभाव यस गाउँपालिकामा पनि पर्नु स्वभाविक हो । विश्वमा भूकम्पबाट ११ औं उच्च जोखिम तथा बाढी र पहिरोबाट ३० औं जोखिमयुक्त देशको रूपमा नेपाल रहेको छ । यस गाउँपालिका पहाडि भुभाग भएको गाउँपालिका मध्ये एक हो । गाउँपालिका विभिन्न स्थानमा पहिरोले जनधनको क्षति पुर्‍याको छ । गाउँपाकिाको वडा नं ४ स्थित पहिरोले बस्ती तथा बन र खेति योग्य जमिनको क्षति पुर्‍याएको छ । तसर्थ प्राकृतिक तथा अप्राकृतिक विपद्का कारणले हुने मानवीय र भौतिक क्षतिलाई न्यूनीकरण गर्ने तर्फ गाउँपालिकको ध्यान जानु आवश्यक छ । त्यसैगरी जलवायु परिवर्तनले सवै क्षेत्रलाई असर गर्ने र ती असरहरू एक आपसमा सम्बन्धित र आधारित समेत हुने भएकोले यसको प्रभावको सामना गर्न समुदाय लगायत अन्य संस्थाहरूको अनुकूलन क्षमता अभिवृद्धि गर्नु आवश्यक छ । तसर्थ प्राकृतिक सम्पदाको दिगो व्यवस्थापन गर्ने तथा हरियाली अभिवृद्धि गर्ने जस्ता कार्यमा गाउँपालिकाको ध्यान पुग्नु जरुरी छ । यसका लागि आवश्यक नीति, कानून एवम् कार्ययोजना तथा कार्यक्रम कार्यान्वयनमा जोड् दिनुपर्दछ ।

### ६.३.२ समस्या तथा चुनौति

संघीय व्यवस्थासँगै विपद व्यवस्थापनलाई तीनै तहको अधिकारको साझा सूचीमा समेत राखेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले विपद व्यवस्थापन सम्बन्धी स्थानीय स्तरमा योजना एवं कार्यक्रमहरू तर्जुमा र कार्यान्वयन गर्ने जिम्मेवारी स्थानिय तहलाई प्रदान गरेको छ । गाउँपालिकामा स्रोतको कमीका कारण विपद जोखिम न्यूनीकरण, पूर्वतयारी र प्रतिकार्यलाई पूर्ण रूपमा मूलधारमा ल्याउने सकिएको छैन । बाक्लो वस्तीहरू रहेका गाउँहरू आगलागीको उच्च जोखिममा रहेको, खोला

किनारामा रहेका बस्तीहरू बाढीका समस्या रहेको छ । आपतकालीन व्यवस्थापनलाई नियमन नियन्त्रण गर्ने उचित संयन्त्रको स्थापना हुन नसक्नु, आपतकालीन राहत उद्दारका लागि आवश्यकता अनुरुप पहुँचको कठिनाइ रहेको, आवश्यक संख्यामा दक्ष जनशक्तिको र आपतकालीन उद्दार सामग्रीहरूको कमी हुनु, जलवायु जोखिम सामना गर्न सक्ने सामुदायिक क्षमता क्रमशः ह्रास हुँदै गएको अतिवृष्टि, अनावृष्टि, खण्डवृष्टि, बाढी पहिरो बढ्दै गएको, समयमा पानी नपर्दा खाद्य उत्पादन न्यून भएको जस्ता समस्याहरू रहेका छन् । यसका अतिरिक्त भिरालो भू-बनौट, विपद उत्थानशील पूर्वाधार विकास नहुनु, अवैज्ञानिक कृषि प्रणाली, कृषिमा रसायन र विषादीकाप्रयोग, जोखिम क्षेत्रको पहिचान नहुनु, सिमान्त भूमि तथा नदी किनाराहरूमा बस्ती बस्नु तथा खेती गरिनु, प्राकृतिकस्रोतको अवैज्ञानिक प्रयोग हुनु, जनचेतनाको कमी हुनु, नदीजन्य पदार्थको तीव्र दोहन गरिनु, स्वास्थ्य र सरसफाइसम्बन्धी जागरुकताको कमी हुनु, विपद पूर्व तयारीको कमी, भूकम्पबाट क्षतिग्रस्त संरचनाहरू पूर्णतया पुनर्स्थापित भैनसक्नु, विपदका क्षेत्रमा कार्य गर्ने संघ संस्थाहरू बीच समन्वयको अभाव आदि यस क्षेत्रका प्रमुख समस्या हुन् ।

पटक पटक बाढी, झाडापखाला, आगलागी, चट्याङ्ग जस्ता प्राकृतिक तथा मानवजन्य प्रकोपहरू घटाउनु र तिनीहरूको उचित व्यवस्थापन गर्नु, बाढीको उच्च जोखिमको न्यूनीकरण गर्नु, आवश्यक स्रोतको व्यवस्थापन गर्नु जस्ता चुनौतीहरू रहेका छन् । यसैगरी पूर्वाधार निर्माणको कार्यलाई व्यवस्थितगर्न, दिगो र उत्थानशील बनाउनु पूर्वाधरको विकास गर्न, विकास र वातावरण वीच सन्तुलन कायम गर्न, जलाधार तथा नदीनालाको संरक्षण तथा तटबन्ध निर्माण गर्न, पुर्ननिर्माणको कार्य समयमा नै सम्पन्न गर्न, विपद व्यवस्थापन सम्बन्धी संघ संस्थाहरू बीच प्रभावकारी समन्वय कायम गर्नु, जोखिमयुक्त बस्तीको स्थानान्तरण गर्नु, व्यवस्थित विपद  पूर्व तयारी गर्नु, विकास सम्बन्धी सोच र धारणामा परिवर्तन गरी विपद संवेदनशील बनाउनु आदि यसक्षेत्रका प्रमुख चुनौती हुन् । यसका अलावा गाउँपालिका भित्र रहेका सार्वजनिक क्षेत्रमा हरियाली अभिवृद्धि गर्ने जस्ता कार्यमा गाउँपालिकाको एक्लै र अन्य गाउँ/नगरपालिकाहरूसँग हातेमालो गर्दै अगाडि बढनु पर्ने चुनौती पनि रहेको छ ।

### ६.३.३ लक्ष्य

दीगो र वातावरणमैत्री विकासद्धारा जलवायू परिवर्तन र विपद व्यवस्थापन र न्यूनीकरण गर्ने ।

### ६.३.४ उद्देश्य

१. विपदजन्य घटनाको न्यूनिकरण गर्दै विपद व्यवस्थापन गर्ने ।
२. जोखिम न्यूनीकरण र पूर्नस्थापनाका लागि भरपर्दो सूचना प्रणाली र संयन्त्रको निर्माण गरी कार्यान्वयन गर्ने ।

### ६.३.५ रणनीति

१. विपदका अन्तरनिहित कारकहरूको खोजी गरी तदनुरुप न्यूनीकरणका कार्यक्रमहरू संचालन गर्ने ।

२. विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन अवधारणाहरूलाई विकास व्यवस्थापनमा मूलप्रवाहीकरण गर्ने ।

३. विपद जोखिम न्यूनीकरण व्यवस्थापनमा गाउँपालिकाको सक्रियता र संस्थागत क्षमता अभिवृद्धि गर्ने ।

४. स्थानीय परिवेश सुहाउँदो जलवायु परिवर्तन अनुकूलनका अभ्यासहरू प्रवर्द्धन गर्ने ।

### ६.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

योजना र कार्यक्रम तथा आयोजनाको अपेक्षित नतिजाको आधारमा तयार विपद जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलन उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहाय अनुसार तल प्रस्तुत गरिएको छ :

| सूचक | एकाइ | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| विगत पाँच वर्षमा विपदबाट भएको मानवीय क्षतिमा आएको गिरावट (घाइते समेत) | प्रतिशत | | | | |
| जलवायुजन्य प्रकोपहरूबाट हुने विपद जोखिमको बीमा भएका कृषक परिवारको हिस्सा | प्रतिशत | ० | ५ | १० | १५ |
| भुकम्प प्रतिरोधी आवासिय भवन | प्रतिशत | ० | ५ | १५ | २५ |
| नवीकरणीय उर्जाका प्रविधिहरू (सुधारिएको चुलो, सौर्य चुल्हो, गोवर ग्याँस) प्रयोग गर्ने घरपरिवार | प्रतिशत | १.१ | ५ | १५ | २५ |
| आपद्कालिन सामूहिक आश्रयस्थल | संख्या | ० | १ | २ | ३ |
| भवन आचारसंहिताको पालना गरी निर्माण गरिएका विद्यालय | प्रतिशत | १०० | १०० | १०० | १०० |

### ६.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

यस गाउँपालिकामा उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा विपद जोखिम व्यवस्थापन उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहाय अनुसार तल प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट सीमा (रु.) | | | बजेटको श्रोत (रु.) | | |
|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार |
| २०८१/८२ | ९७७३३५२ | ३९०९३४१ | ५८६४०११ | १४८५७९ | ८४३८५७० | ११८६२०३ |
| २०८२/८३ | ११२५६३५१ | ४५०२५४० | ६७५३८११ | १७५१११ | ९६८२७४२ | १३९८४९८ |
| २०८३/८४ | ९९८४३७९ | ३९९३७५२ | ५९९०६२८ | १६०५१९ | ८६८३४३७ | ११४०४२४ |

### ६.३.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण

यस गाउँपालिकामा विपद तथा जोखिम न्यूनिकरण गर्नका लागि गरिने कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहाय अनुसार तल प्रस्तुत गरिएको छ :

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | विपद जोखिम न्यूनीकरण क्षमता विकास तथा सामग्री व्यवस्थापन | जोखिम न्यूनीकरण क्षमता विकास र सामग्री व्यवस्थापन गर्नु | २०८१/०८२ - २०८३/०८४ | १०२६८६३८ | जोखिम न्यूनीकरण भई सामग्रीहरू तयार भएको हुनेछ । |
| २ | विपत सहायता तथा जलवायु अनुकूलन कार्यक्रम | स्थानीय बासीहरूको जलवायु अनुकूलन क्षमता विकास गर्नु | सालवसाली | १०२०६६८० | अनुकूलनका उपायहरू अवलम्वन गरी जलवायुजन्य प्रकोपसँग सामना गर्ने छ । |
| ३ | स्थानीय तह जोखिम व्यवस्थापन कोष र सिकाई केन्द्र स्थापना | विपदसँग जुध्नसक्ने क्षमता विकास गर्नु | सालवसाली | १०५३८७६५ | विपद न्यून ीकरण भएको हुनेछ । |
| | जम्मा | | | ३१०१४०८३ | |

### ६.३.९ जोखिम पक्ष तथा अनुमान

पहाडि भिरालो भुभाग भएको कारण पहिरो तथा बाढी जन्य प्रकोपका अन्तर्गत पहिरो तथा नदीले जमिन पुर्ने ढुंगा थुपारी दिने तथा कटान गर्दै लैजाने भइ खेती योग्य जमिन मरुभुमीकरण हुने जोखिम रहेको छ। जलवायु परिवर्तनको असर, आईपर्न सक्ने विभिन्न महामारी र अन्य विपद जोखिममा वृद्धि, स्रोतको अनियन्त्रित दोहन र उत्खनन तथा अनियन्त्रित निर्माण जस्ता जोखिम पक्षहरू रहेका छन् । संघीय संरचना अनुसारको नीतिगत, कानूनी र संरचनागत व्यवस्था, दक्ष जनशक्ति, समुदाय तथा सरोकारवालाको सहभागिता, उपकरण र श्रोत साधनको लगानी भएमा अपेक्षित उपलब्धि हासिल हुने अनुमान गरिएको छ। जनतालाइ सचेतना अभिवृद्धि गर्दै बाक्लो बस्ती तथा जोखिम युक्त स्थानमा रहेको बस्तीलाई व्यवस्थित गर्नुका साथै हरियाली प्रवर्धन गर्ने तर्फ अगाडि बढन सकेमा कतिपय विपद कम हुने अनुमान पनि गर्न सकिन्छ।

## परिच्छेद ७ : संस्थागत विकास तथा सुशासन क्षेत्र

यस क्षेत्रगत परिच्छेदमा नीति, कानून, न्याय तथा सुशासन, मानव संशाधन तथा क्षमता विकास, स्रोत सुदृढीकरण तथा परिचालन, तथ्याङ्क तथा योजना व्यवस्थापन जस्ता उप-क्षेत्रहरूको पृष्ठभूमि, समस्या तथा चुनौति, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमान तथा जोखिम पक्षहरू समावेश गरिएको छ ।

### ७.१ नीति, कानून, न्याय तथा सुशासन

#### ७.१.१ पृष्ठभूमि

नेपालको संविधान २०७२ र यस अनुसार बनेका कानूनहरूले स्थानीय सरकारहरूलाई आफ्नो अधिकारको क्षेत्रमा रही कार्य गर्न आवश्यक पर्ने कानूनहरू बनाउने अधिकार सुनिश्चित गरेको छ । सोही अधिकार प्रयोग गरी स्थानीय सरकारले विभिन्न कानूनहरू बनाई लागू समेत गरिसकेका छन । स्थानीय सरकारले आफ्नो क्षेत्रमा सुशासन कायम गर्नको लागि पनि नीति तथा नियम अनिवार्य हुन्छ । सुशासन विना विकास सम्भव छैन र विकास विना देशमा समृद्धि ल्याउन सकिँदैन तसर्थ दिगो विकासको आधारशिला नै सुशासन हो ।

आफ्नो अधिकार क्षेत्र भित्रको सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउनु गाउँपालिकाको उच्च प्राथमिकतामा रहेको छ । गाउँपालिकाबाट प्रवाह हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित हुनु र जनतामा आत्मसम्मानको भावना अभिवृद्धि हुनु नै सुशासनको प्रत्याभूति हुनु हो । नागरिकका सामाजिक तथा आर्थिक आकांक्षा पुरा गर्न आवश्यक ऐन कानूनहरूको निर्माण र यसको प्रभावकारी कार्यान्वयनमा गाउँपालिकाले प्रयास गर्दै आएको छ ।

#### ७.१.२ समस्या तथा चुनौति

गाउँपालिकाले आवश्यक परेका कतिपय कानून, नीति नियमहरू नबनाउनु, गाउँपालिकाले तर्जुमा गरेका ऐन, नीति, नियम, कार्यविधि तथा निर्देशिकाहरूको प्रभावकारी कार्यान्वयन नहुनु, बनेका कानून तथा कार्यविधिहरूको बारेमा गाउँबासीहरू पर्याप्तमा जानकार नहुनु, विशेषगरी लक्षित वर्गहरू आफ्नो पक्षमा बनेका नीति नियम तथा कार्यविधिहरूको बारेमा जानकार नहुनु, न्यायिक समितिको भूमिकाको बारेमा गाउँबासीहरू सुसुचित नहुनु, सुशासनको औजारहरूको बारेमा आम मानिसहरूलाई जानकारी नहुनु, यसको प्रयोग प्रभावकारी ढंगले प्रयोग नहुनु जस्ता समस्याहरू यस क्षेत्रमा रहेको छन् । त्यसैगरी संघीय

तथा प्रदेश सरकारले बनाउनु पर्ने ऐन नियमहरू समयमा नै नबन्नु एउटा अर्को समस्याको रुपमा रहेको छ ।

सम्बन्धित विषयका विज्ञहरू, सरोकारवालाहरू तथा जनताको व्यापक सहभागितामा कानूनहरूको निर्माण गर्नु, बनेका कानूनहरूको बारेमा उनीहरूलाई अनुशिक्षण गर्नु, बनेका ऐन नियमहरूको बारेमा आम मानिसहरूमा अपनत्वको भावना जागृत गर्नु र तिनीहरूको प्रभावकारी कार्यान्वयन गर्नु जस्ता प्रमुख चुनौतीहरू रहेका छन् । त्यसैगरी सुशासन प्रवर्द्धन गर्नु निकै चुनौतीपूर्ण कार्य रहेको छ । प्रविधिजन्य क्षेत्रसँग सम्बन्धित कानून बनाउनु र लागु गर्नु अझै चुनौतीपूर्ण छ ।

### ७.१.३ लक्ष्य

आर्थिक रुपमा सवल, शुसाशन, जवाफदेहिता तथा पारदर्शीता सुनिश्चित भएको शासन प्रणालीको प्रवर्द्धन गर्ने"

### ७.१.४ उद्देश्य

१. संस्थागत सुद्दिढीकरण गरी सरल, सहज र सुलभ रूपमा सेवा प्रवाहको सुनिश्चितता गर्नु ।
२. पारदर्शी, सहभागिता पूर्ण जवाफदेहि र पूर्व अनुमान योग्य शासकीय प्रणाली स्थापित गर्नु।
३. कानूनी शासनको आधार तयार गर्नु ।

### ७.१.५ रणनीति

१. गाउँपालिकालाई आवश्यक पर्ने कानून निर्माण गर्ने तर्फ आवश्यक पहल गर्ने ।

२. गाउँपालिकाहरूबाट प्रदान गरिने सेवाहरू प्रविधिमैत्री बनाउने ।

३. गाउँपालिकाबाट प्रदान गरिने सेवा तोकिएको मापदण्ड अनुसार प्रदान गर्ने ।

४. अनुगमन तथा मूल्यांकनलाई प्रभावकारी बनाउने ।

५. कानूनले दिएका अधिकार तथा जिम्मेवारी कार्यान्वयनको लागि आवश्यक कानूनहरूको निर्माण गर्ने ।

६. शासन प्रणाली, नीति तथा कानून निर्माण, निर्णय, प्रक्रिया, कार्यसम्पादन प्रक्रिया र सेवा प्रवाहलाई सहभागितमूलक र पारदर्शी बनउने ।

७. न्यायिक समितिको क्षमता अभिवृद्धि गर्ने ।

### ७.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

योजना र कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नीति, कानून तथा सुशासन उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहाय अनुसार तल प्रस्तुत गरिएको छः

| सूचक | एकाइ | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| अनुगमन तथा मूल्यांकन अनुसार सुधार भएका आयोजनाहरू | प्रतिशत | १०० | १०० | १०० | १०० |
| सम्वोधन गरिएका लिखित गुनासाहरू | प्रतिशत | १०० | १०० | १०० | १०० |
| सेवा प्रवाहमा थप भएका प्रविधिहरू | संख्या | IT | | | |
| नियमानुसार अर्थपूर्ण सहभागिता सुनिश्चित भएका कार्यक्रमहरू | प्रतिशत | | | | |
| समयमा नै प्रतिवेदन सार्वजनिक गर्ने सार्वजनिक निकायहरू | प्रतिशत | १०० | १०० | १०० | १०० |
| आयोजनाप्रति नागरिकहरूको संतुष्टीको तह | प्रतिशत | | | | |

### ७.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

यस गाउँपालिकामा नीति, कानून तथा सुशासनका लागि गरिने गाउँपालिकाको उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा नीति, कानून तथा सुशासन उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहाय अनुसार तल प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट सीमा (रु.) | | | बजेटको श्रोत (रु.) | | |
|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | आन्तरिक श्रोत | नेपाल सरकार | प्रदेश सरकार |
| २०८१/८२ | २९६६९१० | १७८०१४६ | ११८६७६४ | ४५१०४ | २५६१७०९ | ३६००९७ |
| २०८२/८३ | ३७५२११७ | २२५१२७० | १५००८४७ | ५८३७० | ३२२७५८१ | ४६६१६६ |
| २०८३/८४ | ४९९२१९० | २९९५३१४ | १९९६८७६ | ८०२५९ | ४३४१७१८ | ५७०२१२ |

### ७.१.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण

यस गाउँपालिकामा नीति, कानून, न्यान तथा सुशासन प्रवर्द्धनका लागि गरिने कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहाय अनुसार प्रस्तुत गरिएको छ :

| क.सं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | नीति तर्जुमा | गाउँपालिकाको लागि आवश्यक नीति तर्जुमा गर्नु | सालवसाली | २१४२१८८ | गाउँरपालिकाका लागि आवश्यक नीति तर्जुमा भई कार्यान्वयन भएको हुनेछ । |
| २ | गाउँपालिकाको नीति तथा कानून निर्माण प्रक्रिया र नीतिगत अभिमुखीकरण (विद्युतिय शासन सम्वन्धमा समेत) | जनप्रतिनिधि र कर्मचारीहरूलाई नीतिगत अभिमुखीककरण गर्नु | सालवसाली | १६५४८४१ | स्थानीय तहको कानूनी निर्माण प्रक्रियामा जानकार भएको हुनेछ । |
| ३ | नीति कानून सुशासन तथा न्याय प्रवर्द्धन कार्यक्रम (सर्वेक्षण, विद्युतिय सामग्री व्यवस्थापन समेत) | नीति कानूनको पालनाबाट सुशासन प्रवर्द्धन गर्नु | सालवसाली | ५४००२०६ | गाउँपालिकामा नीति कानून तर्जुमा भई सुशासन प्रवर्द्धन भएको हुनेछ । |
| ४ | अनुगमन र मूल्यांकन संयन्त्रको क्षमता विकास र प्रतिवेदन प्रकाशन | अनुगमन र मूल्यांकन कार्यलाई संस्थागत गर्नु | सालवसाली | २५१३९८२ | अनुगमन र मूल्यांकन कार्य व्यवस्थित भई संस्थागत हुनेछ । |
| | जम्मा | | | ११७११२१७ | |

### ७.१.९ जोखिम पक्ष तथा पूर्वानूमान

गाउँपालिका अन्तर्गतका स्थानीय अधिकारको प्रयोग र यसका लागि बन्ने कानून निर्माण प्रक्रियामा विज्ञहरूको उपलब्धता कम हुनु, सम्वन्धित पक्षहरूको अर्थपूर्ण सहभागिता नहुनाले नीतिहरूको प्रभावकारी कार्यान्वयन नहुने जोखिम रहन्छ । संविधान, संघीय, प्रदेश र स्थानीय नीति र कानून बमोजिम शासन सञ्चालन, सेवा प्रवाह र विकास कार्य सम्पादन हुन सकेमा र बनेका ऐन, नियम, निर्देशिका तथा कार्यविधिहरूको प्रभावकारी कार्यान्वयन भएको खण्डमा अपेक्षित नतिजा प्राप्त हुनेछ ।

## ७.२ सागठन तथा क्षमता विकास, जनशक्ति व्यवस्थापन र सेवा प्रवाह

### ७.२.१ पृष्ठभूमि

नेपालको संविधान २०७२ अनुसार देश संघीय प्रणालीमा गए पश्चात स्थानीय सरकारको रुपमा रहेका गाउँपालिका वा नगरपालिकाको नेतृत्वमा जनताबाट प्रत्यक्ष निर्वाचित प्रतिनिधिहरू रहने व्यवस्था रहेको छ । त्यसै अनुरुप गाउँपालिकाको समग्र विकास गतिविधि तथा सेवा प्रवाहको नेतृत्व जननिर्वाचित व्यक्तिहरूले गर्दछन् । त्यस कार्यको नेतृत्वको कार्यभार गाउँपालिका प्रमुखको रुपमा अध्यक्षले गर्ने व्यवस्था गरिएको छ । संविधान अनुसार कार्यपालिकाको रुपमा गाउँ कार्यपालिका, व्यवस्थापिकाको रुपमा गाउँसभा र न्यायपालिकाको रुपमा गाउपालिका उपाध्यक्षको संयोजकत्वमा रहेको न्यायिक समिति

क्रियाशिल छन् । यसै व्यवस्था अनुसार यस गाउँपालिकामा गाउँ कार्यपालिका, गाउँसभा र न्यायिक समिति रहेको राजनीतिक नेतृत्वले कार्य गरिरहेको छ ।

त्यसैगरी गाउँ कार्यपालिकाको कार्यालय तर्फ प्रमुख प्रशासकीय अधिकृतको नेतृत्वमा प्रशासनयन्त्र रहेको छ । यस गाउँपालिकामा कूल पदाधिकारी ……….जना रहेका छन् जसमा ……..जना पुरुष र जना महिला रहेका छन् । यसैगरी गाउँपालिकामा कुल …. जना तलवी कर्मचारीहरू कार्यरत रहेका छन् । जसमध्ये जना स्थायी र जना करारमा कार्यरत रहेका छन् । कुल कार्यरत कर्मचारीमध्ये गाउँ कार्यपालिकाको कार्यालय र वडामा जना र स्वास्थ्य संस्थामा जना कार्यरत देखिन्छ । यसमध्ये कूल कर्मचारीहरूमध्ये जना स्थानीय कर्मचारी र ….जना निजामती सेवाका कर्मचारीहरू रहेका छन् । यसैगरी कूल कर्मचारीहरूमा जना प्रशासनिक कर्मचारी (स्वास्थ्य सेवा सहित) हरू रहेका छन् भने जना प्राविधिक कर्मचारी रहेका छन् । कूल कर्मचारीहरूमा जना पुरुष कर्मचारीहरू छन् भने जना महिला कर्मचारीहरू कार्यरत रहेका छन् । गाउँपालिकाको कार्यबोझको आधारमा संगठन संचरना बनाई सोही अनुसार कर्मचारीको समायोजन तथा व्यवस्थापन गरी उनीहरूको कार्य जिम्मेवारी तोक्ने र तोकिएको कार्य जिम्मेवारी अनुसार कार्यसम्पादन मूल्यांकन गर्ने परिपाटीलाई संस्थागत गर्दिै आएको छ ।

गाउँपालिकाको भौतिक पूर्वाधारको पक्षलाई हेर्दा गाउँ कार्यपालिकाको प्रशासनिक भवन रहेको र अन्य ………वटा वडा कार्यालयहरू आफ्नै भवनमा सञ्चालन भईरहेको छ भने……… वडा कार्यालयहरू भाडाका तथा अन्य कार्यालयको भवनमा रही सेवा प्रदान गरिरहेका छन । यसैगरी कार्यालयहरूको नियमित कार्य सञ्चालनका लागि कम्प्युटर, ल्यापटप, प्रिन्टर र सफ्टवेयरको व्यवस्था भएको छ भने कार्यसम्पादनमा प्रभाव पार्ने यातायातको साधनको कुरा गर्दा गाडी र मोटरसाईकल रहेका छन् ।

### ७.२.२ समस्या तथा चुनौति

स्थानीय सरकारको रुपमा रहेको गाउँपालिकामा विकास गतिविधि तथा सेवा प्रवाहमा हुने दुई पक्षहरू सेवाग्राही तथा सेवा प्रवाह गर्ने पक्ष दुवै आफ्नो अधिकार र जिम्मेवारीबारे सचेत नहुनु, गाउँपालिकाको सेवा प्रवाह प्रभावकारी हुन नसक्नु, योजना तथा बजेट तर्जुमा, वित्तीय व्यवस्थापन, लेखा परीक्षण र निर्णय प्रक्रियामा आवश्यक पर्ने समावेशी सहभागिता र पारदर्शितामा कमी यहाँका प्रमुख समस्या हुन् । त्यसैगरी योजनावद्ध विकास गतिविधि तथा सेवाको न्यूनतम मापदण्ड कार्यान्वयन नगर्नु, आवश्यक स्रोत परिचालन नगर्नु, दक्षतामा कमी हुनु र संस्थागत संरचना, मानव संशाधन विकासको क्षेत्रमा निकै कमजोर अवस्था हुनुलाई पनि यस क्षेत्रको समस्याको रुपमा पहिचान गरिएको छ ।

गाउँ कार्यपालिका कार्यालय, विषयगत शाखा, वडा कार्यालय र एकाईहरूमा आवश्यकता र प्रस्तावित दरबन्दी अनुसार प्रशासनिक तथा प्राविधिक कर्मचारीहरूको व्यवस्था मिलाउनु, जनप्रतिनिधि, शाखागत तथा समग्र कर्मचारीहरूलाई आफ्नो अधिकार र दायित्वको बारेमा आत्मानुभूति गराउनु र उनीहरूको क्षमता विकास गर्नु, सबै शाखा उपशाखामा आवश्यक भौतिक पूर्वाधारको व्यवस्थापन गर्नु जस्ता चुनौतीहरू यस गाउँपालिकामा रहेका छन् । यसका अलावा निर्वाचित जनप्रतिनिधिहरूमा विषयगत दक्षता कम हुनु र उनीहरूको क्षमता विकास गरी कार्य सञ्चालन गर्नु पनि चुनौतिपूर्ण रहेको छ ।

### ७.२.३ लक्ष्य

“गाउँपालिका मातहतका कार्यालय तथा गाउँपालिका भित्रका आधिकारिक संरचनाहरूको संस्थागत क्षमता वृद्धि गर्नु”

### ७.२.४ उद्देश्य

१. गाउँ कार्यपालिका कार्यालय र मातहतका निकायहरूमा आवश्यक जनशक्ति व्यवस्थापन गर्नु ।

२. गाउँ कार्यपालिका कार्यालय र मातहतका कार्यालयहरूको भौतिक पूर्वाधारको सुधार गर्नु ।

३. गाउँपालिकाभित्र औपचारिक रुपमा रहेका विभिन्न समिति, कार्यदल तथा समूहहरूलाई सहयोग गर्नु ।

### ७.२.५ रणनीति

१. गाउँपालिकाको लागि आवश्यक पर्ने नयाँ जनशक्ति थप गर्ने ।

२. कार्यरत कर्मचारीहरूको क्षमता विकास गर्ने ।

३. गाउँ कार्यपालिकाको कार्यालय तथा यस अन्तर्गतका सबै कार्यालयहरूका लागि आवश्यक भवनहरूको व्यवस्था गर्ने ।

४. गाउँपालिकाको कार्यालय तथा मातहतका कार्यालयहरूमा सूचना प्रणाली सुदृढ गर्ने ।

५. गाउँपालिकामा रहेको उपभोक्ता समिति, कार्यदल तथा समूहहरूको सहकार्य तथा समन्वय वृद्धि गर्ने ।

६. निर्वाचित जनप्रतिनिधिहरूको विषयगत क्षमता विकासका कार्यहरू सञ्चालन गर्नु ।

### ७.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

योजना तथा कार्यक्रम र आयोजनाको अपेक्षित नतिजाको आधारमा तयार संगठन, मानव संशाधन र सेवा प्रवाह उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहाय अनुसार रहेको छ :

| सूचक | एकाइ | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| स्विकृत दरवन्दी अनुसार कर्मचारी भएका निकायहरू | प्रतिशत | | | | |
| सेवाग्राही सन्तुष्ठी दर | तह | | निम्न | मध्यम | मध्यम |
| लिसा स्वमूल्यांकनमा प्राप्तांक | सूचकांक | ९०.७५ | ९२ | ९४ | ९६ |
| दक्षता अनुसार जिम्मेवारी पाएका कर्मचारीको अनुपात | प्रतिशत | १०० | १०० | १०० | १०० |
| जिम्मेवारी अनुसार तालिम पाउने पाउने कर्मचारी | प्रतिशत | १०० | १०० | १०० | १०० |
| आफ्नै भवनमा संचालन भएका कार्यालय वा शाखाहरू | प्रतिशत | | | | १०० |
| सूचना प्रविधियुक्त कार्यालय वा शाखाहरू | प्रतिशत | | | | |
| गुनासो सुनुवाइ | प्रतिशत | १०० | १०० | १०० | १०० |
| स्थानीय कानून आ.अ. | संख्या | | | | |
| कार्यसम्पादन समीक्षा | पटक | १ | १ | १ | १ |
| उत्कृष्ठ कार्य सम्पादन पुरस्कार पाउने कर्मचारी | संख्या | नगरेको | | | |

### ७.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

गाउँपालिकाको उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा संगठन, क्षमता विकास र सेवा प्रवाह उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट सीमा (रु.) | | | बजेटको श्रोत (रु.) | | |
|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार |
| २०८१/८२ | १६९२८८४२ | १०१५७३०५ | ६७७१५३७ | २५७३६० | १४६१६८०९ | २०५४६७३ |
| २०८२/८३ | १६५०९३१५ | ९९०५५८९ | ६६०३७२६ | २५६८३० | १४२०१३५५ | २०५११३१ |
| २०८३/८४ | १६९७३४४५ | १०१८४०६७ | ६७८९३७८ | २७२८८२ | १४७६१८४२ | १९३८७२१ |

### ७.२.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण

गाउँपालिकाले आफ्नो क्षमता विकासका लागि गरिने कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहाय अनुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | जनप्रतिनिधि तथा कर्मचारीहरूको क्षमता विकास | जनप्रतिनिधि तथा कर्मचारीहरूको दक्षता वृद्धि गर्नु | सालवसाली | ५८०३७७७ | जनप्रतिनिधि र कर्मचारीहरूको क्षमता विकास भई सेवा प्रवाह प्रभावकारी हुनेछ । |
| २ | संगठन, मानव संशाधन, क्षमता विकास र सेवा प्रवाह सुदृढीकरण कार्यक्रम | स्थानीय सेवा, संगठन, मानव संशाधन र कार्य सम्पादनमा अभिवृद्धि गर्नु | सालवसाली | ३०४१६२८९ | कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली लागू भई सेवा प्रवाहको स्तरमा ५० प्रतिशतले सुधार हुनेछ । |
| ३ | कार्यालयमा प्रविधिहरूको व्यवस्थापन | प्रविधियुक्त कार्यालय बनाउनु | सालवसाली | १४१९१५३६ | कार्यालयहरूमा प्रविधि जडान भई सेवा समयमा नै प्रदान हुनेछ । |
| | **जम्मा** | | | ५०४११६०२ | |

### ७.२.९ जोखिम पक्ष तथा पूर्वानूमान

गाउँपालिकाले निर्वाचित जनप्रतिनिधि तथा गाउपालिका अन्तर्गतका कार्यालयहरूमा कार्यरत जनशक्तिहरूको क्षमता विकासका कार्यका लागि आवश्यक बजेट तथा अन्य स्रोत साधनको व्यवस्था गरी संविधान, संघीय, प्रदेश र स्थानीय नीति र कानून बमोजिम संगठन, दक्ष मानव संशाधन, सीप र दक्षतामा अभिबृद्धि भएमा अपेक्षित नतिजा हुनेछ। त्यसै गरी जनप्रतिनिधि तथा कर्मचारीहरू पनि क्षमता विकास तर्फ स्वतःस्फूर्त रुपमा अग्रसर हुन  पनि आवश्यक पर्दछ । उपरोक्त व्यवस्था हुन नसकेमा अपेक्षित नतिजा हासिल हुन नसक्ने जोखिम रहेकोछ ।

## ७.३ राजस्व तथा स्रोत परिचालन

### ७.३.१ पृष्ठभूमि

देश संघीयतामा प्रवेश गरे पश्चात वित्तीय संघीयताको मान्यता अनुसार स्थानीय सरकारलाई विभिन्न कर तथा गैर करहरू लगाउने र उठाउने अधिकार संविधानले नै दिएको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ दफा ५५ देखि ६८ सम्म स्थानीय तहले प्रयोग गर्न पाउने आर्थिक अधिकार एवं यसको सीमा समेत निर्धारण गरेको छ। अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले स्थानीय तहले लगाउन पाउने कर, संकलन गर्न सक्ने राजस्व, प्राप्त गर्ने अनुदान, राजस्व बाँडफाँट तथा आर्थिक सहयोग सम्बन्धमा स्पष्ट व्यवस्था गरेको छ । यिनै संबैधानिक र कानूनी प्रावधान अनुसार स्थानीय

तहले आफ्नो अधिकार क्षेत्रभित्र राजस्व संकलन, बजेट तर्जुमा र कार्यान्वयन गर्न सक्ने हुँदा यसलाई अझ व्यवस्थित र पारदर्शी ढंगबाट अधिकारको प्रयोग हुने अवस्था निर्माण गर्न आवश्यक रहेको छ। राजस्व सुधार कार्ययोजना तर्जुमा नभएकोले करको दर तोकिएको भएता पनि करको दायरा बढाउन जरुरी रहेको छ।

### ७.३.२ समस्या तथा चुनौति

स्थानीय सरकारले आफनो क्षेत्रको विकासका लागि स्थानीय स्तरबाटै आयस्रोतको संकलन गर्नु पर्ने हुन्छ। यस गाउँपालिकामा राजस्व संकलनको सम्भावना रहे तापनि आवश्यक सूचना प्रविधिमैत्री राजस्व संकलन व्यवस्था, कार्यविधि तथा मापदण्ड, कर्मचारीको अभाव जस्ता कारणले गर्दा सम्भावनाको न्यून राजस्व मात्र संकलन भइरहेको छ। विषय क्षेत्रगत रूपमा बजेट विनियोजन सन्तुलित नभएको र रोजगार, उत्पादनमूलक, सामाजिक क्षेत्र तथा आयमूलक आयोजना तथा कार्यक्रममा लगानी अपेक्षाकृत रुपमा कमजोर रहेको छ। राजस्व सुधार कार्ययोजना तयार नभएको र करको दर र करको दायरामा अध्ययन नभएकोले स्थानीय राजस्व संकलन व्यवस्थित हुन सकेको छैन। कर शिक्षा संचालन भएको छैन र स्थानीय करदाताहरूलाई गाउँपालिकाले कर भुक्तानीमा आकर्षित गर्न चुनौति रहेको छ। भने गाउँपालिकाको कार्यसञ्चालन आन्तरिक स्रोतबाटै गर्नु पर्ने अर्को चुनौती पनि रहेको छ।

### ७.३.३ लक्ष्य

"गाउपालिकाको आन्तरिक आय थप सवल, व्यवस्थित र अनुमानयोग्य बनाउने"

### ७.३.४ उद्देश्य

१. राजस्व प्रशासन थप सक्षम तथा करदातामैत्री बनाउनु।

२. आन्तरिक राजस्व परिचालन वृद्धि गर्नु।

### ७.३.५ रणनीति

१. राजस्व प्रशासनको सुदृढिकरण गर्ने र करदातामैत्री बनाउने।

२. करदाता र गाउँपालिकाबीच सम्बन्ध सुदृढ गर्ने।

३. करको दर भन्दा पनि करदाताको दायरा वृद्धि गर्ने।

४. सरोकारवालाहरूसँग समन्वय र सहकार्य वृद्धि गरी करका दरहरू निर्धारण गर्ने।

### ७.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

योजना र कार्यक्रम तथा आयोजनाको अपेक्षित नतिजाको आधारमा तयार राजस्व तथा स्रोत परिचालन उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहाय अनुसार रहेको छ :

| सूचक | एकाइ | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| प्रतिव्यक्ति बार्षिक बजेट लगानी | रु. | १४११८ | १६१८९ | १७७७२ | १९०२६ |
| आन्तरिक आयको हिस्सा | प्रतिशत | १ | ३ | ५ | ७ |
| कुल बार्षिक बजेट | रु.हजारमा | ३४१५०९ | ३८९४०३ | ४२७४७८ | ४५७६३९ |
| कुल बजेटको अनुपातमा संघीय र प्रादेशिक सरकार मार्फत प्राप्त अनुदान | प्रतिशत | ७७.२१ | ७६ | ७५ | ७४ |
| कुल बजेटको अनुपातमा राजश्व बाडफाडबाट प्राप्त रकम | प्रतिशत | १२.६१ | १५ | १८ | २० |
| मासिक रूपमा वडाको आम्दानी र खर्च सार्वजनिक गर्ने वडाहरू | प्रतिशत | ३० | ५० | ७० | १०० |
| कर योग्य करदाता मध्ये करमा आवद्ध करदाताहरू | थप प्रतिशत | १० | २० | ३० | ४० |
| राजस्व सुधार कार्ययोजना | संख्या | १ | १ | १ | १ |
| राजस्व प्रशासनप्रति नागरिकको संतुष्टी | तह | मध्यम | उच्च | उच्च | उच्च |
| आन्तरिक राजस्व वृद्धि दर | प्रतिशत | १० | १५ | २० | २५ |

### ७.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

गाउँपालिकाको उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा तयार राजस्व तथा स्रोत परिचालन उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार रहेको छ :

| आर्थिक वर्ष | बजेट सीमा (रु.) | | | बजेटको श्रोत (रु.) | | |
|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार |
| २०८१/८२ | २९६६९१० | १४८३४५५ | १४८३४५५ | ४५१०४ | २५६१७०९ | ३६००९७ |
| २०८२/८३ | ३३७६९०५ | १६८८४५३ | १६८८४५३ | ५२५३३ | २९०४८२३ | ४१९५४९ |
| २०८३/८४ | ३९९३७५२ | १९९६८७६ | १९९६८७६ | ६४२०७ | ३४७३३७५ | ४५६१७० |

### ७.३.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण

गाउँपालिका अन्तर्गतका कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको राजस्व तथा स्रोत परिचालन उपक्षेत्रको संक्षिप्त विवरण देहाय अनुसार प्रस्तुत गरिएको छ :

| क.सं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | राजस्व संकलन सप्ताह तथा जनचेतना कार्यक्रम | राजस्व संकलन वृद्धि गर्नु | सालवसाली | २०८७७१८ | स्थानीय राजस्व सम्बन्धी सचेतना भई राजस्व संकलन वृद्धि हुनेछ । |
| २ | राजस्व सुचना व्यवस्थापन तथा सुदृढीकरण कार्यक्रम | आन्तरिक तथा बाह्य स्रोत परिचालनमा वृद्धि गर्नु | सालवसाली | २५४२२९२ | आन्तरिक तथा वाह्य स्रोत परिचालनमा वृद्धि हुनेछ । |
| ३ | राजस्व सुधार योजना, सफ्टवेयर जडान, तथ्यांक संकलन र विश्लेषण | राजस्व संकलन प्रक्रियालाई व्यवस्थित गर्नु | सालवसाली | ५७०७५५८ | राजस्व संकलन प्रक्रिया र परिचालन व्यवस्थित हुनेछ । |
| | जम्मा | | | १०३३७५६८ | |

### ७.३.९ जोखिम पक्ष तथा पूर्वानूमान

संविधान, संघीय, प्रदेश र स्थानीय नीति र कानून बमोजिम तिनै तहका सरकार, गैसस, समुदाय, सहकारी र निजी क्षेत्र बीचको समन्वय, स्रोत साधन, प्रविधि र दक्ष मानव संशाधन परिचालन नभएमा उपलव्धी हासिल गर्न जोखिम रहने छ। त्यसैगरी स्थानिय जनतासँगबाट संकलन गरेको राजस्व स्थानीय स्तरको विकास निर्माणमा नै खर्चको अनुभूति स्थानीय जनसमुदायमा नभएमा वा करको दर अनपेक्षित रुपमा बढी भएमा पनि उपलब्धी हासिल नहुने जोखिम विद्यमान नै हुन्छ । अपेक्षित नतिजा प्राप्तिका लागि तीनै तहका सरकारबीच समन्वय, स्थानीय जनताको सहभागिता, कर्मचारीको दक्षता र जनप्रतिनिधिहरूको क्रियाशिलताले सहयोग गर्नेछ ।

## ७.४ तथ्यांक प्रणाली र योजना तथा विकास व्यवस्थापन

### ७.४.१ पृष्ठभूमि

गाउँपालिकाको विकासलाई दिगो, समावेशी तथा उत्थानशील बनाउने ध्येयका साथ गाउँपालिकाले बार्षिक बजेट तथा कार्यक्रम तयार गरी कार्यान्वयन गरिरहेको छ । गाउँपालिकाको समष्टिगत विकासलाई मार्गदर्शन गर्न आवधिक योजना र मध्यमकालीन खर्च संरचना मार्फत प्राथमिकता क्षेत्र तथा आयोजना र कार्यक्रममा स्रोत सुनिश्चित गर्ने र मध्यमकालीन खर्च संरचना अनुसार बार्षिक बजेट तथा कार्यक्रम

तर्जुमा गरी सार्वजनिक वित्त व्यवस्थापन र नतिजामुखी विकास पद्धति कार्यान्वयनमा ल्याउन उपयुक्त हुन्छ ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ६ मा स्थानीय सरकारहरूको योजना तर्जुमा तथा कार्यान्वयन सम्बन्धी व्यवस्था रहेको छ। सो ऐनको दफा २४ (१) मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीय स्तरको विकासको लागि आवधिक, वार्षिक, रणनीतिगत, विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालिन विकास योजना बनाई लागू गर्नुपर्नेछ भन्ने व्यवस्था रहेको छ । सोही दफाको उपदफा २ मा स्थानीय तहले योजना बनाउँदा ध्यान दिनुपर्ने विषयहरू उल्लेख गरिएको छ भने उफदफा ३ मा योजना बनाउँदा प्राथमिकता दिनुपर्ने विषयहरूको सूची रहेको छ । गाउँ सभाबाट न्यायिक समिति, विधायन समिति, लेखा समिति र कार्यपालिकाबाट योजना तर्जुमा, शिक्षा, स्थानीय विपद व्यवस्थापन लगायत विषयगत समिति गठन भई क्रियाशिल उन्मुख छन् । साथै सेवाग्राही तथा लक्षित समुदाय र नागरिक समाजको समेत सहभागितामा सहभागितामूलक योजना तर्जुमाको अभ्यास गरी गाउँसभाबाट स्वीकृत नीति तथा बजेट र कार्यक्रमलाई बजेट पुस्तिका, वेवसाइट र सूचना पाटीमार्फत् सार्वजनिक गर्ने अभ्यास भइरहेको छ। नवनिर्वाचित जनप्रतिनिधिहरूको गाउँपालिकाको समग्र विकासका लागि लगनशिलता र प्रतिवद्धता रहेको छ भने कर्मचारीहरूबाट नीतिसंगत विकास र स्थानीय सरकारको अधिकार क्षेत्रबाट विकास प्रक्रियालाई अगाडी बढाउन क्रियाशिल रहेका छन् । गाउँपालिकाको तथ्यांक व्यवस्थापन प्रभावकारी बनाउन आवश्यक रहेको छ ।

### ७.४.२ समस्या तथा चुनौति

शासन सञ्चालन, योजनाबद्ध विकास र मापदण्ड अनुसार सेवा तथा सुविधा प्रवाह गर्न आवश्यक स्रोत परिचालन र दक्षतामा कमी रहेको छ। योजना तथा बजेट तर्जुमा, वित्तीय व्यवस्थापन, लेखा परीक्षण र निर्णय प्रक्रियामा समावेशिता, सहभागिता र पारदर्शितामा सुधार गर्नुपर्ने प्रर्याप्त स्थान छन् । गाउँपालिकाको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, प्राथमिकता तथा रणनीतिसहित आवधिक योजना तयार भएपनि गाउँपालिकाको विकासको अग्रणी क्षेत्रहरूको गुरुयोजना तर्जुमा हुन सकेको छैन । सेवा प्रवाह र कार्यसम्पादनमा अन्तर सरकार, निजी क्षेत्र र गैसस र समुदायमा आधारित संस्थासँग संयन्त्रको विकास गरी प्रभावकारी समन्वय, सहकार्य र साझेदारी हुन सकेको छैन । प्रचुर सम्भावनाका बाबजुद निजी क्षेत्र र गैर सरकारी क्षेत्रसँगको साझेदारीलाई अपेक्षाकृत परिचालन गर्न सकिएको छैन ।

### ७.४.३ लक्ष्य

“विकास गतिविधिलाई वढीभन्दा वढी नतिजामुखी बनाउने”

### ७.४.४ उद्देश्य

१. गाउँपालिकाको विकास गतिविधि समावेशी, सहभागितामूलक र पारदर्शी बनाउनु ।

२. अनुगमन तथा मूल्यांकन विश्वसनीय र भरपर्दो बनाउनु ।

### ७.४.५ रणनीति

१. योजना प्रक्रिया सरल तथा नागरिकमैत्री बनाउने ।

२. गैसस, निजी क्षेत्र, समुदायमा आधारित संस्थासंगको समन्वय र साझेदारीमा अभिवृद्धि गर्ने ।

३. योजना तर्जुमा, कार्यान्वयन र अनुगमनलाई सूचनामा आधारित सहभागितामूलक र नतिजामूलक बनाउने ।

### ७.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

योजना र कार्यक्रम तथा आयोजनाको अपेक्षित नतिजाको आधारमा तयार योजना तथा विकास व्यवस्थापन उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तल प्रस्तुत गरिएको छ :

| सूचक | एकाइ | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| समावेशी सहभागितामा सम्पन्न भएका आयोजनाहरू | प्रतिशत | | | | |
| तोकिएको नतिजा हासिल भएका आयोजनाहरू | प्रतिशत | | | | |
| समयमा नै सम्पन्न आयोजनाको अनुपात | प्रतिशत | | | | |
| नियम अनुसार अनुगमन प्रतिवेदन भएका परियोजना/ कार्यक्रम | | | | | |
| समुदाय, सहकारी, निजी क्षेत्र, गैसस, सहयोगी र नागरिक समाज संस्थाको लगानी अंश | प्रतिशत | | | | |

### ७.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

गाउँपालिकाको उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा तथ्यांक प्रणाली र योजना तथा विकास व्यवस्थापन उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहाय अनुसार तल प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट सीमा (रु.) | | | बजेटको श्रोत (रु.) | | |
|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार |
| २०८१/८२ | २९६६९१० | १७८०१४६ | ११८६७६४ | ४५१०४ | २५६१७०९ | ३६००९७ |
| २०८२/८३ | २८१४०८८ | १६८८४५३ | ११२५६३५ | ४३७७८ | २४२०६८५ | ३४९६२५ |
| २०८३/८४ | २३९६२५१ | १४३७७५१ | ९५८५०० | ३८५२४ | २०८४०२५ | २७३७०२ |

### ७.४.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको योजना तथा विकास व्यवस्थापन उपक्षेत्रको संक्षिप्त विवरण देहाय अनुसार तल प्रस्तुत गरिएको छ :

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | तथ्यांक प्रणाली सम्बन्धी सामग्री जडान र परिचालन | गाउँपालिकाको तथ्यांक व्यवस्थित गर्नु | सालवसाली | २६०४३७२ | गाउँपालिकाको सम्पूर्ण तथ्यांक व्यवस्थित भएको हुनेछ । |
| २ | तथ्याङ्क, योजना तथा विकास व्यवस्थापन कार्यक्रम | गाउँपालिकाको प्रगति समीक्षा गर्नु | सालवसाली | ३६३९१४१ | आवधिक रुपमा गाउँपालिकाको प्रगति समीक्षा भएको हुनेछ । |
| ३ | विषयगत गुरुयोजना, आयोजना बैंक, मध्यमकालीन खर्च संरचना तयारी र समीक्षा | | सालवसाली | १९३३७३६ | गाउँपालिकाका विकास गतिविधिहरू प्रक्रियागत रुपमा अगाडी बढेको हुनेछ । |
| | जम्मा | | | ८१७७२४९ | |

### ७.४.९ जोखिम पक्ष तथा पूर्वानूमान

सूचना तथा जानकारीलाई संस्थागत गर्ने सम्वन्धमा दक्ष जनशक्तिको अभावमा तथ्यांक व्यवस्थापन र विश्लेषण नहुने जोखिम रहेको छ । संविधान, संघीय, प्रदेश र स्थानीय नीति र कानून बमोजिम तिनै तहका सरकारका निकायहरू र गैसस, समुदाय, सहकारी र निजी क्षेत्र बीचको समन्वय, स्रोत साधन, प्रविधि र दक्ष मानव संशाधन सहज उपलब्ध भएमा अपेक्षित नतिजा हुनेछ ।

# अनुसूची १ : मध्यमकालीन खर्च संरचना तर्जुमा सम्बन्धी कार्यदल

| क.सं. | समितिका पदाधिकारी | | जिम्मेवारी |
|---|---|---|---|
| १. | श्री | प्रमुख प्रशासकीय अधिकृत | - संयोजक |
| २. | श्री | प्रमुख, शिक्षा शाखा | - सदस्य |
| ३. | श्री | प्रमुख, स्वास्थ्य शाखा | - सदस्य |
| ४. | श्री | प्रमुख, लेखा शाखा | - सदस्य |
| ५. | श्री | प्रमुख, कृषि शाखा | - सदस्य |
| ६. | श्री | प्रमुख राजस्व शाखा | - सदस्य |
| ७. | श्री | प्रमुख, महिला विकास शाखा, | - सदस्य |
| ८. | श्री | प्रमुख, रोजगार शाखा | - सदस्य |
| ९. | श्री | प्रमुख, पंजीकरण शाखा | - सदस्य |
| १०. | श्री | प्रमुख, प्राविधिक शाखा | - सदस्य |
| ११. | श्री | प्रमुख, जिन्सी शाखा | - सदस्य |
| १२. | श्री | प्रमुख, सहकारी शाखा | - सदस्य |
| १३. | श्री | प्रमुख, योजना शाखा | - सदस्य सचिव |